
# हाम्रो पञ्चेश्वर

## आधारभूत तह कक्षा (१-८) को स्थानीय पाठ्यक्रम, २०८०



## पञ्चेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

आम्चौरा, बैतडी

आधारभूत तह कक्षा (१-८) को स्थानीय पाठ्यक्रम, २०८०

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी

# हाम्रो पञ्चेश्वर

## आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम, २०८०

पञ्चेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

आम्चौरा, बैतडी

प्रकाशक : पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी

प्रमुख सल्लाहकार समिति

१. श्री गोरख बहादुर चन्द (गाउँपालिका अध्यक्ष) - संयोजक
२. श्री बिना भट्ट (गाउँपालिका उपाध्यक्ष) - सदस्य
३. श्री कृष्ण बहादुर बोहरा (प्रमुख प्रशासकीय अधिकृत) - सदस्य
४. श्री नवराज जोशी (आर्थिक प्रशासन शाखा प्रमुख) - सदस्य

पाठ्यक्रम निर्माण/लेखन कार्यदल

१. श्री माहामल सिंह घटाल (शिक्षा अधिकृत ) - संयोजक
२. श्री मोती सिंह मंगोला (क्याम्पस प्रमुख नवप्रभात संयुक्त क्याम्पस) - सदस्य
३. श्री नरेन्द्र सिंह साउँद (प्रधानाध्यापक डुग्रीखान मावि ) - सदस्य
४. श्री शुक्र बहादुर चन्द (प्रधानाध्यापक देवथला मावि ) - सदस्य
५. श्री प्रमानन्द भट्ट (माध्यमिक शिक्षक नागार्चन मावि ) - सदस्य
६. श्री कृष्ण सिंह जोशी (प्रधानाध्यापक सुन्दरपुर आवि ) - सदस्य
७. श्री पदम चन्द (प्राथमिक शिक्षक जवलपुर मावि ) - सदस्य
८. श्री यतिस तिवारी (प्राविधिक सहायक) - सदस्य सचिव

कम्पुटर टाइपिङ तथा डिजाइन : श्री हिम्मत बहादुर चन्द (सहायक कम्प्युटर अपरेटर)
©सर्वाधिकार : पञ्चेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आम्चौरा, बैतडी
प्रथम संस्करण : २०८०
मिति २०८०।०३।०१ को बैठकबाट स्वीकृत

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई औपचारिक शिक्षाको आधारभूत र प्रारम्भिक चरणको रुपमा लिइन्छ । पाठ्यक्रम औपचारिक शिक्षा पद्धतिको एक प्रमुख अङ्ग हो । पाठ्यक्रमले शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्ने मार्गदर्शनका रुपमा काम गर्दछ । औपचारिक शिक्षा पद्धतिको मेरुदण्डका रुपमा भूमिका खेल्ने पाठ्यक्रमले समय सापेक्ष रुपमा मानवीय आवश्यकता पुरा गरी जीवनोपयोगी सीपको विकास, व्यवहारकुशल सीप विकास, नैतिक मूल्य मान्यताको संरक्षण, सक्षम नागरिक तयार गरी वास्तविक समस्याहरु सामाधान गर्न दक्षताको विकास गर्दछ । पाठ्यक्रमले तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, पठनपाठनका लागि आवश्यक विषयवस्तु, सिकाइ सहजीकरण क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन जस्ता पक्षहरु समेटी औपचारिक शिक्षा प्राप्त गर्न मार्गदर्शन गर्ने भएकोले गुणस्तरीय शिक्षा प्राप्तिमा यसको महत्वपुर्ण योगदान रहेको छ ।

विश्व जगतमा दिन प्रतिदिन नयाँ-नयाँ ज्ञान, सीप र प्रविधिको आविष्कार भइरहेको वर्तमान परिवेशमा एकातिर नवीनतम ज्ञान, सीप र प्रविधिलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने अवस्था छ भने अर्कातर्फ राष्ट्रिय र स्थानीय स्तरमा उपलब्ध भएका तर उचित प्रयोगमा आउन नसकेका विषयवस्तुलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने अवस्था छ । यसरी स्थानीय महत्वका विषयवस्तुलाई पनि प्रोत्साहन र संरक्षण गरी उचित लाभ प्राप्त गर्ने मान्यतालाई स्वीकार गरी स्थानीय पाठ्यक्रम विकास गरिन्छ ।

स्थानीय ज्ञान, सीप, भाषा, संस्कृति, परम्परा, प्राकृतिक वातावरण आदिको उचित संरक्षण र प्रवर्द्धन हुन नसकेमा यिनीहरु लोप हुने र स्थानीय पहिचान समेत गुम्ने अवस्था आउन सक्छ । यसरी विश्वव्यापीकरण र राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय पेशा, संस्कृति, भाषा, सामाजिक पहिचान आदि स्थानीय विषयवस्तुहरुको वर्तमान अवस्था र भविष्यका सम्भावनाहरुलाई समेत समेटी पाठ्यक्रमलाई स्थानीयकरण गर्ने अन्तराष्ट्रिय अभ्यासलाई समेत आत्मसात गर्न राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षाको कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० कार्यघण्टाको मातृभाषिक सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ कार्यघण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरेको छ । यसरी राष्ट्रिय पाठ्यक्रम प्रारुपले गरेको नीतिगत व्यवस्था अनुसार स्थानीय पाठ्यक्रमको निर्माण, कार्यान्वयन, अनुगमन र परिमार्जन जस्ता कार्यमा गाउँपालिकाको महत्वपूर्ण भूमिका रहने भएकाले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था भरपर्दो देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले मुलुकको सङ्घीय संरचना, विविधता र शासकीय स्वरुपलाई सम्बोधन गर्न स्थानीय तहले स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने नीतिगत व्यवस्था गरेअनुसार पञ्चेश्वर गाउँपालिकाले पनि स्थानीय परिवेश सुहाँउदो ७ वटा विषयक्षेत्रलाई समावेश गरी पञ्चेश्वर गाउँपालिकाको स्थानीय पाठ्यक्रम 'हाम्रो पञ्चेश्वर' तयार पारेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्देश गरेको नीति, सैद्धान्तिक आधार र आधारभूत शिक्षाको (कक्षा १-८) राष्ट्रिय पाठ्यक्रम संरचना तथा सिद्धान्तहरु

अवलम्वन गरी यो पाठ्यक्रम तयार पारिएको छ । पञ्चेश्वर गाउँपालिकाको स्थानीय पाठ्यकम 'हाम्रो पञ्चेश्वर' शैक्षिक सत्र २०८० बाट पञ्चेश्वर गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरुमा कार्यान्वियन गर्ने गरी पञ्चेश्वर गाउँ कार्यपालिकाको मिति २०८० असार १ गतेको बैठकबाट स्वीकृत गरिएको हो । आधारभूत तह (कक्षा १-८) मा स्थानीय विषयको रिक्ततालाई परिपूर्ति गर्न पञ्चेश्वर गाउँपालिका अन्तर्गतका विद्यालयहरुले यो पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्ने अपेक्षा लिइएको छ । सीमित स्रोत साधन र जनशक्तिका बाबजुद सरोकारवाला सबै र स्थानीय विषय विज्ञ तथा जनशक्ति परिचालन गरी पञ्चेश्वर गाउँपालिकाको स्थानीय पाठ्यक्रम विकास गरिएको हो । छोटो समयमा सीमित स्रोत, साधन र जनशक्ति परिचालन गरी पाठ्यक्रम निर्माण गर्दा कुनै त्रुटिहरु भएका हुन सक्छन । पाठ्यक्रम गतिशील दस्तावेज भएकोले आगामी दिनहरुमा थप सुधार र परिमार्जनका लागि सरोकारवाला सबै विज्ञ महानुभावहरुले त्रुटिहरु औल्याएर सकारात्मक भूमीका खेल्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ । पाठ्यक्रम निर्माणमा अमूल्य सल्लाह सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने निर्वाचित जनप्रतिनिधि, सम्बन्धित विषय विज्ञ, प्राविधिक कार्यदलका सदस्यहरु, प्राविधिक समितिमा रहेर महत्वपूर्ण योगदान पुऱ्याउनुहुने शिक्षक, प्रधानाध्यापक, कर्मचारी तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउनुहुने सबैप्रति आभार प्रकट गर्दै सम्बन्धित क्षेत्रबाट रचनात्मक सल्लाह, सुझावको अपेक्षका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछौ ।

२०८०
पञ्चेश्वर गाउँपालिका
बैतडी

# विषयसूची

## परिचय खण्ड


१.पाठ्यक्रमको परिचय

२.स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भ र औचित्य

३.स्थानीय पाठयक्रम निर्माणको कानुनी आधार १

४.स्थानीय पाठयक्रम विकास तथा निर्माण प्रक्रिया २

५.स्थानीय पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरु २

६.आधारभूत तह (कक्षा १ - ८) स्थानीय पाठ्यक्रम, संरचना, २०८० ३

७.आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रमका सक्षमताहरु ३

८.शिक्षण सिकाइका लागि माध्यम भाषाको छनौट ४

९.पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया ४

१०.पाठ्यक्रम परिमार्जन र सुधार ४


## खण्ड क

आधारभूत तह (कक्षा १-३) को स्थानीय पाठ्यक्रम, 'हाम्रो पञ्चेश्वर' २०८०


१. आधारभूत तह (कक्षा १-३) को स्थानीय पाठयक्रमको संरचना ५

२.आधारभूत तह (कक्षा १-३) को स्थानीय पाठ्यक्रमका सक्षमताहरु ५

३.स्थानीय पाठ्यक्रमको विषय क्षेत्रगत पाठ्यभार निर्धारण ५

४.कक्षागत सिकाइ उपलब्धिहरु ६

५.विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण ८

६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया २५

७. मुल्याङकन प्रक्रिया २६

अनुसूचीहरु ______ २९

## खण्ड ख

आधारभूत तह (कक्षा ४-५) को स्थानीय पाठ्यकम, 'हाम्रो पञ्चेश्वर', २०८०


१. आधारभूत तह (कक्षा ४-५) को स्थानीय पाठयक्रमको संरचना ४४

२. स्थानीय पाठ्यक्रमको विषय क्षेत्रगत पाठ्यभार निर्धारण ४४

३.आधारभूत तह (कक्षा ४-५) को स्थानीय पाठयक्रमका सक्षमताहरु ४४

४. कक्षागत सिकाइ उपलब्धिहरु आधारभूत तह कक्षा ४-५ ४५

५. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण ४६

६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया ५६

७. मूल्याङ्कन प्रक्रिया ५७

अनुसूचीहरु ५९


## खण्ड ग

आधारभूत तह (कक्षा ६-८) को स्थानीय पाठ्यकम, 'हाम्रो पञ्चेश्वर' २०८०


१. आधारभूत तह (कक्षा ६-८) को स्थानीय पाठयक्रम संरचना ६१

२. स्थानीय पाठ्यक्रमको विषय क्षेत्रगत पाठ्यभार निर्धारण ६१

३. आधारभूत तह (कक्षा ६-८) को स्थानीय पाठ्यकमका सक्षमताहरु ६१

४. कक्षागत सिकाइ उपलब्धिहरु ६२

५. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण ६८

६.सिकाइ सहजीकरण विधि तथा प्रक्रिया ९०

७. विद्यार्थी मूल्याङ्कन ९०

अनुसूचीहरु ९३

## १. पाठ्यक्रमको परिचय

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपले मार्गनिर्देशन गरेको शिक्षाको लक्ष्य तथा प्रक्रियाअनुरुप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रुपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरुले हासिल गर्नुपर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागी विषयगत रुपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरु प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्दछ। यही अवधारणा अनुसार यस पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तु लगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रुपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्वहरु समावेश गरिएको छ । यस पाठ्यक्रममा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उनीहरुको परिवेश, तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आंकलन गरी उनीहरुले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृद्धि सहितका सक्षमताहरु समेटिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले निर्दिष्ट गरेको सिद्धान्त तथा आधारलाई विचार गरी निर्माण गरिएको पञ्चेश्वर गाउँपालिकाको स्थानीय पाठ्यक्रम कक्षा १-८ शैक्षिक सत्र २०८० बाट पञ्चेश्वर गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरुमा कार्यान्वयन गरिने गरी पञ्चेश्वर गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरे पश्चात शैक्षिक सत्र २०८० बाट कक्षा १-८ मा लागु हुने गरी यो पाठ्यक्रम तयार पारिएको छ । आधारभुत तह (कक्षा १–८) को स्थानीय पाठ्यक्रम, 'हाम्रो पञ्चेश्वर' २०८० नामक यस दस्तावेजमा पाठ्यक्रम निर्माणको सन्दर्भ तथा औचित्य, पाठ्यक्रम विकास तथा निर्माण प्रक्रिया र पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरु उल्लेख गरिएको छ । त्यसै गरी यस पाठ्यक्रममा स्थानीय पाठ्यक्रमका तहगत सक्षमताहरु, पाठ्यक्रम संरचना, कक्षागत सिकाइ उपलब्धिहरु, विषयवस्तुको क्षेत्र, क्रम तथा विस्तृतीकरण र मूल्याङ्कन प्रक्रिया समेत समावेश गरिएको छ ।

## २. स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भ र औचित्य

नेपालको संविधान २०७२ भाग ३ मौलिक हकको व्यवस्था अन्तर्गत धारा ३२ को उपधारा (२) र (३) मा उल्लेखित भाषा तथा संस्कृति सम्बन्धि हकको व्यवस्था गरिएको छ। त्यसै गरी नेपालको संविधान २०७२ स्थानीय तहको अधिकार क्षेत्र (अनुसूची-८) मा आधारभूत र माध्यमिक शिक्षाका बारेमा उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को अवधारणा अनुरुप विकेन्द्रीकरणका माध्यमबाट स्थानीय तहलाई नीति निर्माणमा अधिकतम सहभागी गराउने, उक्त नीति नियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफल समेत स्थानीय तहले नै उपभोग गर्न पाउने व्यवस्था अनुसार यस पञ्चेश्वर गाउँपालिकाले 'हाम्रो पञ्चेश्वर' स्थानीय पाठ्यक्रम लागु गरेको छ। गाउँपालिकाको स्थानीय तहमा रहेका स्रोत साधनको संरक्षण, संवर्द्धन, परिचालन एवम् विकास र स्थानीय तहमा प्रचलित धर्म, संस्कृति, परम्परा, मूल्य, मान्यतालाई स्थानीय परिवेश अनुरुप व्यवहारसंग जोड्ने मार्ग चित्र तयार गर्ने पञ्चेश्वर गाउँपालिकाको स्थानीय पाठ्यक्रमको औचित्य रहेको छ ।

## ३. स्थानीय पाठ्यक्रम निर्माणको कानुनी आधार

नेपालको संविधान २०७२ भाग ३ मा मौलिक हकको व्यवस्था अन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हक उल्लेख गरिएको छ । जसमा उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई

आफ्नो भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको सवर्द्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने प्रावधान रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले कक्षा १-१२ को जिम्मेवारी स्थानीय तहलाई दिइएको सर्न्दभमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षाको कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० कार्यघण्टाको मातृभाषिक सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ कार्यघण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरेको छ । यही कानुनी व्यवस्थालाई अवलम्बन गरी पञ्चेश्वर गाउँपालिकाले आधारभूत तह अन्तर्गत कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण तथा पञ्चेश्वर गाउँ कार्यपालिकाको मिति २०८०/०३/०१ गते को बैठकबाट स्वीकृत गरी शैक्षिक सत्र २०८० बाट पञ्चेश्वर गाउँपालिका भरीका सम्पूर्ण आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरुमा कार्यान्वयन गरिएको छ ।

## ४.स्थानीय पाठयकम विकास तथा निर्माण प्रकिया

स्थानीय पाठ्यक्रम विकासका चरणहरु मुख्यतया स्थानीय आवश्यकता पहिचान तथा विषयवस्तु छनोट, सक्षमता निर्धारण, कक्षागत सिकाइ उपलब्धि निर्धारण, सिकाइ सहजीकरण प्रक्रिया, मूल्याङ्कन र कार्यान्वयन हुन । आधारभूत तह (कक्षा १-८) को उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने, आधारभूत साक्षरता, गणितीय ज्ञान, सिप तथा जिवनोपयोगी सिपहरुका साथै व्यक्तिगत स्वास्थ्य र सरसफाइ सम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्ने रहेको छ । उनीहरु आफु रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुनेछन । पञ्चेश्वर गाउँपालिकाको स्थानीय पाठ्यक्रम 'हाम्रो पञ्चेश्वर' निर्माण गर्न स्थानीय सरकार प्रमुखज्यूको अध्यक्षतामा एउटा प्रमुख सल्लाहकार समिति र शिक्षा शाखा प्रमुखको संयोजकत्वमा विज्ञ सहितको प्राविधिक कार्यदल गठन गरिएको थियो । प्राविधिक कार्यदलमा स्थानीय विज्ञ, शिक्षक, कर्मचारी, अभिभावक र अन्य सरोकारवालाको सहभागितामा स्थानीय सन्दर्भ र आवश्यकता अनुसारको विषयवस्तु छनौट गरिएको छ । स्थानीय विषयबस्तु अन्तर्गत स्थानीय ज्ञान, सिप, कला, संस्कृति, पेशा, व्यवसाय, प्रविधि, रैथानै बाली, प्राकृतिक विपद् आदि जस्ता विषयवस्तु समावेश गरिएको छ । यस तहको पाठ्यक्रम बालबालिकाहरुको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिइ एकीकृत र बाल मनोवैज्ञानक सिद्धान्त अनुसार विकास गरिएको छ ।

## ५.स्थानीय पाठ्यकम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरु

यस पाठ्यक्रम निर्माणमा राष्ट्रिय पाठ्यक्रम २०७६ ले निर्देशित गरेका देहाय अनुसारका सिद्धान्त अवलम्बन गरिएको छ :

१. सक्षमतामा आधारित पाठयकम
२. एकीकृत सिद्धान्त, समावेशी सिद्धान्त
३. स्थानीय आवश्यकतामा आधारित तथा खोजमा आधारित,
४. सूचना, सञ्चार तथा आधुनिक प्रविधिको उपयोगमा आधारित पाठ्यक्रम विकास
५. बालबालिकाको सर्वाङ्गीण विकासको अवधारणा अनुरुप पाठ्यक्रम विकास
६. बालकेन्द्रित विकासात्मक पद्धति अनुरुप पाठ्यक्रम विकास
७. समावेशी सिद्धान्तका आधारमा पाठ्यक्रम विकास
८. खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास

उल्लेखित सिद्धान्तका आधारमा आधारित भइ पाठयकम विकासका सैद्धान्तिक नीतिलाई अंगिकार गरिएको छ भने स्थानीय पाठ्यक्रमको आवश्यकतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- पञ्चेश्वर गाउँपालिका क्षेत्रभित्रका स्थानीय आवश्यकता र सामाजिक परिवेश अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहित गर्न,
- पञ्चेश्वर गाउँपालिकाभित्र रहेका मुख्य वातावरणीय, भौगोलिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको महत्व बताउन,
- पञ्चेश्वर गाउँपालिकाभित्र बसोवास गर्ने स्थानीय व्यक्ति, समूह वा समाजको आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न,
- स्थानीय जातजाती, धर्म, संस्कृति, परम्परा, मान्यता, चाडपर्व, मठ मन्दिर, स्थान विशेष, कला कौशल, उद्योग, व्यवसाय, स्थानीय श्रोतको उचित सम्मान र परिचालन गरी संरक्षण र सम्वर्द्धन गर्न,
- स्थानीय गीत, संगीत र वाद्यवादनसँग परिचित हुन
- स्थानीय नेतृत्व र संरचना, पोषण, खानेपानी, नैतिक मुल्यमान्यता, शिक्षा, र सरसफाइको बारेमा सिकारुलाई सुसूचित गराउन,
- शिक्षालाई श्रम, सीप र उत्पादनसँग जोड्दै जीविकोपार्जनमा सक्षमता अभिवृद्धि गर्न
- स्थानीय परम्परागत ज्ञान, सीपको खोजी, र सम्बर्द्धन गर्न,
- विपद् व्यवस्थापन तथा सुरक्षित र हरित विद्यालयको अवधारणबारे स्पष्ट हुन तथा करेसाबारी सम्बन्धी आवश्यक ज्ञान, सिप र अभिवृद्धि आर्जन गर्न,

## ६.आधारभूत तह (कक्षा १ - ८) स्थानीय पाठ्यक्रम, संरचना २०८०

तालिका नं. १

स्थानीय पाठयक्रमको संरचना

| क्र.सं. | कक्षा | विषय | पाठयघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा (Annual Working Hour) |
|---|---|---|---|---|
| १ | १ | हाम्रो पञ्चेश्वर | ५ | १६० |
| २ | २ | हाम्रो पञ्चेश्वर | ५ | १६० |
| ३ | ३ | हाम्रो पञ्चेश्वर | ५ | १६० |
| ४ | ४ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |
| ५ | ५ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |
| ६ | ६ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |
| ७ | ७ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |
| ८ | ८ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |

## ७. आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रमका सक्षमताहरु

आधारभूत तह (१-८) को स्थानीय पाठयक्रमका सक्षमताहरु निम्नानुसार हुने छन्:

१. आफू, आफ्नो परिवार, छिमेकी एवं पञ्चेश्वर गाउँपालिकाको परिचयात्मक प्रस्तुति
२. स्थानीय सामाजिक मूल्य मान्यताको पहिचान तथा सकारात्मक व्यवहार अनुसरण
३. हाम्रो धर्म, सस्कृति, पर्यटन क्षेत्रको पहिचान, विश्लेषण, महत्व, संरक्षण र संवर्द्धन

४. स्थानीय स्तरका पेशा, व्यवसाय र प्रविधिको पहिचान, महत्व बोध, सहभागिता र प्रवर्द्धनका उपायहरुको खोजी
५. स्थानीय स्तरका फलफूल तथा तरकारी खेतीको परिचय, महत्व, आय आर्जन तथा आवश्यकता पहिचान
६. स्थानीय खेलकुद सम्बन्धी परिचय, अभ्यास, महत्व तथा स्वस्थकर जीवनशैली अवलम्बन
७. स्थानीय स्तरमा हुनसक्ने विपद्हरुको पहिचान, न्यूनीकरण, सुरक्षाका उपायहरु अवलम्बन, वरपरको वातावरण तथा हरित विद्यालयको अवधारणा बोध, समुचित प्रयोग, संरक्षण र प्रवर्द्धन

## ८.शिक्षण सिकाइका लागि माध्यम भाषाको छनौट

पञ्चेश्वर गाउँपालिकाको स्थानीय पाठ्यक्रम 'हाम्रो पञ्चेश्वर' को अधिकांश विषयवस्तु स्थानीय परिवेशकै भएकोले सिकाइ सहजीकरण गर्दा मातृभाषा वा नेपाली वा दुवै भाषामा सहजीकरण गर्नुपर्ने छ । पञ्चेश्वर गाउँपालिकाको अधिकांश क्षेत्रमा स्थानीय बैतडेली भाषा बोल्ने प्रचलन रहेको छ । विषयवस्तु पनि पञ्चेश्वरकै परिवेशको भएकोले बहुभाषिक शिक्षक उपलब्ध भएको खण्डमा स्थानीय बैतडेली भाषामा सहजीकरण गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिने छ । विद्यालयमा समय तालिका निर्माण गर्दा स्थानीय परिवेशको भाषा, चालचलन, संस्कृति, भेषभूषा, रीतिरिवाज, पेशा, व्यवसाय र जीवनशैलीसँग परिचित शिक्षकलाई स्थानीय विषय सहजीकरणको जिम्मेवारी तोक्दा अपेक्षित सिकाइ उपलब्धि हाँसिल गर्न सहज हुनेछ । विषयवस्तुको प्रकृति, विद्यार्थीको रुची र विद्यार्थीको मातृभाषालाई आधार मानी कक्षामा सहजीकरणको माध्यम भाषाका रुपमा स्थानीय बैतडेली भाषा/नेपाली भाषा वा दुवै भाषा प्रयोग गरी सिकाइ सहजीकरणलाई अर्थपूर्ण र प्रभावकारी बनाउन सकिने छ ।

## ९.पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यो पाठ्यक्रम पञ्चेश्वर गाउँ कार्यपालिकाको बैठकबाट तोकिए बमोजिम शैक्षिक सत्र २०८० बाट पञ्चेश्वर गाउपालिका अन्तर्गतका सबै विद्यालयका कक्षा १-८ मा कार्यान्वयनमा आउने छ । यसमा सम्वन्धित वडा तथा गाउँपालिका क्षेत्रभित्रका विषयबस्तु समावेश गरिएकोले सम्बन्धित विषय शिक्षकले धेरै विषयबस्तु र सूचनाहरु आफै सङ्कलन गर्नुपर्ने छ । पाठ्यक्रम सिकाइ सहजीकरणको औपचारिक खाका मात्र भएको र सबैकुरा यसमै अटाउन नसकिने भएकोले आवश्यक विषयबस्तु खोजी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कुरा सम्बन्धित विषय शिक्षकमा भर पर्छ । त्यसैले यस पाठ्यक्रमले खोज अन्वेषण गर्ने सक्रिय विषय शिक्षकको अपेक्षा गरेको छ ।

## १०. पाठ्यक्रम परिमार्जन र सुधार

पाठ्यक्रम गतिशिल दस्तावेज हो । सिमित स्रोत साधन र जनशक्ति परिचालन गरी छोटो समयमा पाठ्यक्रम तयार पार्दा केही कमी कमजोरीहरु रहेका हुन सक्छन । यसका लागि पाठ्यक्रम कार्यान्वयनमा गए पश्चात शिक्षक, विद्यार्थी, अभिभावक, विभिन्न सङ्घ संस्था, राजनीतिकर्मी, सञ्चारकर्मी, विषय विशेषज्ञ, लगायत आम नागरिक समाजबाट प्राप्त रचनात्मक सल्लाह सुझाव र कार्यान्वयनका क्रममा देखिएका कमजोरीका आधारमा थप परिमार्जन तथा परिस्कृत गरी पाठ्यक्रम अद्यावधिक गरिने छ ।

# खण्ड क
# आधारभूत तह (कक्षा १-३) को स्थानीय पाठ्यक्रम, 'हाम्रो पञ्चेश्वर' २०८०

## १. आधारभूत तह (कक्षा १-३) को स्थानीय पाठयक्रमको संरचना

तालिका नं. १
स्थानीय पाठयक्रमको संरचना

| क.सं. | कक्षा | विषय | पाठयघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा (Annual Working Hour) |
|---|---|---|---|---|
| १ | १ | हाम्रो पञ्चेश्वर | ५ | १६० |
| २ | २ | हाम्रो पञ्चेश्वर | ५ | १६० |
| ३ | ३ | हाम्रो पञ्चेश्वर | ५ | १६० |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठयघण्टा (Credit Hour) मानिएको छ। वार्षिक कार्यघण्टा (Annual Working Hour) भन्नाले वर्षभरीमा दैनिक १ घण्टाका दरले पठनपाठन गर्नुपर्ने न्यूनतम समयावधिलाई जनाउछ।

## २.आधारभूत तह (कक्षा १-३) को स्थानीय पाठ्यक्रमका सक्षमताहरु

१. पञ्चेश्वर गाउँपालिकाको राजनीतिक तथा भौगोलिक अवस्थाको पहिचान
२. असल सामाजिक मूल्य मान्यताको नियम र अवस्थाको पहिचान
३. स्थानीय क्षेत्रमा प्रचलित चाडपर्व, धर्म र संस्कृतिको परिचय
४. स्थानीय पेशा, व्यवसाय प्रविधिको पहिचान र महत्व
५. तरकारी खेती, फलफूल खेतीको पहिचान र महत्व
६. स्थानीय खेलकुदको परिचय र अभ्यास
७. स्थानीय प्रकोप र जोखिमका क्षेत्रहरुको परिचय तथा हरित विद्यालयको अवधारणा

## ३.स्थानीय पाठ्यक्रमको विषय क्षेत्रगत पाठ्यभार निर्धारण

तालिका नं.२
स्थानीय पाठ्यक्रमको विषयक्षेत्रगत पाठ्यभार निर्धारण कक्षा १-३

| क.सं. | थिम/ विषयवस्तुको क्षेत्र | कार्यघण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १. | म, हामी र हाम्रो पञ्चेश्वर | २३ | २३ | २३ |
| २. | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | २० | २० | २० |
| ३. | हाम्रो धर्म, संस्कृति र पर्यटन | २१ | २१ | २१ |
| ४. | स्थानीय पेशा, व्यवसाय र प्रविधि | २४ | २४ | २४ |
| ५. | फलफूल तथा तरकारी खेती | २२ | २२ | २२ |
| ६. | स्थानीय खेलकुद तथा स्वस्थ्य जीवनशैली | २३ | २३ | २३ |
| ७. | विपद व्यवस्थापन, वातावरण र हरित विद्यालय | २७ | २७ | २७ |
| वार्षिक कार्यघण्टा जम्मा | | १६० | १६० | १६० |

## ४.कक्षागत सिकाइ उपलब्धिहरु

| कक्षागत सिकाइ उपलब्धिहरु कक्षा १-३ | | | | |
|---|---|---|---|---|
| क.सं. | विषयक्षेत्र | कक्षा-१ | कक्षा-२ | कक्षा-३ |
| १ | म, हामी र हाम्रो पञ्चेश्वर | • आफू र आफ्नो परिवारका सदस्यहरुको नाम भन्न<br>• आफू बस्ने टोलको नाम बताउन<br>• आफ्ना परिवारका सदस्यहरुसँगको नाता भन्न<br>• आफ्नो कक्षामा पढने साथीहरुको नाम भन्न | • आफ्नो टोल र छरछिमेकमा बस्ने मानिसहरुको नाम भन्न<br>• आफ्नो टोल र छरछिमेकमा बस्ने मानिसहरुसँगको नाता बताउन<br>• आफ्नो घर, छिमेकमा भएका खोलानालाको परिचय र नाम भन्न,<br>• आफ्नो कक्षाका साथीहरुको नाम भन्न | • आफू बसोबास गरेको वडाको परिचय दिन<br>• आफू बस्ने वडाभित्र रहेका वनजङगल र खोलानालाहरुको परिचय र नाम भन्न<br>• आफू बस्ने वडाको भौगोलिक अवस्था भन्न<br>• आफू बस्ने वडामा भएका शिक्षा प्रदायक संस्था तथा अन्य संस्थाहरुको नाम बताउन |
| २ | सामाजिक मूल्य मान्यता र सकारात्मक सोच | • परिवारका सदस्यहरु, साथी र विद्यालयका शिक्षकहरुसँग घुलमिल र आदरसत्कार गर्न | • आफ्नो परिवारसँग सकारात्मक व्यवहार पदर्शन गर्न<br>• आफ्नो टोल र छिमेकमा बस्ने मानिसहरुसँग सकारात्मक व्यवहार प्रदर्शन गर्न | • परिवार र नातेदारसँग असल सम्बन्ध स्थापना गर्न<br>• आफ्नो परिवार र समुदायको काममा सहयोग र सम्मान गर्न |
| ३ | हाम्रो धर्म, संस्कृती र पर्यटन | • आफ्नो टोलमा बस्ने मानिसहरुको जातजातीको नाम भन्न<br>• आफ्नो परिवारले अपनाउँदै आएका कुनै २ वटा संस्कारहरु भन्न<br>• आफ्नो टोलभित्र पर्ने धार्मिक स्थलको नाम बताउन<br>• आफ्नो टोल वा छिमेकमा मनाइने धार्मिक पर्वहरु पहिचान गर्न | • आफ्नो छिमेकमा बस्ने मानिसहरुको जातजातीको सूची बनाउन<br>• आफ्नो परिवारले अपनाउँदै आएका कुनै ४ वटा संस्कारहरुको सूची बनाउन<br>• आफ्नो टोलभित्र पर्ने धार्मिक स्थलहरुको परिचय दिन<br>• पर्व विशेषमा आफ्नो टोलभित्र बजाइने बाजाहरुको नाम भन्न | • आफ्नो वडाभित्र बसोवास गर्ने जातजातीहरुको नाम भन्न र सूची बनाउन<br>• आफ्नो वडाभित्र रहेका प्रमुख धार्मिक स्थलहरुको परिचय दिन<br>• आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलको संरक्षणका उपाय बताउन<br>• पर्व विशेषमा आफ्नो वडाभित्र बजाइने बाजाहरुको सूची बनाउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | • आफ्नो टोल छिमेकका मानिसहरुले विशेष अवसरमा गाउने गीत तथा नृत्यको अभ्यास गर्न |
| ४ | स्थानीय पेशा व्यवसाय र प्रविधि | • आफ्नो परिवारका सदस्यहरुले अपनाउदैं आएको पेशा व्यवसायको नाम भन्न<br>• आफ्नो परिवारका सदस्यहरुले प्रयोग गर्दै आएका स्थानीय उत्पादित औजारहरुको नाम भन्न<br>• आफ्नो घर परिवारका सदस्यहरुले उत्पादन गर्दै आएका स्थानीय रैथाने बालीनालीहरुको नाम भन्न<br>• स्थानीय पेशागत सामग्रीहरुको नाम भन्न | • आफ्नो टोल छिमेकका मानिसहरुले अपनाउदै आएको पेशा व्यवसायको नाम भन्न र सूची बनाउन<br>• आफ्नो टोल छिमेकका मानिसहरुले प्रयोग गर्ने स्थानीय औजारहरुको सूची बनाउन<br>• आफ्नो छरछिमेकका मानिसहरुले उत्पादन गर्ने रैथाने स्थानीय बालीहरुको सूची बनाउन<br>• स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरुको सूची बनाउन | • आफ्नो वडाभित्रका मानिसहरुले अपनाउदै आएका पेशा व्यवसायहरुको सामान्य परिचय दिन<br>• आफ्नो वडाभित्रका मानिसहरुले प्रयोग गर्दै आएका स्थानीय औजारहरुको परिचय दिन<br>• स्थानीय स्तरमा उत्पादन हुने बालीनालीहरु लगाउने र फल्ने समय बताउन<br>• स्थानीय प्रविधिबाट निर्मित सामग्रीको परिचय दिन |
| ५ | फलफूल तथा तरकारी खेती | • आफ्नो टोल छिमेकमा फल्ने फलफूल तथा तरकारीका नाम भन्न<br>• तरकारी तथा फलफूल पहिचान गरी रङ तथा स्वाद बताउन | • आफ्नो स्थानीय स्तरमा पाइने फलफूल तथा तरकारीहरुको सूची तयार गर्न<br>• स्थानीय जातका फलफूल तथा तरकारीहरुको पहिचान गर्न<br>• स्थानीय स्तरमा मौसम अनुसार उत्पादन हुने फलफूल तथा तरकारीहरुको नाम बताउन | • स्थानीय स्तरमा उत्पादित तरकारी मध्ये जरा, डाँठ, र पातका रुपमा खाइने तरकारी छुट्याउन<br>• स्थानीय स्तरमा उत्पादित तरकारी तथा फलफूलहरु रोप्ने तरिका भन्न<br>• मौसम अनुसार स्थानीय स्तरमा उत्पादन हुने फलफूल तथा तरकारीहरुको सूची बनाउन |
| ६ | स्थानीय खेलकुद र स्वस्थ जीवनशैली | • स्थानीय स्तरमा खेलिने विभिन्न स्थानीय खेलहरुको पहिचान गर्न | • विभिन्न स्थानीय खेलहरुको सूची तयार पार्न | • विभिन्न स्थानीय खेलहरु खेल्ने तरिका बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | • आफ्नो खेलौनाको प्रयोग गरी खेल खेल्ने अभ्यास गर्न<br>• ताजा सफा खानेकुरा खाने बानी बसाल्न<br>• स्वस्थकर र सुरक्षित बानीको विकास गर्न<br>• चोटपटक लाग्न सक्ने अवस्थाहरुको पहिचान गर्न | • खेलौनाको प्रयोग गरी वा नगरी स्थानीय खेल खेल्ने अभ्यास गर्न<br>• सामान्य सुरक्षाका उपाय अवलम्बन गर्न<br>• स्वथ्यकर र सुरक्षित बानीको अभ्यास गर्न | • विभिन्न स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न<br>• स्वस्थ रहन आवश्यक पर्ने आधारभूत कुराहरुको सूची बनाइ अवलम्बन गर्न<br>• आधारभूत शारीरिक क्रियाकलापको अभ्यास गर्न |
| ७ | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | • विभिन्न प्रकारका प्रकोप र विपद्हरुको नाम भन्न<br>• घर, विद्यालय र समुदायमा आउने विपद् पहिचान गर्न<br>• आफ्नो परिवेशमा पाइने वनस्पति र बन्यजन्तुका नाम भन्न<br>• वातावरणीय सरसफाइको अवधारणा पहिचान गर्न | • स्थानीय स्तरमा हुन सक्ने विपद्हरुको सूची बनाउन<br>• घर, विद्यालय र समुदायमा हुनसक्ने विपद्हरुबारे सचेत रहन<br>• आफ्नो वडाभित्र पाइने वन्यजन्तु , औषधीजन्य वनस्पति र चराहरुको नाम भन्न<br>• आफ्नो कक्षाकोठाको सरसफाइमा सहभागी हुन<br>• हरित विद्यालयको अवधारणा बताउन | • प्राकृतिक तथा मानवीय कारणबाट उत्पन्न हुने विपद्हरु भन्न<br>• विपद्हरु प्रति सचेत रही बच्ने उपाय बताउन<br>• आफ्नो वडाभित्र पाइने वन्यजन्तु, औषधीजन्य वनस्पति र चराहरुको सूची बनाई महत्व वर्णन गर्न<br>• सफा र स्वच्छ वातावरणबाट हुने फाइदाबारे भन्न<br>• हरित विद्यालय बनाउन गर्नुपर्ने कार्यको सूची तयार पार्न |

## ५.विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण

| विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण कक्षा १ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
| १ | म, हामी र हाम्रो पञ्चेश्वर | • आफू र आफ्ना परिवारका सदस्यहरुको नाम भन्न<br>• आफू बस्ने टोलको नाम बताउन<br>• आफ्ना परिवारका सदस्यहरुसँगको नाता भन्न<br>• आफ्नो कक्षामा पढ्ने साथीहरुको नाम भन्न | • आफू र आफ्ना परिवारका सदस्यहरु<br>• आफू बस्ने टोल<br>• परिवारका सदस्यहरुसँगको नाता<br>• आफ्नो कक्षामा पढ्ने साथीहरु | • कक्षा कोठामा विद्यार्थीहरुलाई आफू र आफ्ना परिवारका सदस्यहरुको नाम भन्न लगाउने<br>• आफू बस्ने टोलको नाम बताउन लगाउने<br>• घर परिवारका सदस्यहरुसँगको नाता भन्न लगाउने<br>• आफ्नो कक्षामा पढ्ने साथीहरुको परिचय दिन लगाउने | पारिवारिक नाता सम्बन्ध देखाउने चार्ट | प्रश्नोत्तर, छलफल | २३ |
| २ | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | • परिवारका सदस्यहरु, साथी र विद्यालयका शिक्षकहरुसँग घुलमिल र आदरसत्कार गर्न | • परिवारका सदस्यहरु<br>• साथी<br>• विद्यालयका शिक्षकहरु | • परिवारका सदस्यहरु, आफ्ना साथीहरु र विद्यालयका शिक्षकहरुसँग गर्नुपर्ने आदर सत्कार गर्ने अभ्यास गराउने | सकारात्मक व्यवहार देखाउने चार्ट र भिडियो | प्रश्नोत्तर, छलफल व्यवहार अवलोकन | २० |
| ३ | हाम्रो धर्म संस्कृति तथा पर्यटन | • आफ्नो टोलमा बस्ने मानिसहरुको जातजातीको नाम भन्न | • टोल छिमेकमा बस्ने जातजाती<br>• परिवारले अपनाउँदै आएको संस्कारहरु(विवाह, व्रतबन्ध, न्वारन आदि) | • विद्यार्थीलाई आफ्नो टोलभित्र बस्ने विभिन्न जातजातीहरुको बारेमा छलफल गर्न लगाउने | चित्र चार्ट भिडियोहरु | प्रश्नोत्तर छलफल | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • आफ्नो परिवारले अपनाउँदै आएका कुनै २ वटा संस्कारहरु भन्न<br>• आफ्नो टोलभित्र पर्ने धार्मिक स्थलको नाम बताउन<br>• आफ्नो टोल वा छिमेकमा मनाइने धार्मिक पर्वहरु पहिचान गर्न | • टोल भित्र भएका धार्मिक स्थलहरु (मठ मन्दिर, आदि)<br>• टोल वा छिमेकमा मनाइने धार्मिक पर्वहरु (जात्रा, गौरा, दशैं तिहार) | • परिवारले मनाउँदै आएका संस्कारहरुबारे भिडियो प्रदर्शन गर्ने<br>• आफ्नो टोलमा रहेका धार्मिक स्थलहरुको चित्र प्रदर्शन गरी प्रश्नोत्तर गर्ने<br>• आफ्नो छिमेकमा मनाउने विभिन्न पर्वहरु बारे छलफल गराउने | | | |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | • आफ्नो परिवारका सदस्यहरुले अपनाउँदै आएका पेशा व्यवसायको नाम भन्न<br>• आफ्नो परिवारका सदस्यहरुले प्रयोग गर्दै आएका स्थानीय उत्पादित औजारहरुको नाम भन्न<br>• आफ्नो घर परिवारका सदस्यहरुले उत्पादन गर्दै आएका स्थानीय रैथाने बालीनालीहरुको नाम भन्न | • आफ्नो परिवारका सदस्यहरुले अपनाउँदै आएका पेशा, व्यवसायहरु (कृषि, व्यापार आदि)<br>• परिवारका सदस्यहरुले प्रयोग गर्दै आएका स्थानीय निर्मित औजारहरु (हँसिया कुटो, कोदालो, बाउसो आदि)<br>• घर परिवारका सदस्यहरुले उत्पादन गर्दै आएका स्थानीय रैथाने बालीहरु (मकै, गहुँ, भटमास, चिनु, कागुनो, गानरो, गहत आदि )<br>• स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरु (डोकोडालो, नाम्लो, कुच्चो, जातरो, पानीघट्ट, दाम्लो,ओखल आदि) | • आफ्नो परिवारका सदस्यहरुले अपनाउँदै आएका पेशा, व्यवसाय बारे छलफल गराउने<br>• परिवारका सदस्यहरुले प्रयोग गर्दै आएका स्थानीय स्तरमा निर्मित सामग्रीहरुको नाम भन्न लगाउने<br>• घर परिवारका मानिसहरुले उत्पादन गर्दै आएका बालीनालीहरु बारे प्रश्नोत्तर गर्न लगाउने<br>• स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरुको चित्र प्रदर्शन गर्न लगाउने | चार्ट चित्रहरु | प्रश्नोत्तर छलफल | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • स्थानीय पेशागत सामग्रीहरुको नाम भन्न | | | | | |
| ५ | फलफूल तथा तरकारी खेती | • आफ्नो टोल छिमेकमा फल्ने फलफूलहरु तथा तरकारीका नामहरु भन्न<br>• तरकारी तथा फलफूलहरु पहिचान गरी रङ तथा स्वाद बताउन | • घर, टोल, छिमेकमा फल्ने फलफूल तथा तरकारीहरु ( सुन्तला केरा, काउली, रायो, मुला)<br>• फलफूल तथा तरकारीहरुको रङ र स्वाद (हरियो, पहेलो, गुलियो, टर्रो आदि) | • विद्यार्थीहरुलाई आफ्नो घर, टोल, छिमेकमा उत्पादन हुने फलफूल तथा तरकारीका चित्र प्रदर्शन गर्ने<br>• आफ्नो घर, परिवार तथा टोल, छिमेकमा उत्पादन हुने तरकारी फलफूलहरुको स्वाद र रङ भन्न लगाउने | चार्ट<br>चित्र<br>फलफूल र तरकारीका नमुना | प्रश्नोत्तर<br>अवलोकन | २२ |
| ६ | स्थानीय खेलकुद र स्वस्थ जीवनशैली | • स्थानीय स्तरमा खेलिने विभिन्न स्थानीय खेलहरुको पहिचान गर्न<br>• खेलौनाको प्रयोग गरी खेल खेल्ने अभ्यास गर्न<br>• ताजा सफा खानेकुरा खाने बानी बसाल्न<br>• स्वथ्यकर र सुरक्षित बानीको विकास गर्न<br>• चोटपटक लाग्न सक्ने अवस्थाहरुको पहिचान गर्न | • स्थानीय खेलहरु ( गटटा,अड्डु,चुन्नी,डोरी,ठिणी, आदि)<br>• खेलौना प्रयोग गरी खेल खेल्ने अभ्यास<br>• ताजा सफा खानेकुरा खाने बानी (बासी सडेगलेको, झिङ्गा भन्केको खानेकुरा नखाने)<br>• स्वस्थकर सुरक्षित बानी(साबुन पानीले हात धुने, नङ काटने, दात माझ्ने, नुहाउने आदि)<br>• खेल खेल्दा सुरक्षा अपनाउन जथाभावी खेल नखेल्न | • आफूले खेल्दै आएका स्थानीय खेलहरुको नाम भन्न लगाउने<br>• खेलौनाको प्रयोग गरी विभिन्न स्थानीय खेलहरु खेल्न लगाउने<br>• ताजा सफा खानेकुरा बारे छलफल गराउने<br>• स्वस्थ र सुरक्षित रहनको लागि अपनाउनु पर्ने बानीहरुको बारेमा भिडियो प्रदर्शन गर्ने<br>• खेल खेल्दा अपनाउनु पर्ने सुरक्षाबारे बताउने | चित्र<br>चार्ट<br>भिडियो | प्रश्नोत्तर<br>छलफल<br>प्रदर्शन<br>व्यवहार<br>अवलोकन | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | • विभिन्न प्रकारका प्रकोप र विपद्हरुको नाम भन्न<br>• घर, विद्यालय र समुदायमा आउने विपद् पहिचान गर्न<br>• आफ्नो परिवेशमा पाइने वनस्पति र बन्यजन्तुका नाम भन्न<br>• वातावरणीय सरसफाइको अवधारणा पहिचान गर्न | • विभिन्न प्रकारका प्रकोप र विपद्हरु (भुकम्प, हावाहुरी, चट्याङ, बाढीपहिरो, आगलागी आदि)<br>• घर, विद्यालय र समुदायमा हुने विपद्हरु<br>• आफ्नो वरिपरि पाइने वनस्पति र वन्यजन्तु (सल्लो, पिपल, साल, खयर, बाघ, भालु, स्याल आदि)<br>• वातावरणीय सरसफाइको अवधारणा (जथाभावी फोहर नगर्ने, घर, आँगन र विद्यालय सफा राख्ने आदि) | • विभिन्न प्रकारका विपद्हरु झल्किने पोष्टर, भिडियो प्रदर्शन गर्ने<br>• घर, विद्यालय र समुदायमा हुन सक्ने विपद्हरु बारे छलफल गराइ भन्न लगाउने<br>• आफ्नो वरिपरि पाइने वनस्पति तथा वन्यजन्तुहरुको नाम भन्न लगाउने<br>• वातावरण सफा राख्न गर्नुपर्ने कार्यहरुको भिडियो प्रदर्शन गर्ने | पोष्टर<br>चित्र<br>चार्ट<br>भिडियो | छलफल<br>प्रश्नोत्तर<br>प्रदर्शन<br>अवलोकन | २७ |

**विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण कक्षा २**

| क. सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | सम्भावित मूल्याङकन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | • म, हामी र हाम्रो पञ्चेश्वर | • आफ्नो टोल र छरछिमेकमा बस्ने मानिसहरुको नाम भन्न<br>• आफ्नो टोल र छरछिमेकमा बस्ने मानिसहरु सँगको नाता बताउन | • टोल छिमेकका मानिसहरुले अपनाउँदै आएका पेशा, व्यवसायहरु<br>• टोल छिमेकका मानिसहरुले प्रयोग गर्दै आएका स्थानीय स्तरमा निर्मित औजारहरु | • टोल छिमेकका मानिसहरुले अपनाउदै आएका पेशा व्यवसायहरुको सूची बनाउन लगाउने<br>• टोल, छिमेकका मानिसहरुले प्रयोग गर्दै आएका स्थानीय स्तरमा निर्मित सामग्रीहरुको नाम लेख्न लगाउने | चार्ट<br>चित्र | प्रश्नोत्तर<br>छलफल<br>अवलोकन<br>कक्षाकार्य | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • आफ्नो घर, छिमेकमा भएका खोलानालाको परिचय र नाम भन्न,<br>• आफ्नो कक्षाका साथीहरुको नाम भन्न | • टोल छिमेकका मानिसहरुले उत्पादन गर्ने रैथाने बालीनालीहरु<br>• स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरु | • आफ्नो टोल, छिमेकका मानिसहरुले उत्पादन गर्ने रैथाने बालीनालीहरुको सूची तयार गर्न लगाउने<br>• आफ्नो टोल, छिमेकमा स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरुको सूची बनाउन लगाउने | | | |
| २ | • सामाजिक मूल्यमान्यता र सकारात्मक व्यवहार | • आफ्नो परिवारसँग सकारात्मक व्यवहार प्रदर्शन गर्न<br>• आफ्नो टोल र छिमेकमा बस्ने मानिसहरुसँग सकारात्मक व्यवहार प्रदर्शन गर्न | • आफ्नो परिवारका सदस्यहरुसँग माया, ममता, स्नेहपूर्ण व्यवहार प्रर्दशन<br>• आदर सत्कार,उपयुक्त अभिवादन आदि<br>• टोल छिमेकमा बस्ने मानिसहरुसँग सकारात्मक व्यवहार प्रर्दशन उपयुक्त अभिवादन, माया, स्नेह, आदि, | • आफ्नो परिवारका सदस्यहरु मध्ये आफूभन्दा ठुला र साना सदस्यहरुसँग गर्नुपर्ने व्यवहारको बारेमा जानकारी गराउने<br>• आफ्नो टोल छिमेकमा बस्ने मानिसहरुको व्यवहार बारे कक्षामा सुनाउने | चार्ट<br>भिडियो | प्रश्नोत्तर<br>छलफल<br>व्यवहार<br>अवलोकन | २० |
| ३ | • हाम्रो धर्म संस्कृति र पर्यटन | • आफ्नो छिमेकमा बस्ने मानिसहरुको जातजातीको सूची बनाउन<br>• आफ्नो परिवारले अपनाउँदै आएका कुनै ४ वटा | • आफ्नो टोल छिमेकमा बस्ने विभिन्न जातजातीहरु (ब्राह्मण, क्षेत्री, दमाई, कामी, आदि)<br>• आफ्नो परिवारले अपनाउँदै आएका कुनै ४ ओटा संस्कारहरु (विवाह, | • आफ्नो टोल छिमेकमा बस्ने विभिन्न जातजातीहरुको सूची बनाउन लगाउने<br>• आफ्नो परिवारले अपनाउँदै आएका कुनै ४ वटा संस्कारहरु लेख्न लगाउने | चित्र<br>चार्ट<br>भिडियो | प्रश्नोत्तर<br>छलफल<br>अवलोकन<br>कक्षाकार्य | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संस्कारहरुको सूची बनाउन<br>• आफ्नो टोल भित्र पर्ने धार्मिक स्थलहरुको परिचय दिन<br>• पर्व विशेषमा आफ्नो टोलभित्र बजाइने बाजाहरुको नाम भन्न | ब्रतबन्ध, न्वारन, अन्नप्राशन आदि)<br>• आफ्नो टोल छिमेकमा पर्ने धार्मिक स्थलहरु<br>• पर्व विशेषमा आफ्नो टोल छिमेकमा बजाइने बाजाहरु र पहिरन ( दमाहा, झ्याली, बिगुल, चिम्टा, मादल, ढोलक, कपडा तथा गरगहनाहरु ) | • आफ्नो टोल वा छिमेक भित्र पर्ने धार्मिक स्थलहरु बारे छलफल गराइ भन्न लगाउने<br>• पर्व विशेषमा आफ्नो टोल छिमेकमा बजाइने विभिन्न बाजाहरु र लगाइने पहिरनको नाम भन्न लगाउने | | | |
| ४ | • स्थानीय पेशा व्यवसाय र प्रविधि | • आफ्नो टोल छिमेकका मानिसहरुले अपनाउँदै आएका पेशा व्यवसायको नाम भन्न र सूची बनाउन<br>• आफ्नो टोल छिमेकका मानिसहरुले प्रयोग गर्ने स्थानीय औजारहरुको सूची बनाउन<br>• आफ्नो छरछिमेकका मानिसहरुले उत्पादन गर्ने रैथाने | • टोल छिमेकमा मानिसहरुले अपनाउँदै आएका पेशा व्यवसाय<br>• टोल छिमेकका मानिसहरुले प्रयोग गर्ने स्थानीय स्तरमा निर्मित औजारहरु (हलो, कुटो, आँसि, बाउसो, आदि )<br>• आफ्नो टोल छिमेकमा उत्पादन हुने रैथाने बालीनालीहरु<br>• स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरु (डोको, डालो, नाम्लो, जातरो, पानीघट्ट,) | • आफ्नो टोल छिमेकका मानिसहरुले अपनाउँदै आएका विभिन्न पेशाहरुसँग सम्बन्धित भिडियो प्रदर्शन गर्ने<br>• आफ्नो स्थानीय स्तरमा प्रयोग गरिने स्थानीय औजारहरुको सूची बनाउन लगाउने<br>• आफ्नो टोल छिमेकमा उत्पादन हुने रैथाने बालीनालीहरुको नाम भन्न लगाउने<br>• स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरुको नाम लेख्न लगाउने | चार्ट<br>चित्र<br>भिडियो | प्रश्नोत्तर<br>छलफल<br>कक्षाकार्य<br>अवलोकन | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय बालीहरुको सूची बनाउन<br>● स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरुको नाम लेख्न लगाउने | | | | | |
| ५ | ● फलफूल तथा तरकारी खेती | ● स्थानीय स्तरमा पाइने फलफूल तथा तरकारीहरुको सूची तयार गर्न<br>● स्थानीय जातका फलफूल तथा तरकारीहरुको पहिचान गर्न<br>● स्थानीय स्तरमा मौसम अनुसार उत्पादन हुने फलफूल तथा तरकारीहरुको नाम बताउन | ● स्थानीय स्तरमा उत्पादन हुने फलफूल तथा तरकारीहरुको पहिचान<br>● स्थानीय स्तरमा उत्पादन हुने फलफूल तथा तरकारीहरु (आँप, सुन्तला, केरा, अम्बा, रायो, बन्दा, पालुङ्गो, नेथी, आदि )<br>● मौसम अनुसार उत्पादन हुने फलफूल तथा तरकारीहरु (हिउदे र बर्खे) | ● स्थानीय स्तरमा उत्पादन हुने फलफूल तथा तरकारीहरु पहिचान गरी नाम भन्न लगाउने<br>● स्थानीय स्तरमा उत्पादन हुने फलफूल र तरकारीहरुको सूची बनाउन लगाउने<br>● स्थानीय स्तरमा मौसम अनुसार उत्पादन हुने फलफूल तथा तरकारीहरुको नाम भन्न लगाउने | चित्र चार्ट फलफूल तरकारी का नमुना | प्रश्नोत्तर छलफल अवलोकन | २२ |
| ६ | ● स्थानीय खेलकुद र स्वस्थ जीवनशैली | ● विभिन्न स्थानीय खेलहरुको सूची तयार पार्न<br>● खेलौनाको प्रयोग गरी वा नगरी स्थानीय खेल खेल्ने अभ्यास गर्न | ● विभिन्न स्थानीय खेलहरु<br>● खेलौनाको प्रयोग गरी वा नगरी स्थानीय खेल खेल्ने अभ्यास<br>● सामान्य सुरक्षाका उपायहरु खेल्दा,हिड्दा,खाँदा) | ● विद्यार्थीहरुलाई आफुले खेल्दै आउनु भएका स्थानीय खेलहरुको सूची बनाउन लगाउने<br>● खेलौनाको प्रयोग गरी वा नगरी विभिन्न स्थानीय खेल खेल्न लगाउने | चार्ट पोष्टर | प्रश्नोत्तर छलफल अवलोकन | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● सामान्य सुरक्षाका उपाय अबलम्वन गर्न<br>● स्वथ्यकर र सुरक्षित बानीको अभ्यास गर्न | ● स्वास्थ्य प्रति सचेत भई स्वस्थ र सुरक्षित बानीको अभ्यास (शरीरको सरसफाई, पोषिलो खानेकुरा, व्यायाम आदि ) | ● सामान्य सुरक्षाका उपायहरु बताइ ती उपायहरु अपनाउन लगाउने<br>● स्वस्थ्य र सुरक्षित बानीको विकास गर्न अवलम्बन गर्नु पर्ने उपायहरु झल्किने पोष्टर प्रदर्शन गरी व्यवहारमा लागु गर्न लगाउने | | | |
| ७ | ● विपद व्यवस्थापन वातावरण र हरित विद्यालय | ● स्थानीय स्तरमा हुन सक्ने विपद्हरुको सूची बनाउन<br>● घर, विद्यालय र समुदायमा हुनसक्ने विपद्हरुबारे सचेत रहन<br>● आफ्नो वडाभित्र पाइने बन्यजन्तु, औषधीजन्य वनस्पति र चराहरुको नाम भन्न<br>● आफ्नो कक्षाकोठाको सरसफाईमा सहभागी हुन<br>● हरित विद्यालयको अवधारणा बताउन | ● स्थानीय स्तरमा हुन सक्ने विपद्हरु (बाढी, पहिरो, भुकम्प, आगलागी, आदि)<br>● घर विद्यालय र समुदायमा हुन सक्न विपद्हरु प्रति सचेतना<br>● आफ्नो वडाभित्र पाइने वन्यजन्तु औषधीजन्य वनस्पति र चराहरु (बाघ, भालु,स्याल, टिमुर, हरडो, अमला, तितेपाती, काग,कोइली, भगेरो आदि)<br>● कक्षा कोठाको सरसफाई<br>● हरित विद्यालय ( बृक्षारोपण, करेसाबारी निर्माण वातावरणको सरसफाई) | ● स्थानीय स्तरमा हुन सक्ने विपद्हरु बारे भिडियो प्रदर्शन गरी सूची बनाउन लगाउने<br>● घर विद्यालय र समुदायमा हुन सक्ने विपदहरु बारे सचेत रहने उपायहरु बताउने<br>● आफ्नो वडाभित्र पाइने वन्यजन्तु औषधीजन्य वनस्पति र चराहरुको नाम भन्न लगाउने<br>● कक्षाकोठाको सरसफाइ सम्बन्धी भिडियो प्रदर्शन गरी सरसफाई गर्न लगाउने<br>● हरित विद्यालयको अवलोकन गर्न लगाइ अवधारणा बनाउने | चित्र चार्टहरु भिडियो | प्रश्नोत्तर छलफल अवलोकन | २७ |

| विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण कक्षा ३ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | सम्भावित मूल्याङकन प्रक्रिया | कार्यघण्टा |
| १ | म हामी र हाम्रो पञ्चेश्वर | • आफू बसोबास गरेको वडाको परिचय दिन<br>• आफू बस्ने वडाभित्र रहेका बनजङगल र खोलानालाहरुको परिचय र नाम भन्न<br>• आफू बस्ने वडाको भौगोलिक अवस्था भन्न<br>• आफू बस्ने वडामा भएका शिक्षा प्रदायक संस्था तथा अन्य संस्थाहरुको नाम बताउन | • आफु बसोबास गरेको वडाको नाम, वडा नं., वडाको केन्द्र रहेको स्थान आदि<br>• आफ्नो वडाभित्र रहेका वनजङ्गल तथा खोलानालाहरु<br>• आफु बस्ने वडाको भौगोलिक अवस्था<br>• आफ्नो वडाभित्र रहेका विभिन्न संघ संस्थाहरु (विद्यालय, स्वास्थ्य चौकी,जनसेवा संस्था आदि) | • विद्यार्थीहरुलाई आफ्नो वडाको नक्सा देखाइ वडाको नाम र आफ्नो वडाको केन्द्र पहिचान गरी भन्न लगाउने<br>• आफ्नो वडाभित्र रहेका बनजङगल तथा खोलानालाहरुको स्थलगत अवलोकन गराउने<br>• विद्यार्थीहरुलाई सम्बन्धित वडाको नक्सा देखाइ भौगोलिक अवस्था बताउने<br>• आफ्नो वडाभित्र रहेका विद्यालयहरु र अन्य संघ संस्थाहरुको नाम लेख्न लगाउने | नक्सा चार्ट<br>स्थानीय वनजङ्गल तथा खोलानालाहरु | प्रश्नोत्तर<br>छलफल<br>अवलोकन | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | ● परिवार र नातेदारसँग असल सम्बन्ध स्थापना गर्न<br>● आफ्नो परिवार तथा समुदायको काममा सहयोग र सम्मान गर्न | ● परिवार र नातेदारसँग असल सम्बन्ध, उपयुक्त अभिवादन, आदर, सत्कार<br>● परिवार र समुदायको काममा सहयोग र सम्मान घरायसी तथा समुदायका सार्वजनिक कामहरुमा सहयोग र उनीहरुको कामको सम्मान | ● परिवारका नातेदारहरुसँग असल सम्बन्ध कायम गर्ने उपायहरुको बारेमा छलफल गराउने<br>● परिवार र समुदायका मानिसहरुले गर्ने असल कामहरुबारे अभिनय गर्ने, गराउने | भिडियो. | प्रश्नोत्तर छलफल अवलोकन | २० |
| ३ | हाम्रो धर्म संस्कृति र पर्यटन | ● आफ्नो वडा भित्र बसोबास गर्ने जातजातीहरुको नाम भन्न र सूची बनाउन<br>● आफ्नो वडाभित्र रहेका प्रमुख धार्मिक स्थलहरुको परिचय दिन<br>● आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरुको संरक्षणका उपाय बताउन | ● आफ्नो वडाभित्र बस्ने विभिन्न जातजातीहरु<br>● आफ्नो वडाभित्र रहेका विभिन्न धार्मिक एवम् पर्यटकीय स्थलहरु ( मन्दिर,पाटीपौवा, गुफा, आदि)<br>● आफ्नो वडाभित्र विभिन्न पर्वमा बजाईने बाजाहरु (दमाह,झ्याली,विगुल, रुनसिङगो,ढोलक, बासुरी, आदि) | ● आफ्नो वडा भित्रका विभिन्न जातजातीहरुको सूची बनाउन लगाउने<br>● आफ्नो वडा भित्र रहेका धार्मिक एवम् पर्यटकीय स्थलहरुको अवलोकन गराइ परिचय दिने र संरक्षणका उपायहरु बताउने<br>● आफ्नो वडाभित्र विभिन्न पर्वमा बजाइने बाजाहरुको फोटो | जातजातीहरुको सूची<br>फोटोहरु<br>भिडियो<br>बाजाहरु | प्रश्नोत्तर छलफल अवलोकन | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • पर्व विशेषमा आफ्नो वडाभित्र बजाइने बाजाहरुको सूची बनाउन<br>• आफ्नो टोल छिमेकका मानिसहरुले विशेष अवसरमा गाउने गीत तथा नृत्यको अभ्यास गर्न | • आफ्नो टोल छिमेकमा पर्व विषेशमा गाइने गीत तथा नृत्यहरु (फाग, सगुन, देउडा, धुमारी, भडा, छलिया, नृत्य, आदि) | देखाइ, सूची बनाउन लगाउने<br>• आफ्नो टोल छिमेकमा विशेषमा गाइने.स्थानीय गीत एवम् नाचिने नृत्यहरुको भिडियो प्रदर्शन गरी अभ्यास गर्न लगाउने | | | |
| ४ | स्थानीय पेशा व्यवसाय र प्रविधि | • आफ्नो वडाभित्रका मानिसहरुले अपनाउँदै आएका पेशा व्यवसायहरुको सामान्य परिचय दिन<br>• आफ्नो वडा भित्रका मानिसहरुले प्रयोग गर्दै आएका स्थानीय औजारहरुको परिचय दिन<br>• स्थानीय स्तरमा उत्पादन हुने बालीनालीहरु लगाउने र फल्ने समय बताउन | • वडा क्षेत्रभित्र गर्दै आएका विभिन्न पेशा र काम<br>• वडाभित्रका मानिसहरुले प्रयोग गर्दै आएका स्थानीय औजारहरु र तिनको प्रयोग<br>• स्थानीय स्तरमा उत्पादन हुने बालीनालीहरु लगाउने र फल्ने समय<br>• स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरु र तिनीहरुको काम | • विद्यार्थीहरुलाई आफ्नो वडा भित्रका मानिसहरुले अपनाउँदै आएका पेशा ब्यवसायहरुको सामान्य परिचय दिन लगाउने<br>• आफ्नो वडाभित्र मानिसहरुले प्रयोग गर्दै आएका स्थानीय निर्मित औजारहरुको अवलोकन गराइ परिचय र प्रयोग भन्न लगाउने<br>• स्थानीय स्तरमा उत्पादन हुने बालीनाली लगाउने र फल्ने समय भन्न लगाउने | स्थानीय औजारहरुको फोटो चार्ट | छलफल प्रश्नोत्तर अवलोकन | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • स्थानीय प्रविधिबाट निर्मित सामग्रीको परिचय दिन | | • स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरुको सूची बनाई तिनको काम भन्न लगाउने | | | |
| ५ | फलफूल तथा तरकारी खेती | • स्थानीय स्तरमा उत्पादित तरकारी मध्ये जरा, डाँठ, र पातका रुपमा खाइने तरकारी छुट्याउन<br>• स्थानीय स्तरमा उत्पादित तरकारी तथा फलफूलहरु रोप्ने तरिका भन्न<br>• मौसम अनुसार स्थानीय स्तरमा उत्पादन हुने फलफूल तरकारीहरुको सूची बनाउन | • स्थानीय स्तरमा उत्पादित तरकारीहरु<br>• स्थानीय स्तरमा उत्पादित तरकारी तथा फलफूल रोप्ने तरिका<br>• मौसम अनुसार स्थानीय स्तरमा उत्पादन हुने तरकारी तथा फलफूलहरु | • विद्यार्थीहरुलाई स्थानीय स्तरमा उत्पादन हुने तरकारीहरुको चार्ट देखाइ जरा,डाँठ र पात खाने तरकारीहरु छुट्याउन लगाउने<br>• स्थानीय स्तरमा उत्पादित फलफूल तथा तरकारीहरु रोप्ने तरिका वर्णन गर्न लगाउने<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारी तथा फलफूलहरु देखाई मौसम अनुसार उत्पादन हुने फलफूल तथा तरकारीहरु छुट्याउन लगाउने | चार्ट चित्र<br>सङ्कलित फलफूल तरकारीहरु | छलफल<br>प्रश्नोत्तर | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | स्थानीय खेलकुद तथा स्वस्थ जीवनशैली | • विभिन्न स्थानीय खेलहरु खेल्ने तरिका बताउन<br>• विभिन्न स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न<br>• स्वस्थ रहन आवश्यक पर्ने आधारभूत कुराहरुको सूची बनाइ अवलम्बन गर्न<br>• आधारभूत शारीरिक कियाकलापको अभ्यास गर्न | • विभिन्न स्थानीय खेलहरु खेल्ने तरिका<br>• स्थानीय खेलहरु खेल्ने अभ्यास<br>• स्वस्थ्य रहन आवश्यक आधारभूत कुराहरु शरीरको सरसफाइ, पौष्टिक खाना आदि<br>• आधारभूत शारीरिक कियाकलापहरुको अभ्यास, नियमित व्यायाम आदि | • स्थानीय खेलहरु खेल्ने तरिका प्रदर्शन गर्ने र अवलोकन गर्न लगाउने<br>• स्थानीय खेलहरु खेल्न अभ्यास गराउने<br>• स्वस्थ्य रहन आवश्यक आधारभूत कुराहरु भन्न लगाइ सूची बनाउन लगाउने<br>• स्वस्थ जीवनशैली अपनाउन नियमित शारीरिक अभ्यास गर्न लगाइ अवलोकन गर्ने | खेल सामग्रीहरु | प्रश्नोत्तर<br>छलफल<br>अवलोकन | २३ |
| ७ | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | • प्राकृतिक तथा मानवीय कारणबाट उत्पन्न हुने विपद्हरु भन्न<br>• विपद्हरु प्रति सचेत रही बच्ने उपाय बताउन<br>• आफ्नो वडाभित्र पाइने वन्यजन्तु, औषधीजन्य वनस्पति र चराहरुको सूची | • प्राकृतिक तथा मानवीय कारणबाट उत्पन्न हुने विपद्हरु( प्राकृतिक कारण- भुकम्प, बाढी पहिरो, चट्याङ मानवीय कारण- आगलागी )<br>• विपद् प्रति सचेतना र बच्ने उपाय<br>• बन्यजन्तु औषधीजन्य वनस्पति र चराहरुको महत्व | • विपद्बाट प्रभावित भएको चित्रहरु देखाइ प्राकृतिक र मानव निर्मित विपद्हरु छुट्याउन लगाउने<br>• विभिन्न प्रकारका विपद्हरुबाट बच्ने उपायहरु छलफल गरी भन्न लगाउने<br>• आफ्नो वडाभित्र पाइने वन्यजन्तु, औषधीजन्य वनस्पति र चराहरुको | चित्र<br>चार्ट<br>फोटोहरु | प्रश्नोत्तर<br>छलफल<br>अवलोकन | २७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बनाइ महत्व वर्णन गर्न<br>• सफा र स्वच्छ वातावरण बाट हुने फाइदाबारे भन्न<br>• हरित विद्यालय बनाउन गर्नुपर्ने कार्यको सूची तयार पार्न | • सफा र स्वच्छ वातावरणबाट हुने फाइदा<br>• हरित विद्यालय बनाउन गर्नुपर्ने कार्य (वृक्षारोपण, फूलबारी निर्माण, वातावरण सरसफाइ) | सूची बनाई तिनीहरुको महत्व बताउने<br>• सफा र स्वच्छ वातावरणबाट हुने फाइदा भन्न लगाउने<br>• हरित विद्यालय बनाउन गर्नुपर्ने कार्यको सूची बनाउन लगाउने | | | |

## ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

स्थानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षाकोठा भित्र भन्दा विषयवस्तुसँग सम्बधित क्षेत्रमा गरिने क्रियाकलापमा जोड दिनुपर्दछ । यसका लागि स्थलगत अवलोकन, विषयवस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल, अन्तरक्रिया आदि गराउन सकिने छ । स्थानीय विज्ञसँग परामर्श गर्न सकिने छ । विषयवस्तुको प्रकृति अनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रर्दशन, सहभागिता, प्रश्नोत्तर, विज्ञसँग छलफल जस्ता विधिहरुको प्रयोग गरी सिकाइ सहजीकरण गर्न सकिन्छ । आधारभूत तह (कक्षा १-३) मा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइने छ । सिकाइ सहजीकरणलाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ता (Facilitator) को भुमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थी केन्द्रित शिक्षण सिकाइबाट सिकाइ प्रभावकारी हुने, बालबालिकाहरुले व्यवहारिक शिक्षा तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरुमा रहेको प्रतिभा प्रस्फुटनको सम्भावना रहने भएकाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शैक्षणिक विधि अपनाउन पर्ने हुन्छ । सबै प्रकारका क्षमता (आवश्यकता) भएका विद्यार्थीहरुलाई समेट्न कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउन पर्ने छ । कक्षा १-३ को स्थानीय विषय शिक्षण गर्दा अपनाउन सकिने केही सम्भाव्य शिक्षण विधिहरु निम्नअनुसार छन:

- कथा कथन एवम् गीत
- अभिनय/भूमिका निर्वाह
- खोज तथा अनुसन्धान
- छलफल र प्रश्नोत्तर
- सिर्जनात्मक कार्य
- समस्या समाधान विधि
- खेल विधि
- प्रयोगात्मक विधि
- स्थलगत भ्रमण
- प्रदर्शन विधि आदि

शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै स्थानीय पाठ्यक्रममा भएका सिकाइ उपलब्धि हासिल गराउन निम्नलिखित क्रियाकलाप सञ्चालन गर्न सकिने छ :

- विद्यालयले विद्यालयको हाताभित्र करेसाबारी निर्माण गरी नियमित तरकारी खेती सञ्चालन गर्ने
- विद्यालय वरिपरि रहेको खाली जग्गामा स्थानीय जातका फलफूलका बिरुवा रोप्ने र संरक्षण गर्ने
- कक्षाकोठामा शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा स्थानीय घरेलु प्रविधिका सामग्री, लोक संस्कृतिसँग सम्बन्धित सामग्री, भेषभूषा जस्ता सामग्रीको सङग्रहालय स्थापना गरी संरक्षण गर्ने र विद्यार्थीहरुको सिकाइ क्रियाकलापहरुमा प्रयोग गर्ने
- पञ्चेश्वरको भुगोल, धार्मिक, सास्कृतिक, जातजाति जस्ता कुरा झल्किने स्थानीय गीत तयार पार्ने र शिक्षक विद्यार्थीहरुले नियमित रुपमा गाउने

## ७. मुल्याङ्कन प्रक्रिया

स्थानीय पाठ्यक्रमको मुल्याङ्कन राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ (परिमार्जन सहित) र आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम २०७६ ले निर्देशित गरेअनुसार नै गर्नुपर्छ । मुल्याङकनका सबै तरिका अवलम्बन गरिए तापनि शिक्षण सिकाइ कै क्रममा बालबालिकाले गरेको क्रियाकलापको अवलोकन गरी निर्माणात्मक तथा निरन्तर मुल्याङ्कनमा जोड दिनु पर्दछ । प्रत्येक विद्यार्थीको कार्यसञ्चयीका (Portfolio) बनाई अभिलेख राख्नु पर्दछ । कक्षा १-३ मा पूर्ण रुपमा निरन्तर मुल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ । निर्माणात्मक मुल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ ।

- कक्षा १-३ का विद्यार्थीको कार्यसञ्चयीका (Portfolio) फायल राखिने छ । कार्यसञ्चयीका फायललाई विद्यार्थीको, कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन, अवलोकन, हाजिरी आदिका माध्यमबाट अद्यावधिक गरी प्रत्येक महिना अभिभावकलाई जानकारी गराउने व्यवस्था गरी कार्यसञ्चयीकामा त्यसको अभिलेख उल्लेख गर्नु पर्नेछ । आधारभूत तह (१-३) मा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिनु पर्नेछ ।
- कक्षा १-३ मा निर्माणात्मक पद्धतिका आधारमा विद्यार्थीको मुल्याङ्कन गरी उदार कक्षोन्नतीको नीति अवलम्बन गरिएकोले कक्षा १-३ मा उत्तीर्णाङ्क तोकिएको छैन ।
- उदार कक्षोन्नतीको मुख्य ध्येय शैक्षिक सत्र भरिको शिक्षण सिकाइ क्रियाकलापमा सरिक भैसकेका विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप उनीहरुको व्यवहार परिवर्तनलाई आधार मानी कक्षोन्नती गर्नु हो ।
- विद्यालयमा अति कम उपस्थित भएका र न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका विद्यार्थीहरुलाई पुनः सिक्ने अवसर दिने गरी सम्बन्धित शिक्षक, अभिभावक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नती गर्न सकिने छ ।

कक्षा १-३ का विद्यार्थीहरुको स्थानीय विषयको मूल्याङ्कनका लागि निम्नलिखित तरिका तथा साधनहरु प्रयोग गर्न सकिन्छ :

**तालिका नं. ३**
**विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरु**

| क्र. सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | अवलोकन | रुजु सूची, रुब्रिक्स, श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजु सूची, रुब्रिक्स, श्रेणी मापन र मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | रुजु सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक पश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ७ | स्वमूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल | रुजु सूची, श्रेणी मापन, फाराम | |

उल्लेखित मूल्याङ्कनका तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नु पर्दछः

| तालिका नं. ४<br>**विद्यार्थीको उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या** | | | |
|---|---|---|---|
| क.सं. | उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या | मापन |
| १ | कमजोर (Below Basic) | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको | १ |
| २ | सामान्य (Basic) | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको | २ |
| ३ | राम्रो (Proficient) | मुख्य सिकाइ उपलब्धि हासिल गरेको | ३ |
| ४ | उच्च (Advanced) | माथिल्लो स्तरको सिकाइ उपलब्धि हासिल गरेको | ४ |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रुपमा विद्यार्थीको सिकाइ उपलब्धि मुल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नु पर्दछ । मुल्याङकनको दोस्रो चरण कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लेखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरु प्रयोग गरी विद्यार्थीहरुको मुल्याङ्कन गरी सिकाइ स्तर अभिलेखीकरण गर्नुपर्छ । यसरी अभिलेखीकरण गरिएको सिकाइ स्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निमार्ण गरी कम्तीमा उपलब्धि स्तर ३ पुऱ्याउने प्रयास गर्नु पर्दछ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धि स्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्य विद्यार्थीहरुलाई अग्रिम सिकाइमा सरिक गराउनु पर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मुल्याङ्कन गरी उपलब्धि स्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नु पर्दछ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरुको सिकाइ परीक्षण पश्चात सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबल र सुधारका क्षेत्र र उपाय परिचालन गर्नु पर्दछ । यही क्रममा सबै विषय क्षेत्रको सिकाइ पश्चात सबै सिकाइ उपलब्धि परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखीकरण गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुनेछ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग, शिक्षक, विद्यार्थी अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइ स्तरको सुनिश्चितता गर्न, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइ योजना निर्माणका लागि गरिन्छ । विद्यार्थी मुल्याङ्कनका लागि नमुना साधन, प्रयोग गर्ने तरिका तथा मुल्याङ्कनको अभिलेख व्यवस्थापन सम्बन्धी अनुसूचीमा समावेश गरिएको छ । क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत र विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{(क) क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कका जोड}}{\text{४}\times \text{ मुल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}} \times \text{१००}$$

$$\text{(ख) विषय क्षेत्रगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कका जोड}}{\text{४}\times \text{ मुल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}} \times \text{१००}$$

## अनुसूची १

## विद्यार्थीको व्यक्तिगत विवरण

१.विद्यार्थीको व्यैयक्तिक तथा पारिवारिक विवरण

(क)विद्यालयको नाम : ..................................................................

(ख)ठेगाना : .........................................................................

(ग)विद्यार्थीको नाम : ..................................................................

(घ)जन्म मिति : ...............................................................

(ङ)विद्यार्थीको घरको ठेगाना : ...............................................................

(च)पारिवारीक विवरण : ..................................................................

(अ)आमाको नाम : ...............................पेशा .................... सम्पर्क नं..........................

(आ)बाबुको नाम : .................................पेशा .....................सम्पर्क नं..........................

(छ)बाबुआमा बाहेक अरु कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

(अ)नाम : ........................................ पेशा .......................सम्पर्क नं..........................

(आ)विद्यार्थीसँगको नाता : ........................................................................

(ज)विद्यालय भर्ना मिति र कक्षा : .................................................

(झ)मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता : ..................................

(ञ)अघिल्लो अनुभव :

(अ) कक्षा १ मा भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको ............

(आ)अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव .........................

२.स्वास्थसम्बन्धी विवरण

(क)तौल र उचाइ

| मिति | तौल (के.जी.मा) | उचाइ (से.मी.मा) | प्रतिक्रिया (यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(ख)कुनै विशेष रोग भएमा सो बारे टिपोट : ....................................................................

(ग)कुनै अपाङ्गता भए सोको विवरण : ........................................................................

(घ)अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए : ...........................................................

## अनूसूची २ः

## स्थानीय विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख

मापन तरिका : प्रत्येक सिकाइ उपलब्धिका लागि दिइएका उपलब्धि सूचक विद्यार्थीले हासिल गरेमा सम्बन्धित कोठामा सकेको (√) र हाँसिल नभए (✕) चिन्ह लगाउनुहोस् । प्रत्येक चार सूचक मध्ये हाँसिल भएका सूचक (√) चिन्ह गर्नुहोस र त्यति नै अङ्क अङ्कन महलमा लेख्नुहोस् । तपाइले प्रयोग गर्नु भएको साधनमा चिन्ह लगाउनुहोस् वा अन्य साधनहरु प्रयोग गर्नु भएको भए सोही महलमा लेख्नुहोस् ।

<table>
<tr><td colspan="3">कक्षा. १</td><td colspan="7">विद्यार्थीको नाम :</td></tr>
<tr><td rowspan="2">विषयक्षेत्र</td><td rowspan="2">मुख्य सिकाइ उपलब्धि</td><td rowspan="2">सिकाइ उपलब्धि सूचक</td><td colspan="3">नियमित सिकाइ पछिको मूल्याङ्कन</td><td colspan="3">थप सहायता पछिको मूल्याङ्कन</td><td rowspan="2">मूल्याङ्कनका सम्भाव्य साधन</td></tr>
<tr><td>सकेको/न सकेको</td><td>मिति</td><td>अङ्कन</td><td>सकेको/न सकेको</td><td>मिति</td><td>अङ्कन</td></tr>
<tr><td rowspan="4">१. म, हामी र हाम्रो पञ्चेश्वर</td><td rowspan="4">आफ्नो,परिवार, टोलको परिचय दिन नाता सम्बन्ध बताउन</td><td>१) आफू र आफ्ना परिवारका सदस्यहरुको नाम भन्न</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td rowspan="5">प्रश्नोत्तर, छलफल मूल्याङ्कन फाराम मौखिक प्रश्न</td></tr>
<tr><td>२) आफू बस्ने टोलको नाम बताउन</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३) आफ्ना परिवारका सदस्यहरुसँगको नाता भन्न</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४)आफ्नो कक्षामा पढ्ने साथीहरुको नाम भन्न</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">अभिभावकको दस्तखत :</td><td>शिक्षकको दस्तखत :<br>मिति :</td><td>उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="3">२. सामाजिक मूल्य मान्यता र</td><td rowspan="3">परिवारका सदस्यहरु, साथी र विद्यालयका शिक्षकहरुसँग</td><td>१) परिवारका सदस्यहरुसँग घुलमिल हुन</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td rowspan="3">व्यवहार अवलोकन</td></tr>
<tr><td>२) साथीहरुसँग घुलमिल हुन</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३) विद्यालयका शिक्षकहरुसँग घुलमिल हुन</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सकारात्मक व्यवहार | घुलमिल र आदरसत्कार गर्न | ४) शिक्षकहरुलाई आदर सत्कार गर्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ३. हाम्रो धर्म संस्कृति तथा पर्यटन | आफ्नो टोलका जातजाति, अपनाउँदै आएका संस्कारहरु, धार्मिक स्थलको नाम र मनाइने पर्वहरु पहिचान गर्न | १) आफ्नो टोलमा बस्ने मानिसहरुको जातजातिको नाम भन्न | | | | | | | प्रश्नोत्तर छलफल |
| | | २) आफ्नो परिवारले अपनाउँदै आएका कुनै २ वटा संस्कारहरु भन्न | | | | | | | |
| | | ३) आफ्नो टोलभित्र पर्ने धार्मिक स्थलको नाम बताउन | | | | | | | |
| | | ४) आफ्नो टोल वा छिमेकमा मनाइने धार्मिक पर्वहरु पहिचान गर्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ४. स्थानीय पेशा, व्यवसाय र प्रविधि | परिवारका सदस्यहरुले अपनाउँदै आएका पेशा व्यवसाय, स्थानीय औजार, रैथाने बालीनाली र पेशागत सामग्रीहरुको नाम भन्न | १) आफ्नो परिवारका सदस्यहरुले अपनाउँदै आएका पेशा व्यवसायको नाम भन्न | | | | | | | प्रश्नोत्तर छलफल |
| | | २) आफ्नो परिवारका सदस्यहरुले प्रयोग गर्दै आएका स्थानीय उत्पादित औजारहरुको नाम भन्न | | | | | | | |
| | | ३) आफ्नो घर परिवारका सदस्यहरुले उत्पादन गर्दै आएका स्थानीय रैथाने बालिनालीहरुको नाम भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ४) स्थानीय पेशागत सामग्रीहरुको नाम भन्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ५. फलफूल तथा तरकारी खेती | आफ्नो टोल छिमेकमा फल्ने फलफूल तथा तरकारीहरुको पहिचान गरी रङ तथा स्वाद बताउन | १) आफ्नो टोल छिमेकमा फल्ने फलफूलहरुको नामहरु भन्न | | | | | | | प्रश्नोत्तर अवलोकन |
| | | २) आफ्नो टोल छिमेकमा फल्ने तरकारीका नामहरु भन्न | | | | | | | |
| | | ३) तरकारीहरु पहिचान गरी रङ तथा स्वाद बताउन | | | | | | | |
| | | ४) फलफूलहरु पहिचान गरी रङ तथा स्वाद बताउन | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ६. स्थानीय खेलकुद र स्वस्थ जीवनशैली | विभिन्न स्थानीय खेलहरुको पहिचान, खेल्ने अभ्यास, ताजा सफा खानेकुरा सेवन, स्वथ्यकर र सुरक्षित बानीको विकास तथा चोटपटक लाग्न सक्ने अवस्थाहरुको पहिचान गर्न | १) आफ्नो स्थानीय स्तरमा खेलौनाको प्रयोग गरी वा नगरी खेलिने विभिन्न स्थानीय खेलहरुको पहिचान गर्न | | | | | | | प्रश्नोत्तर छलफल प्रदर्शन व्यवहार अवलोकन |
| | | २) ताजा सफा खानेकुरा खाने बानी बसाल्न | | | | | | | |
| | | ३) स्वथ्यकर र सुरक्षित बानीको विकास गर्न | | | | | | | |
| | | ४) चोटपटक लाग्न सक्ने अवस्थाहरुको पहिचान गर्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | स्थानीय प्रकोप, विपद्हरु, वनस्पति, बन्यजन्तु र वातावरणीय सरसफाइको अवधारणा बताउन | १) विभिन्न प्रकारका प्रकोप र विपद्हरुको नाम भन्न | | | | | | | छलफल प्रश्नोत्तर प्रदर्शन अवलोकन |
| | | २) घर, विद्यालय र समुदायमा आउने विपद् पहिचान गर्न | | | | | | | |
| | | ३) आफ्नो परिवेशमा पाइने वनस्पति र बन्यजन्तुका नाम भन्न | | | | | | | |
| | | ४) वातावरणीय सरसफाइको अवधारणा पहिचान गर्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |

## स्थानीय विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख

मापन तरिका : प्रत्येक सिकाइ उपलब्धिका लागि दिइएका उपलब्धि सूचक विद्यार्थीले हासिल गरेमा सम्बन्धित कोठामा सकेको (√) र हासिल नभए (X) चिन्ह लगाउनुहोस् । प्रत्येक चार सूचक मध्ये हासिल भएका सूचक (√) चिन्ह गर्नुहोस् र त्यति नै अङ्क अङ्कन महलमा लेख्नुहोस् । तपाइले प्रयोग गर्नु भएको साधनमा चिन्ह लगाउनुहोस् वा अन्य साधनहरु प्रयोग गर्नु भएको भए सोही महलमा लेख्नुहोस् ।

कक्षा : २ विद्यार्थीको नाम :

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि सूचक | नियमित सिकाइ पछिको मूल्याङ्कन | | | थप सहायता पछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/न सकेको | मिति | अङ्कन | सकेको/न सकेको | मिति | अङ्कन | |
| १. म, हामी र हाम्रो पञ्चेश्वर | आफ्ना छिमेकी र साथीहरुको नाम, उनीहरुसँगको नाता तथा स्थानीय खोलानालाको परिचय दिन | १) आफ्नो टोल र छरछिमेकमा बस्ने मानिसहरुको नाम भन्न | | | | | | | प्रश्नोत्तर<br>छलफल<br>अवलोकन<br>कक्षाकार्य |
| | | २) आफ्नो टोल र छरछिमेकमा बस्ने मानिसहरु सँगको नाता बताउन | | | | | | | |
| | | ३) आफ्नो कक्षाका साथिहरुको नाम भन्न | | | | | | | |
| | | ४) आफ्नो घर, छिमेकमा भएका खोलानालाको परिचय र नाम भन्न, | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| २. सामाजिक | सकारात्मक व्यवहारसँग | १) सकारात्मक व्यवहारको अवधारणा बताउन | | | | | | | प्रश्नोत्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मूल्यमान्यता र सकारात्मक व्यवहार | परिचित भई टोल, छिमेकका मानिसहरुसँग सकारात्मक व्यवहार गर्न | २) आफ्नो परिवारसँग सकारात्मक व्यवहार प्रदर्शन गर्न | | | | | | | अभिभावकको प्रतिक्रिया व्यवहार अवलोकन |
| | | ३) टोल र छिमेकका मानिसहरुसँग परिचित हुन | | | | | | | |
| | | ४) टोल र छिमेकमा बस्ने मानिसहरुसँग सकारात्मक व्यवहार प्रदर्शन गर्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ३. हाम्रो धर्म संस्कृति र पर्यटन | छिमेकमा बस्ने जातजाति, संस्कारहरु, धार्मिक स्थलहरु र पर्व विशेषमा बजाइने बाजाहरुको पहिचान गर्न | १) आफ्नो छिमेकमा बस्ने जातजातिको सूची बनाउन | | | | | | | प्रश्नोत्तर छलफल अवलोकन कक्षाकार्य |
| | | २) आफ्नो परिवारले अपनाउँदै आएका कुनै ४ वटा संस्कारहरुको सूची बनाउन | | | | | | | |
| | | ३) आफ्नो टोलभित्र पर्ने धार्मिक स्थलहरुको परिचय दिन | | | | | | | |
| | | ४) पर्व विशेषमा आफ्नो टोलभित्र बजाइने बाजाहरुको नाम भन्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ४. स्थानीय पेशा | टोल छिमेकमा अपनाउँदै | १) आफ्नो टोल छिमेकका मानिसहरुले अपनाउँदै आएका | | | | | | | प्रश्नोत्तर छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| व्यवसाय र प्रविधि | आएका पेशा व्यवसाय, स्थानीय औजार, रैथाने बाली र स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरुको पहिचान गर्न | पेशा व्यवसायको नाम भन्न र सूची बनाउन | | | | | | | कक्षाकार्य अवलोकन |
| | | २) आफ्नो टोल छिमेकका मानिसहरुले प्रयोग गर्ने स्थानीय औजारहरुको सूची बनाउन | | | | | | | |
| | | ३) आफ्नो छरछिमेकका मानिसहरुले उत्पादन गर्ने रैथाने स्थानीय बालीहरुको सूची बनाउन | | | | | | | |
| | | ४) स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरुको नाम लेख्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ५. फलफूल तथा तरकारी खेती | आफ्नो स्थानीय स्तरमा मौसम अनुसार उत्पादन हुने फलफूल तथा तरकारीहरुको पहिचान गरी सूची बनाउन | १) स्थानीय जातका फलफूलको पहिचान गर्न | | | | | | | प्रश्नोत्तर छलफल अवलोकन |
| | | २) स्थानीय जातका तरकारीहरुको पहिचान गर्न | | | | | | | |
| | | ३) आफ्नो स्थानीय स्तरमा पाइने फलफूल तथा तरकारीहरुको सूची तयार गर्न | | | | | | | |
| | | ४) स्थानीय स्तरमा मौसम अनुसार उत्पादन हुने फलफूल तथा तरकारीहरुको नाम बताउन | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. स्थानीय खेलकुद र स्वस्थ जीवनशैली | सामान्य सुरक्षाका उपाय अबलम्वन गरी स्थानीय खेलहरु खेल्ने अभ्यास, स्वथ्यकर र सुरक्षित बानीको विकास गर्न | १) विभिन्न स्थानीय खेलहरुको सूची तयार पार्न | | | | | | | प्रश्नोत्तर छलफल अवलोकन |
| | | २) खेलौनाको प्रयोग गरी वा नगरी स्थानीय खेल खेल्ने अभ्यास गर्न | | | | | | | |
| | | ३) सामान्य सुरक्षाका उपाय अबलम्वन गर्न | | | | | | | |
| | | ४) स्वथ्यकर र सुरक्षित बानीको अभ्यास गर्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ७. विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | स्थानीय स्तरमा हुन सक्ने विपद्हरु, बन्यजन्तु, औषधी जन्य वनस्पति र चराहरुको पहिचान, सचेतना तथा हरित विद्यालयको अवधारणा बताउन | १) स्थानीय स्तरमा हुन सक्ने विपद्हरुको सूची बनाउन | | | | | | | प्रश्नोत्तर छलफल अवलोकन |
| | | २) घर, विद्यालय र समुदायमा हुनसक्ने विपद्हरुबारे सचेत रहन | | | | | | | |
| | | ३) आफ्नो वडाभित्र पाइने बन्यजन्तु, औषधीजन्य वनस्पति र चराहरुको नाम भन्न | | | | | | | |
| | | ४) हरित विद्यालयको अवधारणा बताई आफ्नो कक्षाकोठाको सरसफाइमा सहभागी हुन | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |

## **स्थानीय विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख**

मापन तरिका : प्रत्येक सिकाइ उपलब्धिका लागि दिइएका सिकाइ उपलब्धि सूचक विद्यार्थीले हासिल गरेमा सम्बन्धित कोठामा सकेको (√) र हासिल नभए (X) चिन्ह लगाउनुहोस् । प्रत्येक चार सूचक मध्ये हासिल भएका सूचक (√) चिन्ह गर्नुहोस् र त्यति नै अङ्क अङ्कन महलमा लेख्नुहोस् । तपाइले प्रयोग गर्नु भएको साधनमा चिन्ह लगाउनुहोस् वा अन्य साधनहरु प्रयोग गर्नु भएको भए सोही महलमा लेख्नुहोस् ।

कक्षा : ३ विद्यार्थीको नाम :

| विषयक्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि सूचक | नियमित सिकाइ पछिको मूल्याङ्कन | | | थप सहायता पछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/नसकेको | मिति | अङ्कन | सकेको/न सकेको | मिति | अङ्कन | |
| १. म हामी र हाम्रो पञ्चेश्वर | आफू बसोबास गरेको वडाभित्रको भौगोलिक अवस्था, वनजङ्गल, खोलानाला, शिक्षा प्रदायक संस्था र अन्य संस्थाहरुको परिचय दिन | १) आफू बसोबास गरेको वडाको परिचय दिन | | | | | | | प्रश्नोत्तर छलफल अवलोकन |
| | | २) आफू बस्ने वडाभित्र रहेका वनजङ्गल र खोलानालाहरुको परिचय र नाम भन्न | | | | | | | |
| | | ३) आफू बस्ने वडाको भौगोलिक अवस्था भन्न | | | | | | | |
| | | ४) आफू बस्ने वडामा भएका शिक्षा प्रदायक संस्था तथा अन्य संस्थाहरुको नाम बताउन | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत : मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| २. सामाजिक मूल्य मान्यता | परिवार र नातेदारसँग | १) आफ्नो परिवारको काममा सहयोग र सम्मान गर्न | | | | | | | प्रश्नोत्तर छलफल अवलोकन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| र सकारात्मक व्यवहार | असल सम्बन्ध स्थापना गरी काममा सहयोग र सम्मान गर्न | २) आफ्नो समुदायको काममा सहयोग र सम्मान गर्न | | | | | | | |
| | | ३) परिवारसँग असल सम्बन्ध स्थापना गर्न | | | | | | | |
| | | ४) नातेदारसँग असल सम्बन्ध स्थापना गर्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ३. हाम्रो धर्म संस्कृति र पर्यटन | आफ्नो वडाभित्र बसोबास गर्ने जातजाति, धार्मिक तथा पर्यटकीय स्थल, बजाइने बाजा, गाइने गीत र नृत्यको बारेमा बताउन | १) आफ्नो वडा भित्र बसोबास गर्ने जातजातीहरुको नाम भन्न र सूची बनाउन | | | | | | | प्रश्नोत्तर छलफल अवलोकन |
| | | २) आफ्नो वडाभित्र रहेका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुको परिचय दिई संरक्षण गर्न | | | | | | | |
| | | ३) पर्व विशेषमा आफ्नो वडाभित्र बजाइने बाजाहरुको सूची बनाउन | | | | | | | |
| | | ४) आफ्नो टोल छिमेकमा विशेष अवसरमा गाइने गीत तथा नाच्ने नृत्यको अभ्यास गर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ४. स्थानीय पेशा व्यवसाय र प्रविधि | वडाभित्रका पेशा व्यवसाय, स्थानीय औजारहरु, बालीनाली र स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरुको परिचय दिन | १) आफ्नो वडाभित्रका मानिसहरुले अपनाउँदै आएका पेशा व्यवसायहरुको सामान्य परिचय दिन | | | | | | | छलफल प्रश्नोत्तर अवलोकन |
| | | २) आफ्नो वडाभित्रका मानिसहरुले प्रयोग गर्दै आएका स्थानीय औजारहरुको परिचय दिन | | | | | | | |
| | | ३) स्थानीय स्तरमा उत्पादन हुने बालीनालीहरु लगाउने र फल्ने समय बताउन | | | | | | | |
| | | ४) स्थानीय प्रविधिबाट निर्मित सामग्रीको परिचय दिन | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ५. फलफूल तथा तरकारी खेती | मौसम अनुसार स्थानीय स्तरमा उत्पादन हुने | १) स्थानीय स्तरमा उत्पादन हुने तरकारी तथा फलफूल छुट्याउन | | | | | | | छलफल प्रश्नोत्तर |
| | | २) स्थानीय स्तरमा उत्पादित तरकारी तथा | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तरकारी तथा फलफूलहरुको वर्गीकरण गर्न र रोप्ने तरिका बताउन | फलफूलहरु रोप्ने तरिका भन्न | | | | | | | |
| | | ३) मौसम अनुसार स्थानीय स्तरमा उत्पादन हुने फलफूल तरकारीहरुको सूची बनाउन | | | | | | | |
| | | ४) स्थानीय स्तरमा उत्पादित तरकारी मध्ये जरा, डाँठ र पातका रुपमा खाइने तरकारी छुट्याउन | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ६.स्थानीय खेलकुद तथा स्वस्थ जीवनशैली | विभिन्न स्थानीय खेलहरु खेल्न र आधारभूत शारीरिक क्रियाकलाप गरी स्वस्थ जीवनशैली अपनाउन | १) विभिन्न स्थानीय खेलहरु खेल्ने तरिका बताउन | | | | | | | प्रश्नोत्तर छलफल अवलोकन |
| | | २) विभिन्न स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न | | | | | | | |
| | | ३) स्वस्थ रहन आवश्यक पर्ने आधारभूत कुराहरुको सूची बनाइ अवलम्बन गर्न | | | | | | | |
| | | ४) आधारभूत शारीरिक क्रियाकलापको अभ्यास गर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |
| ७. विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | विपद्बाट बच्ने उपाय र वडाभित्र रहेका प्राकृतिक सम्पदाहरुको सूची बनाई हरित विद्यालयको फाइदा र महत्व बताउन | १) प्राकृतिक तथा मानवीय कारणबाट उत्पन्न हुने विपद्हरु भन्न | | | | | | | प्रश्नोत्तर छलफल अवलोकन |
| | | २) विपद्हरु प्रती सचेत रही बच्ने उपाय बताउन | | | | | | | |
| | | ३) आफ्नो वडाभित्र पाइने वन्यजन्तु, औषधीजन्य वनस्पति र चराहरुको सूची बनाइ महत्व वर्णन गर्न | | | | | | | |
| | | ४) हरित विद्यालय, सफा र स्वच्छ वातावरणबाट हुने फाइदा तथा बनाउन गर्नुपर्ने कार्यको सूची तयार पार्न | | | | | | | |
| अभिभावकको दस्तखत : | | शिक्षकको दस्तखत :<br>मिति : | उपलब्धि प्रतिशत | | | | | | |

## अनूसूची ३

विद्यार्थीको समग्र प्रगति प्रतिवेदनको ढाँचा

विद्यार्थीको प्रगति प्रतिवेदन

विद्यार्थीको नाम : कक्षा: रोल नं. :

विद्यालयको नाम : सङ्केत नं.: शैक्षिक सत्र :

उपस्थिति : विद्यालय सञ्चालन भएको दिन : .............. उपस्थित भएको दिन र प्रतिशत :..............

| क.सं. | विषयवस्तुको क्षेत्र | पाठ्यघण्टा | सिकाइ उपलब्धि संख्या | स्तरअनुसार उपलब्धि संख्या क | समग्र उपलब्धि स्तर ख |
|---|---|---|---|---|---|
| १. | नेपाली | ५ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| २. | गणित | ४ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ३. | अंग्रेजी | ४ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ४. | हाम्रो सेरोफेरो | ८ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ५. | हाम्रो पञ्चेश्वर | ५ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |

(क) विषयगत सिकाइ उपलब्धि मापनको अभिलेखका आधारमा कमजोर : १ अङ्क प्राप्त उपलब्धि संख्या, सामान्य : २ अङ्क प्राप्त उपलब्धि संख्या, राम्रो : ३ अङ्क प्राप्त उपलब्धि संख्या, उच्च : ४ अङ्क प्राप्त उपलब्धि संख्या

(ख) विषयगत सिकाइ उपलब्धि प्रतिशतका आधारमा समग्र विषय क्षेत्रगत सिकाइ उपलब्धि स्तर उत्कृष्ट (९०-१००%) लाई A*, उच्च (७५-९०%) लाई A, राम्रो (६०-७५%) लाई B, सामान्य (४०-६०%) लाई C, कमजोर (२०-४०%) लाई D, र ज्यादै कमजोर (०-२०%) लाई E स्तर निर्धारण गर्नु पर्दछ।

.......... ..........

कक्षा शिक्षक प्रधानाध्यापक

मिति ............................

# खण्ड ख

# आधारभूत तह (कक्षा ४-५) को स्थानीय पाठ्यक्रम, 'हाम्रो पञ्चेश्वर', २०८०

## १. आधारभूत तह (कक्षा ४-५) को स्थानीय पाठयक्रमको संरचना

तालिका नं. १

स्थानीय पाठयक्रमको संरचना कक्षा ४ र ५

| क्र.सं. | कक्षा | विषय | पाठयघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा (Annual Working Hour) |
|---|---|---|---|---|
| १ | ४ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |
| २ | ५ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठयघण्टा (Credit Hour) मानिएको छ। वार्षिक कार्यघण्टा (Annual Working Hour) भन्नाले वर्षभरीमा दैनिक १ घण्टाका दरले पठनपाठन गर्नुपर्ने न्यूनतम समयावधिलाई जनाउछ।

## २. स्थानीय पाठ्यक्रमको विषय क्षेत्रगत पाठ्यभार निर्धारण

तालिका नं.२

विषय क्षेत्रगत पाठ्यभार निर्धारण कक्षा ४ र ५

| क्र.सं. | थिम/ विषयवस्तुको क्षेत्र | कार्यघण्टा | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १. | म, हामी र हाम्रो पञ्चेश्वर | १८ | १८ |
| २. | सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार | १६ | १६ |
| ३. | हाम्रो धर्म, संस्कृति र पर्यटन | १६ | १६ |
| ४. | स्थानीय पेशा, व्यवसाय र प्रविधि | १८ | १८ |
| ५. | फलफूल तथा तरकारी खेती | १८ | १८ |
| ६. | स्थानीय खेलकुद तथा स्वस्थ्य जीवनशैली | १८ | १८ |
| ७ | विपद व्यवस्थापन, वातावरण र हरित विद्यालय | २४ | २४ |
| वार्षिक कार्यघण्टा जम्मा | | १२८ | १२८ |

## ३.आधारभूत तह (कक्षा ४-५) को स्थानीय पाठयक्रमका सक्षमताहरु

कक्षा ४ र ५ को स्थानीय विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीहरुमा निम्नलिखित सक्षमताहरु हासिल हुने छन् :

१. पञ्चेश्वर गाउँपालिकाको भौगोलिक प्राकृतिक अवस्था र नक्साङकन
२. असल सामाजिक मूल्य मान्यताको नियम तथा आचरणको पहिचान र अवलम्बन
३. स्थानीय क्षेत्रमा प्रचलित चाडपर्व, धर्म र सस्कृतिको पहिचान
४. स्थानीय पेशा व्यवसाय, प्रविधिको पहिचान र उपयोग
५. तरकारी खेती, फलफूल खेती र खेती कार्यमा सहयोग
६. स्थानीय खेलकुदको परिचय, अभ्यास र व्यायाम
७. स्थानीय प्रकोप र जोखिमका क्षेत्रहरुको पहिचान तथा हरित विद्यालयको अवधारणासँग परिचित

## ४. कक्षागत सिकाइ उपलब्धिहरु आधारभूत तह कक्षा ४-५

| कक्षागत सिकाइ उपलब्धिहरु कक्षा ४- ५ | | | |
|---|---|---|---|
| क्र.सं. | विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ |
| १ | हाम्रो पञ्चेश्वर | ● पञ्चेश्वर गाउँपालिकाको परिचय, भौगोलिक अवस्था र वडा सिमाना बताउन<br>● वनजङ्गल खोलानालाको परिचय दिन<br>● वडाबाट प्रवाह हुने सेवा सूचीकरण गर्न | ● पञ्चेश्वर गाउँपालिकाको भौगोलिक, प्राकृतिक अवस्था, क्षेत्रफल, वडाभित्र रहेका विद्यालय, बाटो, सडक, आदिको नक्साङ्कन गर्न<br>● वडा भित्रका खोलानाला, वनजङ्गलको सूची बनाउन र महत्व बताउन<br>● वडा समितिको गठन प्रकिया र कार्य बताउन |
| २. | सामाजिक मूल्य मान्यता र सकारात्मक सोच | ● सामाजिक मूल्य मान्यता एवं आत्मानुशासनको परिचय दिन | ● सोचविचार गरेर सत्य बोल्न सिक्नु<br>● धैर्यता, सहनशीलता शान्ति र संयमता अपनाउनु<br>● सकारात्मक सामाजिक व्यवहारहरु अवलम्बन गर्न |
| ३. | हाम्रो धर्म संस्कृति र पर्यटन | ● गाउँपालिकाभित्र रहेका प्रमुख धार्मिक स्थलहरुको संक्षिप्त वर्णन गर्न<br>● संस्कृति र चाडपर्वहरु उल्लेख गर्न<br>● गाउँपालिका भित्रका मुख्य पर्यटकीय सम्पदाहरुको नाम र अवस्था बताउन | ● गाउँपालिका भित्रका प्रमुख धार्मिक स्थलहरुको पहिचान र महत्व बताउन<br>● गाउँपालिका भित्रका प्रचलित स्थानीय बाजाहरुको पहिचान र जगेर्ना गर्न ।<br>● गाउँपालिकाभित्र रहेका प्रमुख पर्यटकीय स्थलहरुको महत्व बताउन |
| ४. | स्थानीय पेशा व्यवसाय र प्रविधि | ● घर तथा समुदायमा हुने कृषिजन्य उत्पादन (आलु, मकै, धान, गहुँ, कोदो, मादुरो, चिनो, गानरो, कागुनो) आदिको महत्व बताउन<br>● स्थानीय परम्परागत व्यवसाय र प्रविधिको महत्व बताउन | ● गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रको पहिचान र विभिन्न बालीहरुको महत्व बताउन<br>● स्थानीय सिप र प्रविधिबाट निर्मित विभिन्न घरेलु सामानको आवश्यकता तथा प्रयोग गर्न |
| ५. | फलफूल तथा तरकारी खेती | ● स्थानीय स्तरमा उत्पादन हुने फलफूलमा मलजल,गोडमेल, काँटछाँट र संरक्षण गर्न<br>● स्थानीय स्तरमा उत्पादन हुने तरकारीमा मलजल, गोडमेल, र संरक्षण गर्न<br>● फलफूल तथा तरकारीबाट हुने फाइदा बताउन | ● फलफूल तथा तरकारीको महत्व, फाइदा र प्रयोग बताउन<br>● फलफूल तथा तरकारी खेतीमा लाग्ने रोग किराको नाम बताउन<br>● फलफूल तथा तरकारी खेतीमा लाग्ने रोग किराको नाम लेख्न र उपचारका स्थानीय तरिका बताउन |

| | | | |
|---|---|---|---|
| ६. | स्थानीय खेलकुद र स्वस्थ्य जीवनशैली | ● स्थानीय खेलको परिचय दिइ सूची तयार गर्न<br>● स्थानीय खेल खेल्न र महत्व बताउन<br>● स्वस्थ र अस्वस्थकर भोजन पहिचान गर्न र भिन्नता छुट्याउन<br>● स्वस्थकर खानाको महत्व बताउन | ● स्थानीय स्तरमा खेलिने खेलहरु सिक्न र खेल्न<br>● स्थानीय खेलहरुको महत्व बताउन<br>● रैथाने/स्थानीय खाना र आयातित/पत्रु खाना पहिचान गरी उपयुक्त खानाको सेवन गर्न<br>● स्वस्थ पोषिलो खाना चिन्न र प्रयोग गर्न |
| ७. | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | ● प्राकृतिक विपद् र मानव सिर्जित विपद्को पहिचान गर्न<br>● हावाहुरी, चट्याङ, भुकम्प, बाढी, पहिरो र आगलागीबाट बच्नका लागि आवश्यक उपाय अपनाउन<br>● गाउँपालिका भित्रको वनमा पाइने वन्यजन्तु, औषधीजन्य वनस्पति तथा चराहरुको नाम भन्न र महत्व बताउन<br>● विद्यालयमा बालवगैंचा निर्माण र वृक्षारोपणमा सहभागी हुन | ● प्राकृतिक र मानवसृजित प्रकोप/ विपद्का बारेमा बताउन<br>● प्रदूषणको परिचय, प्रकार, कारण र प्रदूषण न्यूनीकरणका उपाय बताउन<br>● गाउँपालिका भित्रको वनमा पाइने वन्यजन्तु, औषधीजन्य वनस्पति तथा चराहरुको संरक्षणका उपायहरु बताउन<br>● विद्यालयमा वृक्षारोपण र बालवगैंचा निर्माणमा सहभागी हुन |

## ५. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण

**कक्षा ४**
**विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण**

| क्र.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो पञ्चेश्वर | • पञ्चेश्वर गाउँपालिकाको परिचय, भौगोलिक अवस्था र वडा सिमाना बताउन<br>• वनजङ्गल खोलानालाको परिचय दिन<br>• वडाबाट प्रवाह हुने सेवा सूचीकरण गर्न | पञ्चेश्वर गाउँपालिकाको परिचय<br>• भौगोलिक अवस्था<br>• वडा सिमाना<br>• वडा समितिको परिचय र प्रवाह गरिने सेवाहरु | • पञ्चेश्वर गाउँपालिकाको नक्सा देखाएर विद्यार्थीहरुलाई आफू बसेको वडा एवम् अन्य वडाको सिमाना चिन्न लगाउने<br>• विद्यार्थीलाई भौगौलिक अवस्था, वडासिमाना, वनजङ्गल, खोलानाला पहिचानमा सहजीकरण गर्ने | नक्सा<br>वनजङ्गल<br>खोलानाला का चित्रहरु | अवलोकन<br>छलफल<br>प्रश्नोत्तर | १८ |
| २ | सामाजिक मूल्य मान्यता तथा सकारात्मक व्यवहार | • सामाजिक मूल्य मान्यता एवम् आत्मानुशासनको परिचय दिन | हाम्रा सामाजिक मूल्य मान्यता<br>• समाजको अवधारणा<br>• अनुशासन, सत्कार्य, सहयोग, सहकार्य, सेवा, आपसी मेलमिलाप | • समाजको अवधारणा, सामाजिक मूल्य मान्यता,अनुशासन, सत्कार्य, सहयोग, सहकार्य, सेवा, आदिका बारेमा आपसी छलफल, प्रश्नोत्तर, चित्र, प्रदर्शन, समूह, कार्यमा अभ्यास गराउने | चित्र, पोस्टर<br>पत्रपत्रिका,<br>श्रव्य-दृश्य सामाग्री | प्रश्नोत्तर,<br>व्यवहार,<br>अवलोकन,<br>कक्षाकार्य | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | हाम्रो धर्म संस्कृति तथा पर्यटन | • गाउँपालिकाभित्र रहेका प्रमुख धार्मिक स्थलहरुको संक्षिप्त बर्णन गर्न<br>• संस्कृति र चाडपर्वहरु उल्लेख गर्न<br>• गाउँपालिका भित्रका मुख्य पर्यटकीय सम्पदाहरुको नाम र अवस्था बताउन | • हाम्रा धार्मिक स्थलहरु<br>• संस्कृति र चाडपर्वहरु<br>• पर्यटन | • गाउँपालिका भित्र रहेका धार्मिक स्थलहरुको सूची र अवस्थिती जनाउने तालिका, फोटो, वृत्रचित्र, भिडियो देखाइ प्रष्ट पार्ने<br>• स्थानीय चाडपर्वहरुमा ( गौरा, दशैँ, तिहार, जात्रा आदि) गाइने मौलिक गीत गाउने अभ्यास गर्न लगाउने<br>• गाउँपालिका भित्रका प्रमुख प्रर्यटकीय क्षेत्रहरुको फोटो, भिडियो, तालिका प्रस्तुत गरी छलफल गराउने, | चित्र<br>फोटो<br>भिडियो | कक्षाकार्य<br>प्रश्नोत्तर<br>भ्रमण | १६ |
| ४ | स्थानीय पेशा व्यवसाय र प्रविधि | • घर तथा समुदायमा हुने कृषिजन्य उत्पादन (आलु, मकै, धान, गहुँ, कोदो, मादुरो, चिनो, गानरो, कागुनो) आदिको महत्व बताउन<br>• स्थानीय परम्परागत व्यवसाय र प्रविधिको महत्व बताउन | • कृषि<br>• व्यवसाय र प्रविधि | • घर तथा समुदायमा अपनाइने परम्परागत खेतीबारे छलफल गरी महत्व स्पष्ट पार्ने<br>• स्थानीय परम्परागत व्यवसाय र प्रविधि (जातो, ओखल, पानीघट्ट, कोल, आरन, सिलाइ, डोको, नाम्लो, दाम्लो, चाल्लो) आदिको सूची बनाई महत्व बारे छलफल गराउने | सङ्कलित बस्तु, अन्नबाली औजार आदि | अवलोकन<br>कक्षाकार्य<br>प्रश्नोत्तर | १८ |
| ५ | फलफूल तथा तरकारी खेती | • स्थानीय स्तरमा उत्पादन हुने फलफूलमा | • फलफूल तथा तरकारी खेतीको परिचय | • आफ्नो समुदायमा पाइने फलफूल तथा तरकारीको नमुना | सङ्कलित फलफूल तथा | अवलोकन<br>कक्षाकार्य<br>प्रश्नोत्तर | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मलजल,गोडमेल, काँटछाँट र संरक्षण गर्न<br>● स्थानीय स्तरमा उत्पादन हुने तरकारीमा मलजल, गोडमेल, र संरक्षण गर्न<br>● फलफूल तथा तरकारीबाट हुने फाइदा बताउन | ● स्थानीय स्तरमा उत्पादन हुने तरकारीको मलजल, गोडमेल, र संरक्षण<br>● फलफूल तथा तरकारी खेतीका फाइदा | सङ्कलन तथा अवलोकन र वर्गीकरण गर्न लगाउने<br>● स्थानीय स्तरमा उत्पादन हुने तरकारीमा मलजल, गोडमेल, र संरक्षण गर्ने उपायहरु बताइ मलजल, गोडमेल, र संरक्षण गर्न लगाउने<br>● फलफूल तथा तरकारीवाट हुने फाइदा वारे कक्षामा छलफल गराउने | तरकारीका नमुना चार्टहरु | भ्रमण | |
| ६ | स्थानीय खेलकुद र स्वस्थ जीवनशैली | ● स्थानीय खेलको परिचय दिइ सूची तयार गर्न<br>● स्थानीय खेल खेल्न र महत्व बताउन<br>● स्वस्थ र अस्वस्थकर भोजन पहिचान गर्न र भिन्नता छुट्याउन<br>● स्वस्थकर खानाको महत्व बताउन | ● स्थानीय खेल<br>● (ठिणी अड्डु, लोड्या टिपू, एक्कादुरी, गोट्टा)<br>● स्वस्थकर खाना | ● विद्यार्थीहरुलाई स्थानीय खेलको नाम भन्न लगाई सूची तयार पार्ने र ती खेलको बारेमा छलफल गराउने<br>● स्थानीय खेलका नियम बताई समूहमा खेल खेल्न लगाउने र महत्व बारे छलफल गराउने<br>● स्वस्थ र अस्वस्थ खानाको तालिका बनाउन लगाई भिन्नता छुट्याउन लगाउने<br>● स्वस्थकर खानाको महत्व बारे छलफल गराउने | खेलसम्बन्धी सामग्री तालिका चित्र | प्रतिस्पर्धा प्रश्नोत्तर कक्षाकार्य अवलोकन छलफल | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | • प्राकृतिक र मानव सिर्जित विपद्को पहिचान गर्न<br>• हावाहुरी, चट्याङ, भुकम्प, बाढी, पहिरो र आगलागीबाट बच्नका लागि आवश्यक उपाय अपनाउन<br>• गाउँपालिका भित्रको वनमा पाइने वन्यजन्तु, औषधीजन्य वनस्पति तथा चराहरुको नाम भन्न र महत्व बताउन<br>• विद्यालयमा बालबगैंचा निर्माण र वृक्षारोपणमा सहभागी हुन | • प्राकृतिक र मानव सिर्जित विपद्<br>• हाम्रो वातावरण<br>• बालबगैंचा<br>• वृक्षारोपण | • प्राकृतिक र मानव सिर्जित विपद्का बारेमा छलफल गराउने<br>• प्राकृतिक र मानव सिर्जित विपद्को सूची निर्माण गर्न लगाउने<br>• हावाहुरी, चटयाङ, भूकम्प, बाढीपहिरो, आगलागीबाट बच्ने उपायहरु लेखिएका चार्टहरु प्रर्दशन गरी छलफल गराउने<br>• गाउँपालिका भित्रको वनजङगलमा विद्यार्थीहरुले देखेका वन्यजन्तु तथा चराहरुको नाम भन्न लगाउने र उनीहरुको महत्व बारे छलफल गराउने<br>• वनजङगलमा पाइने औषधीजन्य वनस्पति र चराहरुबारे छलफल गराइ महत्व बताउने<br>• विद्यार्थीहरुलाई विद्यालयमा बालबगैंचा निर्माण र बृक्षारोपणमा सहभागी गराउने | फोटोहरु<br>चार्टहरु<br>तालिका | प्रश्नोत्तर<br>अवलोकन<br>कक्षाकार्य<br>सहभागीता | २४ |

| कक्षा ५<br>विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
| १ | हाम्रो पञ्चेश्वर | • पञ्चेश्वर गाउँपालिकाको भौगोलिक, प्राकृतिक अवस्था, क्षेत्रफल, वडाभित्र रहेका विद्यालय, बाटो, सडक आदिको नक्साङ्कन गर्न<br>• वडा भित्रका खोलानाला, वनजङ्गलको सूची बनाउन र महत्व बताउन<br>• वडा समितिको गठन प्रकिया र कार्य बताउन | • पञ्चेश्वरको भौगोलिक, प्राकृतिक अवस्था, सिमाना, क्षेत्रफलको नक्सांकन<br>• खोलानाला र वनजङ्गलको महत्व<br>• वडा समितिको गठन र कार्य | • नक्सा, गुगलको प्रयोग गरी क्षेत्रफल, उचाइ र सिमाना देखाउने<br>• वडाभित्र रहेका विद्यालय बाटोघाटो, सडक, आदिको नक्सांकन गराउने<br>• नक्सा निर्माण गर्न सरल विधि, कार्वन पेपर, ट्रेसिङ, बर्गग्राफ वा अन्य विधिबाट वडा र गाउँपालिकाको नक्सा बनाउन अभ्यास गराउने<br>• वडाभित्रका वनजंगल खोलानालाको तालिका बनाउन लगाउने र महत्व बारे छलफल गराउने<br>• वडा समितिको गठन प्रक्रिया र सो समितिका कार्यहरु, लेखिएका चार्टहरु प्रर्दशन गराइ छलफल गराउने | नक्सा<br>कार्वन पेपर<br>ट्रेसिङ<br>ग्राफ<br>चार्ट<br>तालिका<br>आदि | प्रश्नोत्तर<br>प्रदर्शन<br>कक्षाकार्य<br>अवलोकन | १८ |
| २ | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | • सोचविचार गरेर सत्य बोल्न सिक्नु<br>• धैर्यता, सहनशीलता शान्ति र संयमता अपनाउनु<br>• सकारात्मक सामाजिक व्यवहारहरु अवलम्बन गर्न | • हाम्रो सामाजिक मूल्य मान्यता<br>• सोच बिचार गरेर बोल्न<br>• सत्य वचन बोल्न<br>• संयमित र सभ्य आचरण, धैर्यता, सहनशीलता र शान्ति | • आत्मअनुशासनमा पर्ने विभिन्न पक्षहरुको सूची बनाउन लगाउने र छलफल गराउने<br>• संयमित र सभ्य आचरण धैर्यता, सहनशीलता, शान्ति र संयमता बारेमा कक्षामा छलफल गराउने<br>• घुलमिल, मेलमिलाप, भेटघाट, सामुहिक सोच र भावना बारेमा कक्षामा छलफल गराउने | तालिका<br>चार्टहरु | प्रश्नोत्तर<br>कक्षाकार्य<br>अवलोकन | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • सकारात्मक व्यवहार<br>• घुलमिल, भेटघाट र मेलमिलाप<br>• सकारात्मक सोच र भावना | | | | |
| ३ | हाम्रो धर्म संस्कृति तथा पर्यटन | • गाउँपालिका भित्रका प्रमुख धार्मिक स्थलहरुको पहिचान र महत्व बताउन<br>• गाउँपालिका भित्रका प्रचलित स्थानीय बाजाहरुको पहिचान र जगेर्ना गर्न<br>• गाउँपालिकाभित्र रहेका प्रमुख पर्यटकीय स्थलहरुको महत्व बताउन | • हाम्रो धार्मिक तथा सांस्कृतिक सम्पदा<br>• पर्यटकीय स्थल (पञ्चेश्वर धाम, देवताल, गणमेश्वर, भगवती मन्दिर, कुलाउँ नागार्जुन मन्दिर, बास्कु नागार्जुन मन्दिर, केदार मन्दिर, उदयदेव मन्दिर, चर्तुवाहु मन्दिर, कैलपाल मन्दिर आदि)<br>• स्थानीय बाजाहरु<br>• (छलिया नाच, देउडा, ठाडीभाका, फाग, सगुन, आदि) | • गाउँपालिका भित्रका प्रमुख धार्मिक स्थलहरुको फोटाहरु, भिडियो वा सम्भव भएमा स्थलगत भ्रमण गराएर मन्दिरको परिचय र महत्व बारे छलफल गराउने<br>• प्रचलित स्थानीय बाजाहरुको बारेमा छलफल गराई जानकारी गराउने<br>• छलिया नाच, देउडा गीत, फाग, सगुन, ठाडी भाकाका भिडियोहरु प्रस्तुत गरी गाउन, नाच्न लगाई महत्व बताउने<br>• धार्मिक पर्यटकीय स्थलहरुको भिडियो फोटो वा सम्भव भएमा स्थलगत भ्रमण गराइ महत्व बोध गराउने | भिडियो<br>फोटो<br>चित्र<br>बाजाहरु | प्रश्नोत्तर<br>छलफल<br>भ्रमण | १६ |
| ४. | स्थानीय पेशा व्यवसाय र प्रविधि | • गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रको पहिचान र विभिन्न बालीहरुको महत्व बताउन | • गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रका विभिन्न वालीहरु ( मकै, गहुँ, जौ, कोदो, भटमास, धान, मादुरो, तोरी उखु, सोट्टा, हल्दो, गहत, सिमि, आदि) | • गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रको भ्रमण गराइ विभिन्न बालीहरुको महत्व बताउने<br>• विद्यार्थीहरुलाई समूहमा विभाजन गरी स्थानीय सीप र प्रविधिबाट निर्मित विभिन्न घरेलु सामानको | फोटो<br>चार्ट<br>कृषि<br>बालीहरु | अवलोकन<br>भ्रमण<br>प्रश्नोत्तर<br>प्रयोगात्मक कार्यमा सहभागीता | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • स्थानीय सीप र प्रविधिबाट निर्मित विभिन्न घरेलु सामानको आवश्यकता तथा प्रयोग गर्न | • व्यवसाय र प्रविधि (डोको, डाला, नाम्ला, दाम्लो, हलो, हसिया, कुटो, कोदालो, मिदुरो, फाउडो) को आवश्यकता र प्रयोग | फोटोहरु देखाइ आवश्यकता बताउने र प्रयोग गर्न लगाउने | | | |
| ५. | फलफूल तथा तरकारी खेती | • फलफूल तथा तरकारीको महत्व, फाइदा र प्रयोग बताउन<br>• फलफूल तथा तरकारी खेतीमा लाग्ने रोग किराको नाम बताउन<br>• फलफूल तथा तरकारी खेतीमा लाग्ने रोग किराको नाम लेख्न र उपचारका स्थानीय तरिका बताउन | • फलफूल तथा तरकारीको महत्व फाइदा र प्रयोग<br>• फलफूल तथा तरकारीमा लाग्ने रोग किरा<br>• उपचारका स्थानीय तरिका | • विद्यार्थीहरुलाई प्रश्नोत्तर र छलफल गराइ फलफूल तथा तरकारी खेतीका फाइदा र महत्व बताउने<br>• तरकारी खेतीमा लाग्ने रोगहरुको नाम भन्न लगाइ तालिका बनाउने र ढुसी, डडुवा, रातो कमिला, खुम्रेकिरा, धमिरा आदि रोग सम्बन्धमा छलफल गराउने<br>• फलफूलमा लाग्ने रोग जस्तै ग्वारो, फल कुहिने, फूल झर्ने, खरानी रोग, दादरोग, खटिरा, थोप्ले जस्ता रोगको बारेमा सहजीकरण गर्ने<br>• तरकारी खेतीमा लाग्ने मुख्य मुख्य रोग किराको रोकथाम बारे अवलोकन, भ्रमण गराई उपचार गर्ने स्थानीय तरिका छलफल गरी स्पष्ट पार्ने | चार्ट<br>चित्र<br>पम्पलेट | प्रश्नोत्तर<br>भ्रमण<br>अवलोकन<br>सहभागिता | १८ |
| ६ | स्थानीय खेलकुद र स्वस्थ जीवनशैली | • स्थानीय स्तरमा खेलिने खेलहरु सिक्न र खेल्न<br>• स्थानीय खेलहरुको महत्व बताउन | • स्थानीय खेल (ठिणी, गोट्टा, टिपु, लोडया, रुमाल चोर आदि)<br>• स्वस्थ जीवनशैली | • स्थानीय खेलहरुको महत्व बताइ खेलाउने र सिकाउने<br>• रैथाने/स्थानीय र आयातीत/पत्रु खानाको बारेमा | चित्र<br>खेल सामग्री<br>खानाका परिकारको सूची | प्रश्नोत्तर<br>छलफल<br>अवलोकन | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● रैथाने/स्थानीय खाना र आयातित/पत्रु खाना पहिचान गरी उपयुक्त खानाको सेवन गर्न<br>● स्वस्थ पोषिलो खाना चिन्न र प्रयोग गर्न | ● रैथाने पोषिलो खानेकुरा (ढिडो, बाडी, गेडागुडी, पिडालु जाउलो, मैरी, खिचडी, भट्टया, आदि) | छलफल गराइ पोसिलो खाना सेवन गर्न प्रोत्साहित गर्ने<br>● विद्यार्थीहरुलाई पोषिलो खाना चिनाउने र खान प्रेरित गर्ने | चार्ट | | |
| ७ | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | ● प्राकृतिक र मानव सृजित प्रकोप/ विपद्का बारेमा बताउन<br>● प्रदुषणको परिचय, प्रकार, कारण र प्रदुषण न्युनीकरणका उपाय बताउन<br>● गाउँपालिका भित्रको वनमा पाइने वन्यजन्तु, औषधीजन्य वनस्पति तथा चराहरुको संरक्षणका उपायहरु बताउन<br>● विद्यालयमा वृक्षारोपण र बालबगैंचा निर्माणमा सहभागी हुन | ● प्राकृतिक विपद् : बाढी, पहिरो, भुक्षय, भुकम्प, हावाहुरी, वतास, चट्याङ आदि<br>● मानव सिर्जित प्रकोप/ विपद् : आगलागी, दुर्घटना, विषसेवन, आत्महत्या, महामारी आदि)<br>● प्रदुषणको परिचय, कारण र न्युनीकरणका उपाय<br>● स्थानीय वन्यजन्तु, औषधीजन्य वनस्पति तथा चराहरुको संरक्षणका उपायहरु<br>● बालबगैंचा र वृक्षारोपण | ● विद्यार्थीले देखेका, भोगेका, सुनेका, बाढीपहिरो, भूक्षय, भुकम्पको क्षति, आगलागी, सडक दुर्घटना आदिका बारेमा प्रश्न सोध्ने तथा प्राकृतिक र मानव सिर्जित विपद् बिचको भिन्नता छुट्याउन लगाउने<br>● विपद्ले पुऱ्याउने हानी नोक्सानीका बारेमा बताउने र चित्र प्रस्तुत गरी बच्ने उपायका बारेमा छलफल गर्न लाउने<br>● प्रदुषणको परिचय, प्रकार, कारण र प्रदुषण न्युनीकरणका उपाय बारे भिडियो देखाइ प्रस्ट पार्ने<br>● वन्यजन्तु, औषधीजन्य वनस्पति तथा चराहरुको भिडियो प्रस्तुत गरी संरक्षणका उपायहरु बताउने<br>● विद्यालयमा वृक्षारोपण र बालबगैंचाको महत्व बताइ सो कार्यमा सहभागी गराउने | पोष्टर<br>तालिका<br>भिडियो<br>आदि | प्रश्नोत्तर<br>अवलोकन<br>कक्षाकार्य | २४ |

## ६. सिकाइ सहजीकरण विधि तथा प्रकिया

स्थानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षाकोठा भित्र भन्दा विषयबस्तुसँग सम्बधित क्षेत्रमा गरिने क्रियाकलापमा जोड दिनुपर्दछ । यसका लागि स्थलगत अवलोकन, विषयवस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल, अन्तरक्रिया आदि गराउन सकिने छ । विषयवस्तुको प्रकृति अनुसार छलफल, स्थलगत अध्यन भ्रमण, अवलोकन, प्रर्दशन, सहभागिता, प्रश्नोत्तर, विज्ञसँग छलफल जस्ता विधिहरुको प्रयोग गरी सिकाइ सहजीकरण गर्न सकिन्छ । आधारभूत तह (कक्षा ४-५) मा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइने छ । सिकाइ सहजीकरणलाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ता (Facilitator) को भुमिका निर्वाह गर्नु पर्ने छ । विद्यार्थी केन्द्रित शिक्षण सिकाइबाट सिकाइ प्रभावकारी हुने, बालवालिकाहरुले व्यवहारिक शिक्षा तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनिहरुमा रहेको प्रतिभा प्रस्फुटनको सम्भावना रहने भएकाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शैक्षिणिक विधि अपनाउनु पर्ने हुन्छ । सबै प्रकारका क्षमता (आवश्यकता) भएका विद्यार्थीहरुलाई समेट्न कक्षामा समाबेशी शिक्षण प्रकिया अपनाउन पर्ने हुन्छ ।

कक्षाकोठामा विभिन्न क्षमता तथा बौद्धिकता भएका विद्यार्थीहरु हुने भएकाले एकै खालको सिकाइ सहजीकरण सम्भव नहुन पनि सक्छ । त्यसका लागि बहुबौद्धिकताको सिद्धान्त (Multiple Intelligence Theory) अनुसार विद्यार्थीको रुची र क्षमतालाई ध्यानमा राखि क्रियाकलापमा विविधता ल्याउनु पर्दछ । यसका लागि योजनावद्ध सिकाइ सहजीकरणको आवश्यकता पर्दछ । आधारभूत तह(कक्षा ४-५) को स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा अपनाउन सकिने सम्भाव्य शिक्षण विधिहरु निम्नानुसार छन :

- प्रश्नोत्तर
- समस्या समाधान
- छलफल
- अवलोकन
- सोधखोज
- अभिनय
- भूमिका निर्वाह
- स्थलगत भ्रमण
- परियोजना कार्य
- समालोचनात्मक चिन्तन आदि

शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै स्थानीय पाठ्यक्रममा भएका सिकाइ उपलब्धि हासिल गराउन निम्न लिखित प्रयोगात्मक क्रियाकलाप सञ्चालन गर्न सकिने छ ।

- विद्यालयले विद्यालयको हाताभित्र करेसाबारी निर्माण गरी नियमित तरकारी खेती सञ्चालन गर्ने
- विद्यालय वरिपरि रहेको खाली जग्गामा स्थानीय जातका फलफूल विरुवा रोप्ने र संरक्षण गर्ने
- कक्षाकोठामा शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा स्थानीय घरेलु प्रविधिका सामग्री, स्थानीय लोक संस्कृतिसँग सम्बन्धित सामग्री, भेषभूषा जस्ता सामग्रीको सङग्रहालय स्थापना गरी संरक्षण गर्ने र विद्यार्थीहरुको सिकाइ क्रियाकलापहरुमा प्रयोग गर्ने

- पञ्चेश्वरको भूगोल, धार्मिक, सास्कृतिक, जातजाति जस्ता कुरा झल्किने स्थानीय गीत तयार पार्ने र शिक्षक/विद्यार्थीबाट नियमित रुपमा गाउने

## ७. मूल्याङ्कन प्रकिया

स्थानीय पाठ्यक्रमको मुल्याङ्कन राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ (परिमार्जन सहित) र आधारभूत शिक्षा पाठयक्रम २०७८ कक्षा ४-५ ले निर्देशित गरेअनुसार नै गर्नुपर्छ । स्थानीय पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरु हाँसिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुबै किसिमबाट मुल्याङ्कन  गरिनेछ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर पृष्ठपोषण प्रदान गरी विद्यार्थीको सिकाइमा सुधार गर्नु हो भने निर्णयात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निर्धारित ज्ञान, सिप र अभिवृद्धि पाप्त गरे नगरेको सुनिश्चित गरी सिकाइ स्तर प्रमाणीकरण गर्नु हो । निर्माणात्मक मूल्याङ्कनमा कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरु, स्वमूल्याङ्कन जस्ता औपचारिक र अनौपचारिक साधनहरु प्रयोग गरिनेछ । मूल्याङ्कन गर्दा विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धि, सिकाइ स्तर, समस्या समाधान सिप, मौखिक तथा लिखित प्रश्नोत्तर, व्यवहार अवलोकन जस्ता तरिकाहरुबाट गर्न सकिन्छ । यसका लागि रुजु सूची, श्रेणी मापन, व्यवहार अवलोकन फाराम, विभिन्न सिकाइ क्षमता मापन गर्ने प्रश्नपत्र, व्यवहारिक समस्या समाधान, कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, स्वमूल्याङ्कन जस्ता साधन प्रयोग गरेर शिक्षकले व्यवस्थित अभिलेख निर्माण गरी सिकाइ स्तरको मूल्याङ्कन गर्नुपर्छ। यस्तो मूल्याङ्कन प्रत्येक क्षेत्र वा एकाइको सहजीकरण पश्चात परीक्षण गर्नुपर्छ । यसरी मूल्याङ्कन गर्दा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण पश्चात थप वा माथिल्लो स्तरको सिकाइ अवसर प्रदान गर्नु पर्दछ। पटक      पटक सिकाइको अवसर प्रदान गरेपनि न्यूनतम सिकाइ हासिल हुन नसकेमा उपचारात्मक सिकाइको योजना निर्माण गरी विद्यार्थीलाई सहयोग गर्नु पर्दछ । कक्षा ४-५ को स्थानीय विषयमा आन्तरिक मूल्याङ्कन ५० प्रतिशत र आवधिक मूल्याङ्कन ५० प्रतिशतको हुनेछ ।

### (क) आन्तरिक मूल्याङ्नको ढाँचा (कक्षा ४ र ५)

तालिका नं.३
आन्तरिक मूल्याङ्नको ढाँचा कक्षा ४ र ५

| सि.नं. | मुल्याङ्कनका पक्ष | | भार |
|---|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र सिकाइ सहभागिता | | ४ |
| २ | प्रयोगात्मक र परियोजना | प्रयोगात्मक तथा परियोजना कार्यको तयारी योजना | ६ |
| | | प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन, चार्ट तयारी, चित्र तालिका तयारी र अभिलेखीकरण | २० |
| | | परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन लेखन | ६ |
| | | अर्न्तवार्ता | ४ |
| ३ | त्रैमासिक परीक्षा | | १० |
| जम्मा | | | ५० |

### (ख) आवधिक परीक्षा

कक्षा ४-५ को स्थानीय विषयमा आवधिक परीक्षाको भार ५० प्रतिशतको हुनेछ । परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरु देखि पढाइ भएका सबै विषयवस्तुहरु समावेश गरी प्रश्नपत्र निर्माण गर्नु पर्दछ । स्थानीय विषयको प्रश्नहरु ज्ञान, बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनु पर्दछ । स्थानीय पाठयक्रमले निर्धारित ज्ञान, सीप र अभिवृद्धि पाप्त गरे नगरेको मूल्याङ्कन गरी सिकाइ स्तर प्रमाणीकरण गरिनेछ । अन्तिम परीक्षाको प्रश्नपत्र यसै पाठयक्रमको अनुसूचीमा तोकिएको विशिष्टिकरण तालिकाका आधारमा निर्माण गरिनेछ ।

## अनुसूची १
## विशिष्टिकरण तालिका

कक्षा ४ र ५ विषय : हाम्रो पञ्चेश्वर

पूर्णाङ्क: ५०

| क. सं. | क्षेत्र | कार्य घण्टा | प्रश्न संख्या | | | | | | | | | एकाइ अनुसार अंक विभाजन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अति छोटो | | | छोटो | | | लामो | | | |
| | | | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सीप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सीप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सीप | उच्च दक्षता | |
| १. | म, हामी र हाम्रो पञ्चेश्वर | १८ | १ | | | १ | १ | | | | | ७ |
| २. | सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार | १६ | | १ | | | | | | | १ | ६ |
| ३. | हाम्रो धर्म, संस्कृति र पर्यटन | १६ | | | १ | | | | १ | | | ६ |
| ४. | स्थानीय पेशा, व्यवसाय र प्रविधि | १८ | | १ | | | १ | १ | | | | ७ |
| ५. | फलफूल तथा तरकारी खेती | १८ | १ | | | १ | १ | | | | | ७ |
| ६. | स्थानीय खेलकुद तथा स्वस्थ्य जीवनशैली | १८ | | | १ | १ | | १ | | | | ७ |
| ७ | विपद व्यवस्थापन, वातावरण र हरित विद्यालय | २४ | १ | १ | | | | १ | | | १ | १० |
| | जम्मा | १२८ | ८×१=८ | | | ९×३=२७ | | | ३×५=१५ | | | |

नोट :-

१. प्रश्न निर्माण गर्दा ज्ञान र बोध, प्रयोगात्मक र सिर्जनात्मक सीप र उच्च दक्षताका प्रश्नहरु निर्माण गर्नु पर्छ
२. अति छोटो उत्तर आउने प्रश्नका लागि खाली ठाउँ भर्ने, अति संक्षिप्त उत्तर आउने, बहुवैकल्पिक, ठिक बेठिक छुट्टयाउने र जोडा मिलाउने जस्ता प्रश्नहरु समावेश गरिनेछ ।
३. अति छोटो, छोटो र लामो उत्तर आउने प्रश्नहरुको अंकभार देहाय बमोजिम हुनेछ ।

| प्रश्नका किसिम | प्रश्न संख्या | जम्मा अंकभार |
|---|---|---|
| अति छोटो उत्तर आउने प्रश्न | ८ | ८×१=८ |
| छोटो उत्तर आउने प्रश्न | ९ | ९×३=२७ |
| लामो उत्तर आउने प्रश्न | ३ | ३×५=१५ |
| जम्मा | २० | ५० |

# अनूसूची २
## विद्यार्थीको मूल्याङ्कन नतिजा विवरण
## (Grade Sheet)

विद्यार्थीको नाम : कक्षा: रोल नं. :

विद्यालयको नाम : जन्म मिति.: शैक्षिक सत्र :

आमा/बुवाको नाम :

| क्र. सं. | विषय | पाठ्य घण्टा | आन्तरिक मूल्याङ्कन | | बाह्य मूल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ग्रेड | ग्रेड प्वाइन्ट | ग्रेड | ग्रेड प्वाइन्ट | |
| १. | नेपाली | | | | | | |
| २. | अंग्रेजी | | | | | | |
| ३. | गणित | | | | | | |
| ४. | विज्ञान तथा प्रविधि | | | | | | |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | | | | | | |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | | | | | | |
| ७. | हाम्रो पञ्चेश्वर | | | | | | |

औषत ग्रेड प्वाइन्ट(GPA)

..........
कक्षा शिक्षक

..........
प्रधानाध्यापक

मिति ............................

# खण्ड ग

# आधारभूत तह (कक्षा ६-८) को स्थानीय पाठ्यक्रम, 'हाम्रो पञ्चेश्वर' २०८०

## १.आधारभूत तह (कक्षा ६-८) को स्थानीय पाठ्यक्रम संरचना

तालिका नं. १

स्थानीय पाठयक्रम संरचना कक्षा ६ - ८

| क.सं. | कक्षा | विषय | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा (Annual Working Hour) |
|---|---|---|---|---|
| १ | ६ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |
| २ | ७ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |
| ३ | ८ | हाम्रो पञ्चेश्वर | ४ | १२८ |

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठयघण्टा (Credit Hour) मानिएको छ। वार्षिक कार्यघण्टा (Annual Working Hour) भन्नाले वर्षभरीमा दैनिक १ घण्टाका दरले पठनपाठन गर्नुपर्ने न्यूनतम समयावधिलाई  जनाउछ।

## २. स्थानीय पाठ्यक्रमको विषय क्षेत्रगत पाठ्यभार निर्धारण

तालिका नं.२

विषय क्षेत्रगत पाठ्यभार वितरण तालिका कक्षा ६ - ८

| क.सं. | क्षेत्र | कार्यघण्टा | कैफियत |
|---|---|---|---|
| १ | हाम्रो पञ्चेश्वर | २२ | |
| २ | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | १४ | |
| ३ | हाम्रो धर्म, संस्कृति तथा पर्यटन | १६ | |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | १६ | |
| ५ | फलफुल तथा तरकारी खेती | २० | |
| ६ | स्वस्थ जीवनशैली | १४ | |
| ७ | विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | २६ | |
| जम्मा | | १२८ | |

## ३. आधारभूत तह (कक्षा ६-८) को स्थानीय पाठ्यक्रमका सक्षमताहरु

आधारभूत तह (६-८) को स्थानीय विषयको अध्ययन पुरा गरेपछि विद्यार्थीहरु निम्नलिखित सक्षमताहरु हासिल गर्न सक्षम हुनेछन् :

१. गाउँपालिकाको नक्साङ्कनको सिप विकास, गाउँपालिकाबाट प्रवाह हुने सेवाको पहिचान र प्रभावकारीताका उपायहरुको खोजी

२. स्थानीय सरकारको गठन प्रकिया तथा काम, कर्तव्य र अधिकारको बोध

३. असल सामाजिक मूल्य मान्यताको अनुसरण र सकारात्मक व्यवहार अवलम्बन

४. धार्मिक, सार्स्कृतिक, पर्यटकीय अवस्थाको विश्लेषण, महत्व, फाइदा र चुनौतीको पहिचान

५. स्थानीय स्तरका पेशा, व्यवसाय र प्रविधिहरुको पहिचान, महत्व, र प्रवर्द्धनका उपायहरुको खोजी

६. तरकारी खेती, फलफूल खेती, नगदेबाली, बेमौसमी तरकारीको वर्गीकरण, महत्व र प्रयोग

७. स्वस्थ्य जीवनशैली अपनाउनको लागि आवश्यक पर्ने विविध पक्षहरुको जानकारी

८. स्थानीय स्तरमा हुनसक्ने विपद् जोखिम न्यूनीकरण, सुरक्षा व्यवस्थापनका प्रयासहरु, प्रकोप एवम् विपद् व्यवस्थापनमा व्यक्ति तथा विभिन्न निकायको भूमिका पहिचान, वातावरण र हरित विद्यालयको समुचित प्रयोग, संरक्षण र प्रवर्द्धन

## ४. कक्षागत सिकाइ उपलब्धिहरु

| कक्षागत सिकाइ उपलब्धिहरु आधारभूत तह कक्षा ६ - ८ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १. | हाम्रो पञ्चेश्वर | • पञ्चेश्वर गाउँपालिकाको परिचय दिन<br>• पञ्चेश्वर गाउँपालिका भित्र रहेका प्रमुख गाउँ टोल, विद्यालय, वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय, सडक, बाटाघाटो, प्रमुख मन्दिर तथा पर्यटकीय स्थल नक्सामा देखाउन<br>• वडा समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार लेख्न<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरु उल्लेख गर्न | • गाउँसभाको परिचय तथा विभिन्न समितिवारे वताउन<br>• गाउँ कार्यपालिकाको गठन तथा यस अन्तर्गतका विभिन्न समितिहरु वारे वताउन<br>• गाउँपालिका अध्यक्ष र उपाध्यक्षको निर्वाचन विधि बताउन<br>• न्यायिक समितिको सामान्य परिचय दिन<br>• गाउँपालिका अन्तर्गतका विभिन्न शाखाहरुको नाम भन्न | • गाउँसभाको गठन विधि वताउन<br>• गाउँसभाको काम, कर्तव्य र अधिकारहरुको सूची तयार गर्न<br>• गाउँ कार्यपालिकाको गठन विधि बताउन<br>• गाउँ कार्यपालिको काम, कर्तव्य र अधिकारको सूची बनाउन<br>• गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकार वर्णन गर्न<br>• गाउँपालिका भित्र सञ्चालित विभिन्न गौरवका आयोजना र परियोजनाहरु बारे वर्णन गर्न |
| २. | सामाजिक मूल्य, मान्यता तथा सकारात्मक व्यवहार | • समाज र समुदायको परिचय दिन तथा बालविवाह बहुविवाह बारे बताउन<br>• सामाजिक कुरीतिहरुको सूची बनाउन<br>• सामाजिक कुरीति विरुद्ध स्थानीय क्षेत्रमा | • सामाजिक विभेद, लैङ्गिक विभेद, जातीय विभेद र आर्थिक विभेदको न्यूनीकरण गर्न<br>• धुम्रपान,मद्यपान,लागु औषधी जस्ता दुर्व्यसनहरुले | • स्थानीय समुदायमा रहेका घरेलु हिंसा, छुवाछुत, भेदभाव, अन्ध विश्वास जस्ता सामाजिक समस्याहरुको सूची बनाउन |

| | | | | |
|---|---|---|---|---|
| | | गर्न सकिने कार्यहरु बताउन | समाजमा पार्ने नकारात्मक प्रभावहरु कम गर्न | • सामाजिक समस्या र विकृति समाधानका उपायहरु (जनचेतना, कानुनको परिपालन, मेलमिलाप) बताउन<br>सामाजिक समस्या समाधानमा विद्यार्थीहरुको भूमिका वर्णन गर्न |
| ३ | हाम्रो धर्म, संस्कृति तथा पर्यटन | • धार्मिक स्थलहरुको परिचय र महत्व बताउन<br>• विभिन्न नाच(छलिया नाच, देउडा, आदिको) परिचय र महत्व बताउन,<br>• विभिन्न स्थानीय मेला (जात्रा) हरुको ऐतिहासिक परिचय र महत्व लेख्न<br>• पर्यटकीय स्थलहरुको परिचय र महत्व बताउन | • धार्मिक स्थलहरुको महत्व र संरक्षणका उपाय बताउन<br>• विभिन्न नाच ( छलिया नाच, देउडा आदिको महत्व र संरक्षण गर्न<br>• स्थानीय पर्यटकीय स्थलहरुको महत्व र संरक्षणमा स्थानीयहरुको भूमिका बताउन | • धार्मिक स्थलहरुको महत्व, संरक्षण र व्यवस्थापन गर्न<br>• स्थानीय स्तरमा रहेका परम्परागत सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्न<br>• पर्यटकीय स्थलहरुको महत्व र संरक्षणमा विद्यार्थीहरुको भूमिका बताउन |
| ४. | स्थानीय पेशा व्यवसाय र प्रविधि | • समुदायमा गरिएका खेती (मकै, गहुँ, धान, कोदो, मादुरो आदि) को परिचय, महत्व र प्रयोग गर्न<br>• विभिन्न पशुहरुको परिचय र महत्व बताउन<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण र प्रयोग गर्न | • दलहनबालीको परिचय, महत्व र खेती कार्यमा सहयोग गर्न<br>• गाई, भैंसी पालनको महत्व र पालनमा सहयोग गर्न<br>• स्थानीय स्तरमा सञ्चालित व्यवसायहरुको वर्गीकरण र महत्व वताउन<br>• स्थानीय प्रविधि (ठेकी, मदानी, कोल, हलो, पानीघट्ट आदिको) महत्व र प्रयोग गर्न | • स्थानीय पेशा र पेशागत शिक्षाको परिचय र महत्व बताउन<br>• पेशा र पेशागत शिक्षाको अन्तरसम्बन्ध बताउन<br>• स्थानीय स्तरमा गरिने पेशाको वर्गीकरण गरी सूची तयार पार्न<br>• कृषि क्षेत्रसँग सम्बन्धित पेशा र जनशक्तिको परिचय र काम बताउन<br>• व्यवसाय छनौट प्रकिया बताउन<br>• उद्यमशील शिक्षाको परिचय बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | • व्यवसाय सञ्चालनको कार्यढाँचा तयार गर्न<br>• स्थानीय प्रविधि( ठेकी, मदानी, पानीघट्ट, हलो, वर्षाको पानी संकलन विधि आदि) को प्रक्रिया भन्न र तिनीहरुको प्रयोग गर्न |
| ५ | फलफूल तथा तरकारी खेती | • स्थानीयस्तरमा हुने फलफुलको पहिचान र सूची बनाउन<br>• केरा खेतीको परिचय, जात विशेषता र बगैंचा व्यवस्थापन बारे बताउन<br>• केरा खेतीको लागि आवश्यक मलखाद तथा सिंचाई बारे भन्न<br>• केरा भण्डारण, पकाउने तरिका, केरामा लाग्ने रोगकिरा सम्बन्धी बताउन<br>• स्थानीय स्तरमा हुने तरकारीहरुको सूची बनाउन<br>• नर्सरीको परिचय, प्रकार, ब्याड बनाउनुका फाइदा, नर्सरी बनाउदा ध्यान दिनुपर्ने कुराहरु, बारे वर्णन गर्न | • सुन्तला खेतीको परिचय, जात, विशेषता र बगैंचा व्यवस्थापन वारे बताउन<br>• मलखाद तथा सिंचाई र भण्डारण बारे बताउन<br>• सुन्तला भण्डारण र लाग्ने रोगकिरा सम्बन्धमा बताउन<br>• गोलभेडाको परिचय, वर्गीकरण, लगाउने तरिका र काँटछाँट बारे बताउन<br>• गोलभेडाको लागि मलखाद तथा सिचाई व्यवस्थापन गर्न<br>• गोलभेडा भण्डारण र रोगकिरा नियन्त्रण गर्न | • स्थानीय र उन्नत जातका फलफूलहरुको पहिचान गर्न<br>• फलफूलका विरुवाको काँटछाँट गर्ने तरिका र फाइदा बताउन<br>• फलफूल भण्डारण तथा संरक्षण बारेमा ज्ञान र सीप हासिल गर्न ।<br>• फलफूलमा लाग्ने रोगकिरा पहिचान तथा नियन्त्रण गर्ने तरिका बताउन<br>• फलफूल खेतीको योजना बनाउन<br>• मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन<br>• थोपा सिंचाइको परिचय, प्रयोग र फाइदा भन्न<br>• कम्पोष्ट मल बनाउने तरिका र प्रयोग बताउन<br>• तरकारीको बिउ उत्पादन र भण्डारण गर्ने तरिका लेख्न<br>• तरकारीमा लाग्ने रोगकिरा पहिचान गरी नियन्त्रण गर्न |
| ६ | स्वस्थ्य जीवनशैली | • स्वस्थ र पोषिलो खाना चिन्न र प्रयोग गर्न<br>• स्थानीय खाजा, खाना र दुधका परिकारहरुको परिचय र प्रयोग गर्न<br>• जङ्क फुड (प्याकेटजन्य चकलेट, | • स्वस्थ जीवन शैलीबारेमा परिचित भई सो अनुसार आचरण गर्न<br>• मौसम अनुसारको खाना, सागसब्जी तथा फलफूलको | • स्वस्थ र पोषिलो खानाको सूची तयार गर्न<br>• स्वस्थ र पोषिलो खानाको महत्व बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | चाउचाउ, चाउमिन, बिस्कुट आदि) प्रयोगको न्यूनीकरण गर्न<br>● पेय पदार्थ (पेप्सी, कोकाकोला, जुस आदि) प्रयोगको न्यूनीकरण गर्न | पहिचान र प्रयोग गर्न<br>● सन्तुलित भोजनको अवधारणा बारे परिचित भई दैनिक भोजनलाई सन्तुलित वनाउन<br>● स्वस्थकर खानाको पहिचान गर्न<br>● औषधिको गुण भएका मसलाहरुको पहिचान गर्न | ● स्वस्थ र पोषिलो खाना बनाउने तरिका बताउन<br>● स्वस्थ र पोषिलो खानाको प्रयोग गर्न<br>स्वस्थ जीवनशैली अपनाउन योग र शारीरिक अभ्यास गर्न |
| ७ | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | ● विपद जोखिमको पहिचान गर्न<br>● विपद पूर्व अपनाइने सजगता र न्यूनीकरणका उपाय लेख्न<br>● गाउँपालिकाभित्र रहेका वन र त्यहाँ पाइने वनस्पतिहरुको परिचय र महत्व बताउन<br>● गाउँपालिका क्षेत्र भित्र वृक्षारोपण गर्न<br>● हरित घर तथा विद्यालयको महत्व र फाइदा बताउन<br>● विद्यालयमा करेसाबारी निर्माण गर्न<br>● हरियाली प्रवर्द्धनको परिचय र महत्व बोध गरी सो कार्यमा सहभागी हुन | ● भुकम्पको परिचय, पुर्वतयारी र सुरक्षित स्थलको पहिचान गर्न<br>● सुरक्षित घरको लागि विद्यार्थीको भुमिका उल्लेख गर्न<br>● बाढी, पहिरो ,आगलागी र सडक दुर्घटनाको जोखिम पहिचान गर्न र सावधान हुन<br>● गाउँपालिकाभित्र पर्ने सामुदायिक वनको परिचय दिन र महत्व बताउन<br>● हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु वर्णन गर्न<br>● हरित विद्यालय तथा दिगो विकास बिच अन्तरसम्बन्ध व्याख्या गर्न | ● विपदको परिचय दिन<br>● प्राकृतिक र मानव सिर्जित विपद् बारे बताउन<br>● प्राकृतिक र मानव सिर्जित विपद्को असर र प्रभाव बताउन<br>● विपद्बाट हुने जोखिम पहिचान गर्न र बच्ने उपाय बताउन<br>● कृतिम घटना अभ्यास गर्न<br>● पञ्चेश्वर गाउँपालिकाभित्र रहेका सामुदायिक वनको सूची बनाउन<br>● सामुदायिक बनमा पाइने बनस्पतिको संरक्षणमा स्थानीय सरकारको भुमिका बताउन<br>● हरित विद्यालयको परिचय, आवश्यकता र महत्व बताउन<br>● बालबगैंचाको परिचय र महत्व बताउन |

## ५. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण

| विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण कक्षा - ६ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
| १ | हाम्रो पञ्चेश्वर | • पञ्चेश्वर गाउँपालिकाको परिचय दिन<br>• पञ्चेश्वर गाउँपालिका भित्र रहेका प्रमुख गाउँ टोल, विद्यालय, वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय, सडक, बाटाघाटो, प्रमुख मन्दिर तथा पर्यटकीय स्थल नक्सामा देखाउन<br>• वडा समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार लेख्न<br>• वडा कार्यालय बाट प्रदान गरिने सेवा सुविधाहरु उल्लेख गर्न | • भौगोलिक अवस्था<br>• नक्सांकन<br>• वडा समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार<br>• वडा कार्यालय बाट प्रदान गरिने सेवा सुविधाहरु | • पञ्चेश्वर गाउँपालिकाको सामान्य परिचय बारे छलफल र सहजीकरण गर्ने<br>• गाउँपालिकाको नक्सामा गाउँटोल, विद्यालय, वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय, प्रमुख मन्दिर, पर्यटकीय स्थल, सडक बाटोघाटो आदि भर्न लगाउने र विद्यार्थीहरुलाई सहजीकरण गर्ने<br>• नक्सा बनाउन अभिप्रेरित गर्ने पृष्ठपोषण दिने<br>• वडा समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकारको बारेमा छलफल, प्रश्नोत्तर आदि विधिबाट निष्कर्षमा पुऱ्याउने<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा, सुविधाहरु बारेमा छलफल गरी | नक्सा<br>चार्टहरु | प्रश्नोत्तर<br>छलफल<br>कक्षाकार्य<br>अवलोकन | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | तालिका तयार गर्न लगाउने | | | |
| २ | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | • समाज र समुदायको परिचय दिन तथा बालविवाह बहुविवाह बारे बताउन<br>• सामाजिक कुरीतिहरुको सूची बनाउन<br>• सामाजिक कुरीति विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यहरु बताउन | • समाजको अवधारणा<br>• सामाजिक कुरीति<br>• सामाजिक कुरीति न्यूनीकरणका उपायहरु | • समाज र समुदाय बारे विद्यार्थीहरुको धारणा सुन्ने र त्यसपछि समाज र समुदायको अवधारणा प्रष्ट्याउने<br>• बालविवाह, बहुविवाह तथा सामाजिक विभेद आदिको परिचय तथा असर र त्यसको न्यूनीकरणका उपायहरु सम्बन्धी छलफल गर्न लगाउने<br>• हाम्रो समाजमा रहेका कुरीतिहरु विद्यार्थीलाई भन्न लगाई तालिका निर्माण गर्न लगाउने<br>• सामाजिक कुरीति सम्बन्धी जनचेतनामूलक भिडियो प्रस्तुत गर्ने तथा स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु घरदैलो सचेतना, र्‍याली सडक नाटक आदि सञ्चालन गर्ने | चित्र चार्टहरु तालिका भिडियो | प्रश्नोत्तर छलफल कक्षाकार्य अवलोकन | १४ |
| ३ | हाम्रो धर्म, संस्कृति तथा पर्यटन | • धार्मिक स्थलहरुको परिचय र महत्व बताउन | • धार्मिक सम्पदा<br>• सांस्कृतिक सम्पदा<br>• पर्यटकीय स्थल | • धार्मिक स्थलहरुको वृतचित्र, फोटाहरु, भिडियो वा सम्भव भएमा स्थलगत भ्रमण गराएर धार्मिक | भिडियो फोटोहरु चित्रहरु | प्रश्नोत्तर छलफल अवलोकन सहभागिता | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • विभिन्न नाच(छलिया नाच, देउडा, आदिको) परिचय र महत्व बताउन,<br>• विभिन्न स्थानीय मेला (जात्रा) हरुको ऐतिहासिक परिचय र महत्व लेख्न<br>• पर्यटकीय स्थलहरुको परिचय र महत्व बोध गर्न | | स्थलहरुको बारेमा छलफल गराइ जानकारी गराउने<br>• स्थानीय समुदायमा नाचिने मुख्य नाचको फुटेज, भिडियो प्रर्दशन गरी विभिन्न नाचको परिचय गराई यसको महत्व र अभ्यास गराउने<br>• समुदायमा लाग्ने विभिन्न मेला (जात) भ्रमण गराइ महत्व प्रस्तुत गर्न लगाउने<br>• पर्यटकीय स्थलका विभिन्न फोटोहरु प्रदर्शन गरी प्रमुख स्थलको महत्व बोध गराउने | | | |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | • समुदायमा गरिएका खेती ( मकै, गहुँ, धान, कोदो, मादुरो आदि) को परिचय, महत्व र प्रयोग गर्न<br>• विभिन्न पशुहरुको परिचय र महत्व बताउन<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण र प्रयोग गर्न | • कृषि (मकै, गहुँ, धान, कोदो, मादुरो)<br>• पशुपालन (बाख्रापालन, कुखुरा पालन र खरायो पालन)<br>• स्थानीय व्यवसाय र प्रविधि<br>• स्थानीय हस्तकलाका सामग्री निर्माण | • विद्यार्थीहरुलाई आफ्नो घर वा समुदायमा गरिएका खेती (मकै, गहुँ, धान, आदि) को जानकारी दिने र महत्व बताउने<br>• स्थानीय स्तरमा पालिने पशुपक्षीहरुको बारेमा छलफल गरी तिनीहरुको महत्व र प्रयोग बताउने<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा हस्तनिर्मित सामग्रीहरु के-के रहेछन तिनको प्रयोग के-के | सङ्कलित नमुना सामग्री चित्र | प्रश्नोत्तर छलफल अवलोकन सहभागिता | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | र प्रयोग (डोरी बाट्ने, नाम्लो, कुच्चो, सुप्पो, दाम्लो, डोको, डालो) | कामको लागि गरिने रहेछ बताउन लगाउने<br>● डोरी बाट्ने, नाम्लो, कुच्चो आदि सामग्री कसरी निर्माण गरिन्छ छलफल गरी प्रयोग समेत बताउने | | | |
| ५. | फलफूल तथा तरकारी खेती | ● स्थानीय स्तरमा हुने फलफूलको पहिचान र सूची बनाउन<br>● केरा खेतीको परिचय, जात विशेषता र बगैंचा व्यवस्थापन बारे बताउन<br>● केरा खेतीको लागि आवश्यक मलखाद तथा सिंचाइ बारे भन्न<br>● केरा भण्डारण, पकाउने तरिका, केरामा लाग्ने रोगकिरा सम्बन्धी जानकारी लिन<br>● स्थानीय स्तरमा उत्पादन हुने तरकारीहरुको सूची बनाउन<br>● नर्सरीको परिचय, प्रकार, ब्याड बनाउनुका फाइदा र नर्सरी बनाउदा ध्यानदिनु पर्ने कुराहरु बारे वर्णन गर्न | फलफूल खेती<br>● केरा खेतीको परिचय, जात, विशेषता, बगैंचा व्यवस्थापन, मलखाद तथा सिंचाइ, भण्डारण, पकाउने तरिका<br>● केरा खेतीमा लाग्ने रोगकिरा<br>तरकारी खेती<br>● करेसाबारी<br>● नर्सरी ब्याड | ● विद्यार्थीहरुलाई स्थानीय स्तरमा हुने फलफूलहरुको नाम(केरा, आँप, सुन्तला, नासपाती, ओखर, अम्बा, कागती आदि) भन्न लगाइ सेतोपाटीमा टिपी छलफल गराउने<br>● केराको परिचय, जात, विषेशता आदिमा छलफल गराउने<br>● केरा बगैचा व्यवस्थापनमा अभ्यास गराउने<br>● केरा खेतीको लागि मलखाद तथा सिंचाइ, भण्डारण, पकाउने तरिका, लाग्ने रोगकिरा सम्बन्धी छलफल गराउने<br>● स्थानीय स्तरमा हुने तरकारीको बारेमा भन्न लगाउने र छलफल गराउने | चित्र फोटो, नमुना सङ्कलित केरा, तरकारी | प्रश्नोत्तर छलफल अवलोकन अभ्यास नमुना कार्य आदि | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • करेसाबारी, नर्सरी ब्याडको परिचय, नर्सरी बनाउनका फाइदा र बनाउँदा ध्यान दिनुपर्ने कुराहरु र विभिन्न प्रकारका नर्सरी बनाउने तरिकामा अभ्यास गराउने | | | |
| ६. | स्वस्थ जीवनशैली | • स्वस्थ र पोषिलो खाना चिन्न र प्रयोग गर्न<br>• स्थानीय खाजा, खाना र दुधका परिकारहरुको परिचय र प्रयोग गर्न<br>• जङ्कफूड(प्याकेटजन्य चकलेट, चाउचाउ, चाउमिन, बिस्कुट आदि) प्रयोगको न्यूनीकरण गर्न<br>• पेय पदार्थ (पेप्सी, कोकाकोला, जुस आदि) प्रयोगको न्यूनीकरण गर्न | • स्वस्थ र पोषिलो खाना<br>• जङ्कफूड<br>• पेय पदार्थ | • दैनिक रुपमा प्रयोग गर्ने खानाको सूची प्रस्तुत गर्न लगााउने, स्वस्थ र पोषिलो खानासँग तुलना गर्ने<br>• स्वस्थ र पोषिलो खाना सम्बन्धमा छलफल गराउने र विशेषता बताई स्वस्थ र पोषिलो खाना खान प्रेरित गर्ने<br>• जङ्कफूड बाट मानव जीवनमा पर्ने असरको जानकारी गराउदै सर्तक रहन प्रेरित गर्ने<br>• पेय पदार्थबाट मानव जीवनमा पर्ने असरको जानकारी गराउदै सर्तक रहन प्रेरित गर्ने | चार्ट, चित्र, नमुना पोष्टर | प्रश्नोत्तर छलफल अवलोकन | १४ |
| ७ | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | • विपद् जोखिमको पहिचान गर्न<br>• विपद् पूर्व अपनाइने सजगता र न्यूनीकरणका उपाय लेख्न<br>• गाउँपालिका भित्र रहेका वन र त्यहाँ पाइने वनस्पतिहरुको परिचय र महत्व बताउन | • विपद् जोखिम र न्यूनीकरणका उपाय<br>• वन र वृक्षारोपण<br>• हरियाली प्रवर्द्धन | • विपद् जोखिम सम्बन्धी चित्र, भिडियो, वृत चित्रका माध्यमबाट जानकारी गराउने<br>• विपद् पूर्व अपनाउनु पर्ने सजगता सम्बन्धी वृतचित्र, पोष्टरको | चार्ट चित्र नमुना पोष्टर | प्रश्नोत्तर छलफल अवलोकन | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • गाउँपालिका क्षेत्रभित्र वृक्षारोपण गर्न<br>• हरित घर तथा विद्यालयको महत्व र फाइदा बताउन<br>• विद्यालयमा करेसावारी निर्माण गर्न<br>• हरियाली प्रवर्द्धनको परिचय र महत्व बोध गरी सो कार्यमा सहभागी हुन | | माध्यमबाट जानकारी गराउने<br>• विपद् न्यूनीकरणका उपायसम्बन्धी कक्षामा छलफल गराउने र प्रष्ट पार्ने<br>• गाउँपालिका भित्र रहेका वन र त्यहाँ पाइने वनस्पतिहरुको तालिका निर्माण गर्न लगाइ छलफल गराउने<br>• विद्यालय क्षेत्रभित्र विद्यार्थीहरुलाई वृक्षारोपण कार्यमा सहभागी गराउने<br>• हरित घर र हरित विद्यालय भन्ने बारेमा बिचार प्रस्तुत गर्न लगाउने<br>• हरित गृहको परिचय दिइ घर र विद्यालयको खाली जग्गामा आवश्यक विरुवाहरु रोपेर स्वस्थ वातावरण सिर्जना गर्न लगाउने<br>• हरियाली प्रवर्द्धनको परिचय दिइ महत्व बोध गराउने र निर्माण कार्यमा सहभागी गराउने | | | |

## विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण कक्षा - ७

| क्र.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रकिया | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रकिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १. | हाम्रो पञ्चेश्वर | ● गाउँसभाको परिचय तथा विभिन्न समितिवारे वताउन<br>● गाउँकार्यपालिकाको गठन तथा यस अन्तर्गका विभिन्न समितिहरु बारे बताउन<br>● गाउँपालिका अध्यक्ष र उपाध्यक्षको निर्वाचन विधि वताउन<br>● न्यायिक समिति को सामान्य परिचय दिन<br>● गाउँपालिका अर्न्तगतका विभिन्न शाखाहरुको नाम भन्न | गाउँपालिकाको प्रशासकीय संरचना<br>● गाउँसभा<br>● गाउँ कार्यपालिका<br>● गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र न्यायिक समिति<br>● विभिन्न शाखाहरु | ● गाउँसभाको सामान्य परिचय दिई यस अन्तर्गतका विभिन्न समिति बारे समूहमा छलफल गराउने र सहजीकरण गर्ने<br>● गाउँ कार्यपालिका गठन र यस अन्तर्गतका विभिन्न समिति बारे छलफल गराइ सहजीकरण गर्ने<br>● गाउँपालिका अध्यक्ष, उपाध्यक्षको निर्वाचन विधिबारे छलफल, प्रश्नोत्तर गराउने र न्यायिक समिति बारे सामान्य जानकारी गराउने<br>● विभिन्न शाखाहरु बारे छलफल गराई सहजीकरण गर्ने | विभिन्न चार्टहरु<br>नेपालको संविधान, २०७२<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ | प्रश्नोत्तर<br>अवलोकन<br>कक्षाकार्य | २२ |
| २. | सामाजिक मूल्यमान्यता र सकारात्मक व्यवहार | ● सामाजिक विभेद, लैङ्गिक विभेद, जातीय विभेद र आर्थिक विभेद को न्युनीकरण गर्न | ● सामाजिक विभेद<br>लैगिंक विभेद<br>जातीय विभेद<br>आर्थिक विभेद | ● सामाजिक, लैङ्गिक, जातीय र आर्थिक विभेद बिरुद्ध पोष्टरिङ्ग, सचेतना कार्यक्रम, ऱ्याली, सडक नाटक बाट | पोष्टर<br>चार्ट<br>चित्र | प्रश्नोत्तर<br>कक्षाकार्य<br>छलफल<br>अवलोकन | १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • धुम्रपान,मद्यपान,लागु औषधी जस्ता दुर्व्यसनहरुले समाजमा पार्ने नकारात्मक प्रभावहरु कम गर्न | • स्थानीय क्षेत्रमा हुने दुर्व्यसनहरु (धुम्रपान, मद्यपान,लागु औषधी आदि) | जनचेतनामूलक कार्य आदि गराउने<br>• विभिन्न विभेदबाट सिर्जित असरहरुका बारेमा छलफल गराउने<br>• धुम्रपान, मद्यपान, लागुऔषधी जस्ता दुर्व्यसनहरुले समाजमा पार्ने नकारात्मक प्रभाव र नियन्त्रण बारे छलफल गराउने | | | |
| ३. | हाम्रो धर्म संस्कृति तथा पर्यटन | • धार्मिक स्थलहरुको महत्व र संरक्षणका उपाय बताउन<br>• विभिन्न नाच (छलिया नाच, देउडा आदिको) महत्व र संरक्षण गर्न<br>• स्थानीय पर्यटकीय स्थलहरुको महत्व र संरक्षणमा स्थानीयहरुको भूमिका बताउन | • धार्मिक सम्पदा<br>• सांस्कृतिक सम्पदा<br>• पर्यटकीय स्थल | • धार्मिक स्थलहरुको वृतचित्र, फोटोहरु र सम्भव भएमा स्थलगत भ्रमण गराएर धार्मिक स्थलहरुको बारेमा छलफल गराइ महत्व र ती स्थलहरुको संरक्षणका उपायहरुबारे सहजीकरण गर्ने<br>• स्थानीय समुदायमा नाचिने मुख्य नाचको भिडियो प्रर्दशन गरी विभिन्न नाचको महत्व र अभ्यास गराउँदै संरक्षणमा विद्यार्थीको भूमिका प्रष्ट पार्ने<br>• स्थानीय स्तरमा भएका पर्यटकीय स्थलहरुको महत्व बोध गराउदै संरक्षणका उपायहरु स्पष्ट पार्ने | चार्टहरु<br>भिडियो<br>बाजाहरु | प्रश्नोत्तर<br>कक्षाकार्य<br>छलफल<br>अवलोकन | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | स्थानीय पेशा व्यवसाय र प्रविधि | • दलहनवालीको परिचय, महत्व र खेती कार्यमा सहयोग गर्न<br>• गाई, भैसी पालनको महत्व र पालनमा सहयोग गर्न<br>• स्थानीय स्तरमा सञ्चालित व्यवसायहरुको वर्गीकरण र महत्व वताउन<br>• स्थानीय प्रविधि ( ठेकी, मदानी, कोल, हलो, पानीघट्ट आदिको) महत्व र प्रयोग गर्न | • कृषि दलहनबाली ( केराउ, चना, मटर, भटमास )<br>• पशुपालन गाईपालन र भैंसीपालन<br>• स्थानीय व्यवसाय र प्रविधि ( व्यवसायको किसिम: साना, मझौला र ठूला व्यवसाय)<br>• स्थानीय प्रविधि (ठेकी, मदानी, पानीघट्ट, हलो, सुधारिएको चुलो आदि) | • विभिन्न चार्टहरु देखाइ दलहनबालीको वारेमा छलफल गराइ केराउ,चना,मटर,गहत, भटमासको परिचय, महत्व र खेती गर्ने तरिका बताउने<br>• स्थानीय स्तरमा पालिने गाई, भैंसीको बारेमा छलफल गर्न लगाइ तिनीहरुको महत्व र पालन गर्ने तरिकाबारे जानकारी गराउने<br>• स्थानीय स्तरमा रहेका व्यवसायहरु टिपोट गरी वर्गीकरण गर्न लगाउने र महत्व वताउने<br>• स्थानीय प्रविधि (ठेकी, मदानी, पानीघट्ट, हलो, कोल आदि) को महत्व बारे छलफल गरी प्रयोग गर्न लगाउने | चार्टहरु<br>चित्र<br>सङ्कलित सामग्री | प्रश्नोत्तर<br>छलफल<br>कक्षाकार्य | १४ |
| ५. | फलफूल तथा तरकारी खेती | • सुन्तला खेतीको परिचय, जात, विशेषता र बगैंचा व्यवस्थापन बारे बताउन<br>• मलखाद तथा सिंचाइ र भण्डारण बारे बताउन | • सुन्तला खेती परिचय,जात, विशेषता, बगैंचा व्यवस्थापन,मलखाद तथा सिंचाइ र भण्डारण,<br>• सुन्तला खेतीमा लाग्ने रोगकिरा नियन्त्रण | • सुन्तलाको परिचय, जात, विशेषता, बगैंचा व्यवस्थापन, मलखाद तथा सिंचाइ, भण्डारण, लाग्ने रोगकिरा र नियन्त्रण सम्बन्धी कक्षामा छलफल गराउने<br>• गोलभेडाको परिचय, वर्गीकरण, लगाउने तरिका | चित्र<br>सङ्कलित सामग्रीहरु | प्रश्नोत्तर<br>छलफल<br>अवलोकन | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • सुन्तला भण्डारण र लाग्ने रोगकिरा सम्बन्धी जानकारी लिन<br>• गोलभेडाको परिचय, वर्गीकरण, लगाउने तरिका र काँटछाँट बारे बताउन<br>• गोलभेडाको लागि मलखाद तथा सिंचाइ व्यवस्थापन गर्न<br>• गोलभेडा भण्डारण र रोगकिरा नियन्त्रण गर्न | • गोलभेडा परिचय, बर्गीकरण, लगाउने तरिका, काँटछाँट, मलखाद तथा सिंचाइ, भण्डारण, रोगकिरा नियन्त्रण | काँटछाँट, मलखाद तथा सिंचाइ, भण्डारण, रोगकिरा नियन्त्रण सम्बन्धी कक्षामा समूहगत छलफल गराइ सहजीकरण र अभ्यास गराउने | | | |
| ६. | स्वस्थ जीवनशैली | • स्वस्थ जीवन शैलीबारेमा परिचित भई सो अनुसार आचरण गर्न<br>• मौसम अनुसारको खाना, साग तरकारी तथा फलफूलको पहिचान र प्रयोग गर्न<br>• सन्तुलित भोजनको अवधारणा बारे परिचित भई दैनिक भोजनलाई सन्तुलित बनाउन<br>• स्वस्थकर खानाको पहिचान गर्न | • स्वस्थ जीवनशैली<br>• स्वस्थकर आहार | • विद्यार्थीहरुलाई स्वस्थकर जीवनशैलीका लागि अपनाउनु पर्ने क्रियाकलापहरुको सूची तयार गर्न लगाउने र शिक्षकले स्वस्थ जीवनशैलीसँग सम्बन्धित चार्ट, पोष्टर, भिडियो प्रर्दशन गर्ने<br>• विद्यार्थीहरुलाई आफ्नो परिवेशमा मौसम अनुसार फल्ने साग तरकारीहरुको सूची तयार गर्न लगाई यसको महत्व र प्रयोग बारे छलफल गराउने | भिडियो<br>चार्टहरु<br>चित्र<br>सङ्कलित सामग्री | प्रश्नोत्तर<br>छलफल<br>कक्षाकार्य | १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● औषधिको गुण भएका मसलाहरुको पहिचान गर्न | | ● दैनिक रुपमा विद्यार्थीहरुले ग्रहण गर्ने भोजनहरुको सूचि तयार गर्न लगाउने र उक्त सूची अनुसार मानिसलाई आवश्यकता अनुसार पौष्टिक तत्व प्राप्त भए, नभएको सुनिश्चित गराउने<br>● आफ्नो परिवेशमा प्राप्त हुने औषधीको गुण भएका मसालाहरुको सूची तयार गर्न लगाउने | | | |
| ७. | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | ● भुकम्पको परिचय, पूर्वतयारी र सुरक्षित स्थलको पहिचान गर्न<br>● सुरक्षित घरको लागि विद्यार्थीको भुमिका उल्लेख गर्न<br>● बाढी, पहिरो ,आगलागी र सडक दुर्घटनाको जोखिम पहिचान गर्न र सावधान हुन<br>● गाउँपालिका भित्र पर्ने सामुदायिक वनको परिचय दिन र महत्व वताउन<br>● हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक | ● भुकम्प परिचय,पूर्व तयारी, सुरक्षित स्थलको पहिचान, सुरक्षित घरको लागि विद्यार्थीको भुमिका<br>● बाढी, पहिरो, आगलागी र सडक दुर्घटना<br>● हाम्रो वातावरण<br>● हरियाली प्रवर्द्धन | ● समुहमा भुकम्पको परिचय, असर, पुर्वतयारी बारे छलफल गराउने<br>● समुहमा सुरक्षित स्थलको पहिचान, सुरक्षित घरको महत्व, निर्माण, विशेषता, बारे जानकारी गराई विद्यार्थीको भुमिका बारे छलफल गराउने<br>● बाढी, पहिरो, आगलागी र सडक दुर्घटनाको जोखिम र सोबाट जोगिन अपनाउनु पर्ने सावधानी बारे विभिन्न पोष्टर देखाउँदै छलफल गराउने<br>● विद्यार्थीहरुको समूहमा सामुदायिक वनको बारेमा | भिडियो<br>पोस्टर<br>फोटोहरु<br>चार्ट वस्तु प्रदर्शन | प्रश्नोतर<br>छलफल<br>अवलोकन<br>कक्षा कार्य | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आधारभूत पक्षहरु वर्णन गर्न<br>● हरित विद्यालय तथा दिगो विकास बिच अन्तरसम्बन्ध व्याख्या गर्न | | छलफल गराउदै महत्व बताउने<br>● हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु बारे छलफल गराउने<br>● हरित विद्यालय तथा दिगो विकास बिच अन्तरसम्बन्ध बारे छलफल गराई व्याख्या गर्ने | | | |

| विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण  कक्षा - ८ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
| १. | हाम्रो पञ्चेश्वर | • गाउँसभाको गठन विधि वताउन<br>• गाउँसभाको काम, कर्तव्य र अधिकारहरुको सूची तयार गर्न<br>• गाउँ कार्यपालिकाको गठन विधि बताउन<br>• गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकारको सूची बनाउन<br>• गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकार वर्णन गर्न<br>• गाउँपालिका भित्र सञ्चालित विभिन्न गौरवका आयोजना र परियोजनाहरु बारे वर्णन गर्न | • गाउँसभाको गठन, काम, कर्तव्य र अधिकार<br>• गाउँ कार्यपालिकाको गठन, काम, कर्तव्य र अधिकार<br>• गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकार<br>• गाउँपालिका भित्र सञ्चालित विभिन्न गौरवका आयोजना र परियोजनाहरु | • गाउँसभाको गठन विधि लेखिएको चार्ट प्रस्तुत गरी छलफल गराउने<br>• गाउँसभाको काम, कर्तव्य र अधिकार बारे छलफल गरी सूची बनाउन लगाउने<br>• गाउँ कार्यपालिकाको गठन विधि, काम, कर्तव्य र अधिकार सम्बन्धी छलफल गराउने<br>• गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार बारे छलफल गराउने र सूची तयार पार्न लगाउने<br>• गाउँपालिका भित्र सञ्चालित विभिन्न गौरवका आयोजना र | चार्टहरु<br>नेपालको संविधान, २०७२<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ | प्रश्नोत्तर<br>कक्षाकार्य<br>अवलोकन | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | परियोजनाहरु बारे छलफल गराउने | | | |
| २. | सामाजिक मूल्य, मान्यता र सकारात्मक व्यवहार | • स्थानीय समुदायमा रहेका घरेलु हिंसा, छुवाछुत, भेदभाव, अन्धविश्वास जस्ता सामाजिक समस्याहरुको सूची बनाउन<br>• सामाजिक समस्या र विकृति समाधानका उपाय (जनचेतना, कानुनको परिपालन मेलमिलाप) बताउन<br>• सामाजिक समस्या समाधानमा विद्यार्थीहरुको भूमिका वर्णन गर्न | • सामाजिक समस्या घरेलु हिंसा छुवाछुत भेदभाव अन्धविश्वास<br>• सामाजिक समस्या र विकृति समाधानका उपाय<br>• सामाजिक समस्या समाधानमा विद्यार्थीहरुको भूमिका | • समुदायमा रहेका सामाजिक समस्याहरु विद्यार्थीहरुलाई भन्न लगाई छलफल गराउने र सूची बनाउन लगाउने<br>• विद्यार्थीहरुलाई सामाजिक समस्या र विकृति समाधानका उपायमा छलफल गराइ बुँदा टिप्न लगाउने<br>• विद्यार्थीहरुको समूहमा सामाजिक समस्या समाधानमा उनीहरुको भूमिका बारे छलफल गराउने | चार्टहरु | प्रश्नोत्तर<br>छलफल<br>अवलोकन<br>कक्षाकार्य | १४ |
| ३. | हाम्रो धर्म, संस्कृति तथा पर्यटन | • धार्मिक स्थलहरुको महत्व, संरक्षण र व्यवस्थापन गर्न<br>• स्थानीय स्तरमा रहेका परम्परागत सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्न<br>• पर्यटकीय स्थलहरुको महत्व र संरक्षणमा विद्यार्थीहरुको भूमिका बताउन | • धार्मिक सम्पदा<br>• सांस्कृतिक सम्पदा<br>• पर्यटकीय स्थल | • धार्मिक स्थलहरुको महत्व, संरक्षण र व्यवस्थापन बारे समूहमा छलफल गराउने र लेख्न लगाउने<br>• स्थानीय स्तरमा बजाइने बाजाहरु टिपोट गर्न लगाई तिनीहरुको संरक्षण र प्रवर्द्धन सम्बन्धमा छलफल गर्न लगाउने<br>• पर्यटकीय स्थलहरुको महत्व बोध गराउदै | चार्टहरु<br>भिडियो | प्रश्नोत्तर<br>कक्षाकार्य<br>छलफल<br>अवलोकन | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | संरक्षणमा विद्यार्थीहरुको भूमिका बारेमा छलफल गराउने | | | |
| ४. | स्थानीय पेशा व्यवसाय र प्रविधि | • स्थानीय पेशा र पेशागत शिक्षाको परिचय र महत्व बताउन<br>• पेशा र पेशागत शिक्षाको अन्तरसम्बन्ध बताउन<br>• स्थानीय स्तरमा गरिने पेशाको बर्गीकरण गरी सूची तयार पार्न<br>• कृषि क्षेत्रसँग सम्बन्धित पेशा र जनशक्तिको परिचय र काम बताउन<br>• व्यवसाय छनौट प्रकिया बताउन<br>• उद्यमशील शिक्षाको परिचय बताउन<br>• व्यवसाय सञ्चालनको कार्यढाँचा तयार गर्न<br>• स्थानीय प्रविधि( ठेकी, मदानी, पानीघट्ट, हलो, वर्षाको पानी सङ्कलन विधि आदि) को प्रकिया भन्न र तिनीहरुको प्रयोग गर्न | • पेशा र पेशागत शिक्षा<br>• पेशा र पेशागत शिक्षाको अन्तरसम्बन्ध<br>• पेशाको वर्गीकरण<br>• कृषि क्षेत्रसँग सम्बन्धित पेशा र जनशक्ति<br>• व्यवसाय छनौट प्रकिया<br>• उद्यमशील शिक्षा<br>• व्यवसाय सञ्चालन कार्यढाँचा<br>• स्थानीय प्रविधि (ठेकी, मदानी, पानीघट्ट, हलो, वर्षाको पानी सङ्कलन) | • स्थानीय पेशा र पेशागत शिक्षा बारे समूहमा छलफल गरी महत्व भन्न लगाउने<br>• पेशा र पेशागत शिक्षाको अन्तर सम्बन्ध बारे कक्षाकार्य गर्न लगाई स्पष्ट पार्ने<br>• स्थानीय स्तरका पेशाको सूची बनाउन लगाई वर्गीकरण गर्न लगाउने<br>• कृषि क्षेत्रसँग सम्बन्धित पेशा बारे छलफल गराई कृषि विज्ञ र पशु विज्ञको काम कर्तव्य बारे लेख्न लगाउने<br>• कक्षा कार्यमा व्यवसाय छनौट प्रकिया बारे छलफल गराउने<br>• उद्यमशील शिक्षा बारे छलफल गराउने<br>• कक्षा कार्यमा व्यवसाय सञ्चालन कार्यढाँचा तयार गर्न सहजीकरण गर्ने | विभिन्न चार्टहरु सङ्कलित सामग्री | प्रश्नोत्तर कक्षाकार्य अवलोकन | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • स्थानीय प्रविधिको परिचय दिइ प्रयोगात्मक अभ्यास गराउने | | | |
| ५. | फलफूल तथा तरकारी खेती | • स्थानीय र उन्नत जातका फलफूलहरुको पहिचान गर्न<br>• फलफूलका विरुवाको काँटछाँट गर्ने तरिका र फाइदा बताउन<br>• फलफूल भण्डारण तथा संरक्षण बारेमा ज्ञान र सिप हासिल गर्न<br>• फलफूलमा लाग्ने रोगकिरा पहिचान तथा नियन्त्रण गर्ने तरिका बताउन<br>• फलफूल खेतीको योजना बनाउन<br>• मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन<br>• थोपा सिंचाइको परिचय, प्रयोग र फाइदा भन्न<br>• कम्पोष्ट मल बनाउने तरिका र प्रयोग बताउन | फलफूल खेती<br>• स्थानीय र उन्नत जातका फलफूलको पहिचान<br>• फलफूलका बिरुवाको काँटछाँट र फाइदा<br>• फलफूल संरक्षण र भण्डारण गर्ने तरिका<br>• फलफूलमा लाग्ने रोगकिरा पहिचान तथा नियन्त्रण<br>• फलफूल खेतीको योजना (साना परिमाणको फलफूल खेती, क्षेत्रफल, फलफूलको छनौट, लगाउने तरिका, गोडमेल र सिंचाइ व्यवस्था, अनुमानित खर्च)<br>तरकारी खेती | • स्थानीय र उन्नत जातका फलफूलको बारेमा समूहमा छलफल गर्न लगाउने<br>• फलफूलका बिरुवाको काँटछाँट गर्ने तरिका र फाइदाहरुका बारेमा छलफल गरी तालिका बनाउन लगाउने<br>• फलफूल भण्डारण र संरक्षणको स्थलगत अवलोकन गराउने<br>• फलफूलमा लाग्ने किरा र नियन्त्रण गर्ने तरिका ( गौंत, साबुन पानी, सूर्तीको झोल, निमको झोल, तितेपाती आदि) को प्रयोग बारेमा बताउने<br>• समूहमा छलफल गराएर फलफूल खेतीको योजना बनाउन लगाउने<br>• समुदायमा भएका मौसमी तथा बेमौसमी हिउदे तथा वर्षे तरकारी | चार्टहरु<br>पोष्टरहरु<br>सङ्कलित सामग्री<br>भ्रमणका क्रममा हेरिने वास्तविक सामानहरु | प्रश्नोत्तर<br>कक्षाकार्य<br>अवलोकन | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • तरकारीको बिउ उत्पादन र भण्डारण गर्ने तरिका लेख्न<br>• तरकारीमा लाग्ने रोगकिरा पहिचान गरी नियन्त्रण गर्न | • मौसमी र बेमौसमी तरकारी खेतीको परिचय<br>• थोपा सिंचाइको परिचय र प्रयोग<br>• कम्पोष्ट मल बनाउने तरिका र प्रयोग<br>• तरकारीको बिउ उत्पादन र भण्डारण<br>• रोगकिरा नियन्त्रण | संकलन गरी कक्षामा छलफल गर्न लगाउने<br>• पोलिहाउस अवलोकन गराएर थोपा सिंचाइको प्रयोग, महत्व र फाइदा बारे छलफल गराउने ।<br>• कम्पोष्ट मल बनाउने तरिका र प्रयोग बारेमा छलफल गराइ बताउने र घरमा अभ्यास गर्न लगाउने<br>• तरकारीको बिउ उत्पादन र भण्डारण गर्ने तरीका बारे छलफल गरी लेख्न लगाउने<br>• किरा तथा रोग लागेका तरकारीहरुको नमुना संकलन गरेर कक्षामा छलफल गर्न लगाइ नियन्त्रण र रोकथामका उपाय बताउने | | | |
| ६ | स्वस्थ्य जीवनशैली | • स्वस्थ र पोषिलो खानाको सूची तयार गर्न<br>• स्वस्थ र पोषिलो खानाको महत्व बताउन | • स्वस्थ र पोषिलो खानाको तयारी र प्रयोग<br>• योग र शारीरिक अभ्यास | • दैनिक रुपमा खाइने खानाको सूची प्रस्तुत गर्न लगाउने र ती मध्ये स्वस्थ र पोषिलो | चार्टहरु सङ्कलित सामग्री | पश्नोत्तर कक्षाकार्य अवलोकन | १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● स्वस्थ र पोषिलो खाना बनाउने तरिका भन्न<br>● स्वस्थ र पोषिलो खानाको प्रयोग गर्न<br>● स्वस्थ जीवनशैली अपनाउन योग र शारीरिक अभ्यास गर्न | | खानाको सूची तयार गर्नमा सहजीकरण गर्ने<br>● स्वस्थ र पोषिलो खानाको महत्व बारेमा छलफल गराउने<br>● स्वस्थ र पोषिलो खाना तयार गर्ने तरिका र प्रयोग बारे छलफल गराउने<br>● शिक्षकले योग तथा विभिन्न शारीरिक अभ्यासहरु प्रदर्शन गरी विद्यार्थीहरुलाई प्रयोगात्मक रुपमा अभ्यास गराउने | | | |
| ७. | विपद् व्यवस्थापन वातावरण र हरित विद्यालय | ● विपद्को परिचय दिन<br>● प्राकृतिक र मानव सिर्जित विपद् बारे बताउन<br>● प्राकृतिक र मानव सिर्जित विपद्को असर र प्रभाव बताउन<br>● विपद्बाट हुने जोखिम पहिचान गर्न र बच्ने उपाय बताउन<br>● कृतिम घटना अभ्यास गर्न | विपद्<br>● परिचय<br>● विपद्को किसिम( प्राकृतिक र मानव सिर्जित )<br>● प्राकृतिक र मानव सिर्जित विपद्को जोखिम पहिचान (छतबाट खस्नु, भऱ्याङ, चिपलेटी, पिङ, झ्यालढोका फर्निचरबाट लडनु | ● विपद् बारे विद्यार्थीहरु बिच छलफल गराउने<br>● प्राकृतिक र मानव सिर्जित विपद् बारे छलफल गराई विपद्को असर र प्रभाव स्पष्ट पार्ने<br>● स्थानीय जोखिमको पहिचान गरी बच्ने उपायबारे छलफल गराउने<br>● कृतिम घटना अभ्यास गराउने | चार्टहरु<br>फोटो<br>तालिका<br>कृतिम अभ्यास सामग्री | प्रश्नोत्तर<br>कक्षाकार्य<br>अवलोकन | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● पञ्चेश्वर गाउँपालिकाभित्र रहेका सामुदायिक वनको सूची बनाउन<br>● सामुदायिक वनमा पाइने वनस्पतिको संरक्षणमा स्थानीय सरकारको भूमिका बताउन<br>● हरित विद्यालयको परिचय, आवश्यकता र महत्व बताउन<br>● बालबगैँचाको परिचय र महत्व बताउन | आदि) र विपद् बाट बच्ने उपाय<br>● कृतिम घटना अभ्यास<br>● हाम्रो वातावरण<br>● हरित विद्यालय ( बालबगैँचा) | ● सामुदायिक बनमा पाइने बनस्पतिको संरक्षणका उपाय र सो कार्यमा स्थानीय सरकारको भूमिकाबारे छलफल गराउने<br>● हरित विद्यालयको परिचय, आवश्यकता, महत्व बारे छलफल गराउने र निष्कर्षमा पुग्ने<br>● बालबगैँचाको परिचय र महत्व बारे छलफल गराइ बालबगैँचा निर्माणको अभ्यास गराउने । | | | |

## ६.सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

पञ्चेश्वर गाउँपालिकाको स्थानीय पाठ्यक्रममा स्थानीय महत्वका विभिन्न ७ वटा क्षेत्रहरुलाई समावेश गरिएको छ। सिकाइ सहजीकरणमा यी सातवटै क्षेत्रहरुलाई समान महत्व दिनुपर्ने हुन्छ। यस पाठ्यक्रममा स्थानीय महत्वका विषयवस्तु समावेश गरिएकोले कक्षाभित्र वा कक्षाबाहिर आफ्नो गाउँ, टोल, समुदाय र गाउँपालिका क्षेत्रमा गएर सिकाइ सहजीकरण गराउन सकिन्छ। कक्षाकोठामा मात्र जोड नदिइ विद्यार्थीहरुलाई आफ्नो परिवेश अनुसारका ज्ञान, सीप र प्रतिभाका विषयवस्तुहरु खोजेर ल्याउन प्रोत्साहन गर्नुपर्दछ। विद्यार्थीको रुची, क्षमताका साथै शिक्षकले वार्षिक शैक्षणिक योजना, त्रैमासिक, एकाइ र दैनिक पाठयोजना निर्माण गरी सिकाई सहजीकरण गर्नुपर्दछ। विद्यार्थीहरुलाई स्थानीय विषयवस्तुसँग सम्बन्धित कार्य क्षेत्रमा सहभागि गराइ प्रयोगात्मक अभ्यास गराउन सकिन्छ। स्थानीय विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने सम्भाव्य सिकाइ सहजीकरणका विधिहरु निम्नअनुसार रहेका छन्। यी विधिहरु नमुनाका रुपमा दिइएकोले शिक्षकले परिस्थिति अनुकुल विधि तथा प्रक्रिया छनौट गरी सिकाइ सहजीकरण गर्नुपर्दछ।

- प्रश्नोत्तर
- छलफल
- प्रदर्शन
- अवलोकन
- अभिनय
- समस्या समाधान
- परियोजना कार्य
- स्थलगत भ्रमण, अवलोकन र अभ्यास
- सोधखोज

विद्यार्थीहरु विभिन्न योग्यता, क्षमता तथा व्यक्तिगत भिन्नताका हुने हुदाँ सबै परिवेशमा एकै खालको सिकाइ सहजीकरण सम्भव नहुन सक्छ। त्यस कारण शिक्षकले बहु बौद्धिकताको सिद्धान्तका (Multiple Intelligence Theory) आधारमा विद्यार्थीको रुची र क्षमताअनुसार सिकाई सहजीकरण क्रियाकलापमा विविधता कायम गर्नु पर्दछ। स्थानीय पाठ्यक्रमका विषयवस्तु स्थानीय परिवेश र व्यवहारिक जीवनसँग बढी सम्बन्धित भएकाले प्रयोगात्मक र व्यवहारिक अभ्यास जस्ता क्रियाकलापहरुमा विशेष जोड दिनु पर्दछ। स्थानीय पाठ्यक्रममा स्थानीय विषयवस्तु समावेश गरिएकोले उक्त विषयका जानकार स्थानीय विज्ञ, पेसाकर्मी र सरोकारवाला अन्यलाई कक्षाकोठामा सहजीकरणका लागि विषय विज्ञका रुपमा आमन्त्रण गर्न सकिन्छ। सिकाइ सहजीकरणको केन्द्रविन्दु विद्यार्थी भएकाले सिकाई सहजीकरण गर्दा विद्यार्थी केन्द्रित गरी विद्यार्थीको सहभागितालाई विशेष जोड दिनु पर्दछ। सिकाइ सहजीकरणका क्रममा सिकारुको सिकाइ स्तरलाई ध्यान दिइ सिकारुका सबल पक्ष र कमजोरीलाई राम्रो सँग पत्ता लगाई सुधार गर्न सहयोग गर्नु पर्दछ।

## ७. विद्यार्थी मूल्याङ्कन

स्थानीय पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ उपलब्धि र सक्षमताहरु हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमबाट मूल्याङ्कन गरिनेछ। निर्माणात्मक मूल्याङकनको मुख्य उद्देश्य विद्यार्थीलाई निरन्तर रुपमा पृष्ठपोषण प्रदान गरी सिकाइमा सुधार गर्नु हो भने निर्णयात्मक मूल्याङकनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धिलाई औपचारिक रुपमा प्रमाणीकरण गर्नु हो। मुल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिको मात्र लेखाजोखा नगरी समग्र शैक्षिक कार्यक्रमको समेत लेखाजोखा गर्ने हुँदा मूल्याङकन समग्र शैक्षिक कार्यक्रमको अभिन्न अङगका रुपमा रहेको हुन्छ। निर्माणात्मक मूल्याङ्कन गर्दा मूल्याङकनका विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्न सकिन्छ। निर्माणात्मक मूल्याङकनका साधनहरुमा कक्षाकार्य, गृहकार्य, अवलोकन,

परियोजना कार्य, मौखिक परीक्षा, कार्य सञ्चयीका, व्यवहार परिर्वतन, विभिन्न किसिमका एकाइ तथा त्रैमासिक परीक्षाहरु, आत्म मूल्याङकन तथा सहपाठी मूल्याङकन आदि जस्ता साधनहरु पर्दछन ।

विद्यार्थी मूल्याङ्कन गर्दा निर्धारित सिकाइ उपलब्धि हासिल गरे नगरेको सुनिश्चित गर्न विद्यार्थीको कक्षाकार्य अवलोकन, गृहकार्य अवलोकन, समस्या समाधान क्षमताको अवलोकन, व्यवहार अवलोकन, मौखिक तथा लिखित परीक्षा, एकाइ परीक्षा, लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजुसूची, श्रेणी मापन, व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्न प्रश्नावलीहरु निर्माण, परियोजना कार्य, प्रयोगात्मक कार्य, आदि जस्ता साधनहरु विकास गर्नु पर्दछ। उल्लेखित साधनका माध्यमबाट विद्यार्थी सहभागिता र उपलब्धिको स्तर हेरी सिकाइ उपलब्धि हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरे पश्चात पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ। पटकपटक सुधारात्मक सिकाइको अवसर प्रदान गर्दा पनि न्यूनतम सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइ सहजीकरणको योजना निर्माण गरी त्यस्ता विद्यार्थीको सिकाइ स्तरमा वृदि गर्न सहयोग गर्नुपर्दछ ।

## क) आन्तरिक मूल्याङ्कन

स्थानीय विषयको मूल्याङ्कनको अङकको निश्चित भार आन्तरिक मूल्याङकनका रुपमा अभिलेखिकरण गर्नुपर्दछ । यसका लागि आन्तरिक मूल्याङकनको अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चियीका (Portfolio) निर्माण गर्नुपर्दछ। स्थानीय पाठ्कममा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङक आन्तरिक मूल्याङकनको रुपमा समावेश गरी मूल्याङ्कन गरिनेछ ।

| सि.नं. | मुल्याङ्कनका पक्ष | अंक |
|---|---|---|
| १. | सहभागिता | ४ |
| २. | प्रयोगात्मक /परियोजना | ३६ |
| | • प्रयोगात्मक तथा परियोजना कार्यको तयारी योजना | ६ |
| | • प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | • परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | • अन्तर्वार्ता | ४ |
| ३. | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

निर्णयात्मक मूल्याङकनको कूल भारको ५० प्रतिशत आन्तरिक मूल्याङकनका रुपमा निर्माणात्मक मूल्याङकनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

## ख)आवधिक मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै विषयवस्तुहरुबाट समेटिएको हुनुपर्नेछ। स्थानीय विषयको परीक्षामा विशेष गरेर ज्ञान, बोध, प्रयोग र उच्च दक्षतामा आधारित प्रश्नहरु समावेश हुनेछन । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि अनुरुप ज्ञान, सिप र अभिवृद्धि प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिनेछ। अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा यसै पाठ्यक्रममा तोकिएको कक्षा ६-८ को स्थानीय विषयको विशिष्टीकरण

तालिकाका आधारमा गरिनेछ । उक्त विशिष्टीकरण तालिकाका आधारमा अन्तिम परीक्षाको (५० पूर्णाङ्कको) प्रश्नपत्र बनाइ मूल्याङ्कन गर्नुपर्ने छ ।

द्रष्टव्य :

- सहभागिता अर्न्तगत २ अंकभार हाजिरी र २ अंकभार सिकाइ सक्रियताको आधारमा गरी जम्मा ४ अंकभार निर्धारण गरिएको छ ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट प्रदान गर्नु पर्नेछ ।
- एक शैक्षिक सत्रमा सुरुदेखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टिकरण तालिका अनुसार मूल्याङ्कन गर्नुपर्ने छ ।
- बार्षिक रुपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार मध्ये सहभागिता ४, परियोजना कार्य/प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १० को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको आधारमा अन्तिम ग्रेड निकाली विषयको ग्रेड निकाल्नु पर्नेछ । यसको लागि 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' (संशोधन सहित) को आधारमा औसत ग्रेड पोइन्ट (Grade Point Average –GPA)कायम हुने गरी ग्रेडसिट तयार गर्नुपर्ने छ ।
- विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरुका लागि उपयुक्त मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङकन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री र स्पर्शात्मक सामग्री उपयोग गर्नु पर्नेछ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङकेतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिनाइ स्तर अनुसार मूल्याङ्कन गर्नु पर्नेछ ।

## अनूसूची १

# विशिष्टिकरण तालिका

कक्षा: ६-८

विषय : हाम्रो पञ्चेश्वर पूर्णाङ्क: ५०

| क्र. सं. | क्षेत्र | कार्य घण्टा | प्रश्न संख्या | | | | | | | | | एकाइ अनुसार अंक विभाजन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अति छोटो | | | छोटो | | | लामो | | | |
| | | | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सीप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सीप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सीप | उच्च दक्षता | |
| १. | हाम्रो पञ्चेश्वर | १८ | १ | | | १ | १ | | | | | ७ |
| २. | सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार | १६ | | १ | | | | | | | १ | ६ |
| ३. | हाम्रो धर्म, संस्कृति र पर्यटन | १६ | | | १ | | | | १ | | | ६ |
| ४. | स्थानीय पेशा, व्यवसाय र प्रविधि | १८ | | १ | | | १ | १ | | | | ७ |
| ५. | फलफूल तथा तरकारी खेती | १८ | १ | | | १ | १ | | | | | ७ |
| ६. | स्थानीय खेलकुद तथा स्वस्थ्य जीवनशैली | १८ | | | १ | १ | | १ | | | | ७ |
| ७ | विपद व्यवस्थापन, वातावरण र हरित विद्यालय | २४ | १ | १ | | | | १ | | | १ | १० |
| | जम्मा | १२८ | ८X१=८ | | | ९X३=२७ | | | ३X५=१५ | | | |

## सन्दर्भ सामग्रीहरु

१- आधारभूत तह (कक्षा १-३ ) को पाठ्यक्रम २०७६,पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

२- आधारभूत शिक्षा (कक्षा ४-५) पाठ्यक्रम २०७८, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

३- आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

४- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

५- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गर्दशन(मातृभाषा सहित) २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर